सुन्दर, शान्त, समृद्ध र सभ्य बगनासकाली गाउँको सार ।
आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार विकासको दिगो आधार ॥

# बगनासकाली आवाज

वर्ष - ५ अङ्क - १ पूर्णाङ्क - १४ आ.व.२०७८/०७९










१४

बगनासकाली गाउँपालिका
प्रकाशक | गाउँ कार्यपालिकाको कार्यालय
चिर्तुङ्गधारा, पाल्पा

# वडा कार्यालयहरू


१


२



३


४



५


६


७



८


९



# बगनासकाली आवाज

## बुलेटिन


वर्ष ५ | अंक १ | पूर्णाङ्क १४ | आ.व.२०७८/०७९

**संरक्षक**

कृष्ण प्रसाद बस्याल

अध्यक्ष

**सल्लाहकार**

सरस्वती दर्लामी (चिदी)

उपाध्यक्ष

लक्ष्मीप्रसाद अधिकारी

प्रवक्ता

**प्रधान सम्पादक**

विष्णु घर्ती 'भनभनेली'

प्रमुख प्रशासकीय अधिकृत

gharti.bg@gmail.com

**प्रबन्ध सहयोग**

मणिराम अधिकारी/हरिहर गैरे

maniramadhikari94@gmail.com

**सम्पादक/ग्राफिक्स**

भोजराज भट्टराई

palpali.bhoju@gmail.com

**मुद्रण:**

**कैलाशनगर पब्लिकेशन प्रा.लि.**

तानसेन, पाल्पा (०७५-५२०६०१)

**लेआउट/सेटिङ्ग:**

**दर्लम महाकाली मिडिया**

बुटवल, रुपन्देही (९८४७००३४४०)

**प्रकाशक:**

बगनासकाली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

चिर्तुङ्गधारा, पाल्पा, लुम्बिनी प्रदेश, नेपाल

E-mail:info@bagnaskalimun.gov.np

bagnaskali.rural@gmail.com

Web:baganaskalimun.gov.np




## यस बुलेटिनमा समावेश गरिएका विषयवस्तुहरू


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | विभिन्न व्यक्तित्वका लेखरचनाहरू | ..... |
| २. | अर्धवार्षिक शाखागत वार्षिक प्रगति विवरणहरू | .... |
| ३. | हालसम्म स्वीकृत भएका कानुनहरूको विवरण | ..... |
| ४. | .................. | ... |
| ५. | ............... | ... |
| ६. | .................... | ... |
| ७. | ....................... | .... |
| ८. | आवश्यक सम्पर्क नम्बरहरू | .... |
| ९. | मिडिया कभरेज | .... |
| १०. | छापा तथा अनलाईनमा कभरेज सामाग्री | ....... |
| ११. | विभिन्न गतिविधिका तस्वीरहरु | ...... |


## आवरण तस्वीरहरू

# स्वास्थ्य संस्थाहरू



चिर्तुङ्गधारा स्वास्थ्य चौकी, बगनासकाली-१


पोखराथोक स्वास्थ्य चौकी, बगनासकाली-२


नायरनम्तलेस स्वास्थ्य चौकी, बगनासकाली-३



खानीछाप स्वास्थ्य चौकी, बगनासकाली-४


दर्लमडाँडा स्वास्थ्य चौकी, बगनासकाली-५


यम्घा स्वास्थ्य चौकी, बगनासकाली-६


खानीगाउँ स्वास्थ्य चौकी, बगनासकाली-७


बराङ्गदी स्वास्थ्य चौकी, बगनासकाली-८


चापपानी स्वास्थ्य चौकी, बगनासकाली-७


दर्पुक सामुदायिक इकाई, बगनासकाली-१

# गाउँ कार्यपालिकाका पदाधिकारीहरू



कृष्णप्रसाद बस्याल
अध्यक्ष
९८५७०६०७५०



सरस्वती दर्लामी (चिदी)
उपाध्यक्ष
९८४७०४२२६६

प्रमुख प्रशासकीय अधिकृत
सदस्य सचिव
९८५७०६८८६८

# वडा अध्यक्षहरू



लक्ष्मीप्रसाद अधिकारी
प्रवक्ता/वडा नं. ६ यम्घा
९८६७२१४६५८



सोमबहादुर फेंडी
वडा नं. १ चिर्तुङ्गधारा
९८४७३३६८५९



टेकनाथ शर्मा (गहिरे)
वडा नं. २, पोखराथोक
९८५७०३३५६१



टीकाबहादुर थापा
वडा नं. ३, नायर
९८४७०४५१७३



हुतमान सिंह दर्लामी
वडा नं. ४, खानीछाप
९८४७५२५२१५



इश्वरकुमार राना
वडा नं. ५, दर्लमडाँडा
९८५७०६२११८



गुनबहादुर बुढाथोकी
वडा नं. ७ खानीगाउँ
९८६७९५२११२



गणेशप्रसाद बस्याल
वडा नं. ८ यम्घा
९८६७०४१२७४



ठानेश्वर तिमिल्सिना
वडा नं. ९ चापपानी
९८५७०६०११८

# कार्यपालिका सदस्यहरू



पविसरा दर्लामी
वडा नं. ४ खानीछाप
९८४७१७१७२७



खुमादेवी भट्टराई
वडा नं. ५ दर्लमडाँडा
९८४७३४७५०७



बसन्ती थापा
वडा नं. ३ नायर
९८४७२२६२५८



सीता नेपाली
वडा नं. २ पोखराथोक
९८४७११७५१६



तेजप्रसाद रसाली
वडा नं. ३ नायर
९८१५४९३११९



बिजुली ब. विश्वकर्मा
वडा नं. ६ यम्घा
९८४७०९८९९०

# गाउँसभा सदस्यहरु


खुमकान्ति राना, वार्ड १
९८४७०४३०८८


हेमा सार्की, वार्ड १
९८४७११५३९९


कुलप्रसाद ढुङ्गाना, वार्ड १
९८४७१००३२०


मानबहादुर राना, वार्ड १
९८४७१४००६४


सीता कुमारी गहिरे, वार्ड २
९८४७१४००६४


तुल्सीराम बस्याल, वार्ड २
९८४७०९९०१८


राजेन्द्रबहादुर थापा, वार्ड २
९८४७०६९१९२


आशाकुमारी वि.क., वार्ड ३
९८६०६१५००५


जुलेस थापा सारु, वार्ड ३
९८४७२२३२५०


रामप्रसाद श्रेष्ठ, वार्ड ३
९८५७०६०२८५


सरस्वती वि.क., वार्ड ४
९८११९४४६६२


जितबहादुर कनौजे, वार्ड ४
९८४७३२०९७५


धर्मराज अधिकारी, वार्ड ४
९८५७०६५८९७


शान्ति नेपाली, वार्ड ५
९८६७१५२१२८


छविलाल गैरे, वार्ड ५
९८४७०६७५७८


टोपबहादुर न्यौपाने, वार्ड ५
९८५७०६५२०५


नेत्राकुमारी न्यौपाने, वार्ड ६
९८४७३४९७७७


सीता वि.क., वार्ड ६
९८४७०६७९९३


स्व. दयाराज बस्याल
जि.स.स. प्रमुख/वार्ड ६


झपेन्द्र खनाल, वार्ड ६
९८४७१३७५८६


मीना कुमारी कनौजे, वार्ड ७
९८४७१४०२६६


सीता कामी, वार्ड ७
९८४७४५६३१४


रामबहादुर साठीघरे, वार्ड ७
९८४७११३९७१


रीता देवी भट्टराई, वार्ड ७
९८६७२६३१५८


भगवती देवी घिमिरे, वार्ड ८
९८४७०४३५६४


सुमित्रा/सुनिता वि.क.,वार्ड ८
९८४७३९७०३१


ठानेश्वर बस्याल, वार्ड ८
९८४७४१०१६२


मिनप्रसाद न्यौपाने, वार्ड ८
९८४४७१९९७९


दीपा सारु, वार्ड ९
९८४७१६९५४९


बाटुली वि.क., वार्ड ९
९८४७१५८४७४


कमल विक्रम खाँण, वार्ड ९
९८४४७९२०५६


पीताम्बर गाहा, वार्ड ९
९८४७१२८२५३

# धार्मिक तथा पर्यटकीय स्थलहरू

















# तस्वीरमा विभिन्न गतिविधि
























# शुभकामना



**कृष्णप्रसाद बस्याल( अध्यक्ष**

गणतान्त्रिक शासन व्यवस्थामा समानुपातिक समावेशी र न्यायोचित वितरण गरी दिगो विकासका अवधारणा अनुरूप जनताको नजिकमा रहेको सरकार स्थानीय तहबाटै सुदृढिकरण हुन जरुरी हुन्छ। जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धतिबाट गाउँपालिकाबासीले खोजेको सेवा, चाहेको विकास, परिकल्पना गरेको समाज निर्माणको लागि बगनासकाली गाउँपालिकाको सिमित स्रोत, साधन र अवसरको अधिकतम परिचालन गर्दै सभ्यता र समृद्धितर्फ अघि बढ्ने आधार तयार भएको छ।

गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट पूर्वाधार विकास र कृषिमा गरिएको आधुनिकीकरण र ब्यवशायिकरणबाट स्वरोजगारका आधारशिला निर्माण भई युवाहरूबाट कृषि तथा पशुपालनतर्फ लगानी हुनु, वैदेशिक रोजगारबाट फर्केका युवाहरूले विभिन्न फर्महरूको स्थापना गर्नु, प्राबिधिक शिक्षा गाउँपालिका भित्रै हासिल गर्ने अवसरजस्ता उपलब्धीलाई शुक्ष्म रूपमा अध्ययन गर्दा विपन्नताको स्थिति सुधार उम्मुख हुन थालेको छ। गाउँसभाबाट पारित नीति तथा कार्यक्रम, योजनामा विनियोजित बजेट र निर्णयहरूलाई सबैको स्वामित्व र अपनत्व हुने गरि पारदर्शिता र जवाफदेहिता बनाउने अभिप्रायले कार्य प्रगतिका सबै विषयलाई समेटिएको यस आ.व. २०७८।०७९ को प्रथम बगनासकाली आवाज प्रकाशन गरिएको छ।

अन्त्यमा, यो आवाज विगतका अंकहरूभन्दा अझ प्रभावकारी तवरले अगाडि बढ्दै थप नतिजा ल्याउनको लागि प्रेरित गरिरहनेछ। यस सुभ अवसरमा आम बगनासकालीबासी, जनप्रतिनिधि, राजनीतिकर्मी, नागरिक समाज, सञ्चारकर्मी र गाउँपालिकाका कर्मचारीहरूप्रति आभार प्रकट गर्दै यस टिमलाई हार्दिक धन्यबाद दिन चाहन्छु।

# शुभकामना



**सरस्वती दर्लामी चिदी(उपाध्यक्ष**

यस गाउँपालिकामा विकासका लागि थुप्रै सम्भावनाका विषय रहेका छन्। हाल कृषि व्यवशाय उन्मुख भइरहेको छ। कृषि, पशुपालन, पर्यटन, पूर्वाधार निर्माण सम्बन्धी थुप्रै कार्यक्रमहरू यस वर्षको नीति तथा कार्यक्रममा समावेश गरिएको छ। विदेशबाट फर्किएका हाम्रा होनहार श्रमपुँजीयुक्त युवाहरूलाई यसै बगनासकालीको माटोलाई मलिलो पार्नका लागि विविध योजना बनाइएको छ। उनीहरूका पसिना अब खाडीका मुलुकमा बग्ने छैनन्। यही धर्तीमा पसिना बगाई सीप र क्षमताको उचित मूल्य दिदै सुन्दर सपनालाई साकार पार्न सबै तह र तप्काको होस्टेमा हैस्ये अनिवार्य छ।

आज हामी नेपालको राजनीतिक व्यवस्था परिवर्तन गरी जनताद्वारा अनुमोदित जनप्रतिनिधिहरूले सञ्चालन गरेको संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवहारिक अभ्यास गरिरहेका छौँ। संवैधानिक व्यवस्था अनुसार जनताबाट स्थानीय सरकार निर्वाचित भएको पनि पाँचौ वर्ष चलिरहेको छ। कोरोना महामारीका कारण चालु आर्थिक वर्षका लागि तय गरिएका नीति, कार्यक्रम र बजेटको पूर्ण कार्यान्वयन हुन नसक्दा अपेक्षित परिणाम हासिल हुन नसकेको अवस्था छ। कोभिड(१९ बाट प्रभावित व्यक्तिहरूको स्वाव परीक्षण, संक्रमितहरूको स्वास्थ उपचार, आइसोलेसन कक्ष तथा कोभिड अस्पतालको व्यवस्थापनलाई प्रभावकारी बनाउन हाम्रो श्रोत, साधन र जनशक्तिलाई पूर्ण रूपमा परिचालन गरिएको छ।

जसले जसरी गरे पनि बगनासकालीकै समृद्धिका लागि गर्ने हो। यसै तरिकाले एकै साथ एकैपटक जिम्मेवार तरिकाले कार्य सम्पन्न गर्नका लागि हार्दिक अपिल गर्दछु। तपाईहरूको साथमा हाम्रो साथ र सहयोग सदासर्वदा रहिरहने नै छ।

# सम्पादकीय

संघीय तथा प्रदेश सरकारको विभिन्न कानुनी एवम् नीतिगत परीधिमा रहेर स्थानीय सरकार सुसञ्चालित भइरहेका छन् । गाउँगाउँ र घरघरमा सिहंदरबार पुऱ्याई सुखी र समृद्ध नेपालको सपना नेपाल सरकारले आत्मसात गरेको छ। आ-आफ्नो कार्यक्षेत्र भित्र सरल र सहज तरिकाले सेवाप्रवाह गर्नमा स्थानीय सरकारहरू स्वतन्त्र छन् । यो संवैधानिक प्रावधानको विषय पनि हो । यिनै कानुनी व्यवस्था, तीब्र जनचाहना र कर्मचारी वर्गको तत्परताको परिणाम स्वरूप पछिल्ला समयमा यस बगनासकाली गाउँपालिकामा रचनात्मक क्रियाकलापहरू भइरहेका छन् ।

फरक फरक माध्यम र तरिकाबाट आफूले गरेका कामलाई सर्वत्र रूपमा फैलाउनु अहिलेको आवश्यकता हो । कार्यसम्पादन गरेका हरेक कार्यहरूको सार्वजनिकीकरण गर्नु कुनै पनि कार्यालयको दायित्व र कर्तव्य पनि हो । गाउँपालिकाका सबै क्षेत्रमा भएका कार्य विवरणहरूको सिलसिलावद्ध तरिकाले लिपिवद्द गर्नु पनि रचनात्मक कार्य हो । यस प्रकाशनमा समेटिएका विषय वस्तुहरूले हामीलाई आगामी दिनमा गरिने कार्यमा अझ उत्प्रेरित गर्ने देखिन्छ । यस कार्यलाई निरन्तरता दिनका लागि आइपर्ने बाधा अड्चनलाई हटाउँदै जानुपर्ने अवस्था छ। यो आवाजले बगनासकालीको सभ्यता, सुन्दरता र समृद्धिका लागि काम गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने देखिएको छ।

सबै कामको विवरण र कार्यालयको बारेमा विस्तृत जानकारीहरू समेटिएकोले सबै तह र निकायलाई उपयोगी हुने अवस्था रहेको छ। स्थानीय सरकारको मूख्य कार्यालयबाट सरकारका कामहरू थाहा पाउनु आम नागरिकको अधिकार समेत हो । यसै विषयलाई मध्यनजर गरीकन मूख्य गरी चालू आ.व. २०७८/०७९ को हालसम्म तथा गाउँपालिका स्थापनादेखिका केही महत्त्वपूर्ण एवम् उल्लेख्य विकास निर्माण तथा अन्य सेवाप्रवाहका कार्यहरूलाई समेत समेट्ने प्रयास गरिएको छ। साथै यस प्रकाशनमा केही सिर्जना र विचारलाई पनि स्थान दिइएको छ।

यस पटकको आवाज विगतको भन्दा पृथक बनाउन खोज्दा यसको आकार बढ्नुका साथै केही समय बढी पनि लागेकोमा क्षमाप्रार्थी छौं । काम मात्रै गरेर हुदैन, त्यसको अभिलेखकिरण गर्नु झन् महत्त्वपूर्ण पक्ष हो भन्ने कुरालाई यस आवाजले आत्मसात गरेको छ। प्रत्यक्षपरोक्ष रूपमा यो अंक तयार पार्ने क्रममा संलग्न सम्पूर्ण शाखा प्रमुखहरू, वडा सचिवहरू, स्वास्थ्य संस्थाका प्रमुखहरूलगायतका कर्मचारीहरू तथा अध्यक्ष, उपाध्यक्षलगायत सम्पूर्ण जनप्रतिनिधिहरू सबैमा यहाँहरूले पुऱ्याउँनु भएको अपूर्व सहयोगप्रति आभार प्रकट गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

-सम्पादन मण्डल

# यस गाउँकार्यपालिकाको कार्यालयबाट स्थापना कालदेखि हालसम्म स्वीकृत/पारित कानूनहरूको विवरण

| क्र.स. | कानूनहरूको नाम | पारित मिति | कैफियत |
|---|---|---|---|
| १ | बगनासकाली गाउँपालिका गाउँकार्यपालिका (बैठक संचालन कार्यविधि), २०७४ | २०७४/०४/१ | |
| २ | बगनासकाली गाउँपालिका गाउँ कार्यपालिका (कार्यविभाजन नियमावली), २०७४ | २०७४/०४/१ | |
| ३ | बगनासकाली गाउँपालिका गाउँ कार्यपालिका (कार्यसम्पादन नियमावली), २०७४ | २०७४/०४/१ | |
| ४ | बगनासकाली गाउँपालिकाको गाउँसभा संचालन कार्यविधि, २०७४ | २०७४/०४/१९ | |
| ५ | बगनासकाली गाउँकार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि, २०७४ | २०७४/०४/१९ | |
| ६ | बगनासकाली गाउँपालिकाका पदाधिकारीहरूको आचार संहिता, २०७४ | २०७४/०४/१९ | |
| ७ | बगनासकाली गाउँपालिकाको शिक्षा नियमावली, २०७४ | २०७४/१०/०३ | |
| ८ | बगनासकाली गाउँपालिकाको सहकारी ऐन , २०७४, | २०७४/१२/०५ | |
| ९ | बगनासकाली गाउँपालिकाको एफ.एम.रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७४ | २०७४/१२/०५ | |
| १० | बगनासकाली गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ | २०७४/१२/०५ | |
| ११ | बगनासकाली गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०७४ | २०७४/१२/०५ | |
| १२ | बगनासकाली गाउँपालिकाको स्थानीय तहको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ | २०७४/१२/०५ | |
| १३ | बगनासकाली गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थापन गर्न बनेको कानून, २०७४ | २०७४/१२/०५ | |
| १४ | घ वर्गको निर्माण व्यवसायीको इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४ | २०७४/१२/२३ | |
| १५ | स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन कार्यविधि, २०७४ | २०७४/१२/२३ | |
| १६ | स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ | २०७४/१२/२३ | |
| १७ | न्यायीक समितिले उजुरीको किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि, २०७४ | २०७५/२/२५ | |
| १८ | एकिकृत सम्पति कर (IPT)व्यवस्थापन कार्यविधि, २०७५ | २०७५/२/२५ | |
| १९ | जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन , २०७५ | २०७५/०६/०४ | |
| २० | अपाङ्गता परिचयपत्र वितरण कार्यविधि, २०७५ | २०७५/०९/०९ | |
| २१ | विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन कार्यविधि, २०७६ | २०७६/०१/२४ | |
| २२ | विधालय व्यवस्थापन समितिगठन कार्यविधि, २०७६ | २०७६/०९/२५ | |
| २३ | करार शिक्षक छनौट कार्यविधि, २०७६ | २०७६/०९/२५ | |
| २४ | स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७६ | २०७६/०९/२५ | |
| २५ | बालक्लब/ बाल संजाल गठन तथा कार्य संचालन कार्यविधि, २०७६ | २०७६/१०/२८ | |
| २६ | बगनासकाली गाउँपालिकाको बाल राहत, उद्धार तथा पुनर्स्थापना कोष संचालन कार्यविधि, २०७६ | २०७६/१०/२८ | |
| २७ | बाल क्लब संजाल गठन तथा बालभेला संचालन सम्बन्धी कार्यविधि, २०७६ | २०७६/१०/२८ | |
| २८ | बगनासकाली गाउँपालिका पाल्पाको बाल संरक्षण नीति, २०७६ | २०७६/१०/२८ | |
| २९ | बगनासकाली गाउँपालिकाका जलश्रोत उपयोग तथा मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७७ | २०७७/०५/२२ | |
| ३० | बगनासकाली गाउँपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ | २०७७/०८/२३ | |
| ३१ | शैक्षिक प्रमाणपत्र धितो राखेर कर्जा कार्यक्रम संचालन कार्यविधि, २०७७ | २०७७/०९/२८ | |

| क्र.स. | कानूनहरूको नाम | पारित मिति | कैफियत |
|---|---|---|---|
| ३२ | स्वास्थ्य कार्यक्रम संचालन तथा कार्यन्वयन कार्यविधि, २०७७ | २०७७/०९/२८ | |
| ३३ | कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७७ | २०७७/०९/२८ | |
| ३४ | लैंगिक हिंसा निवारण कोष संचालन मापदण्ड, २०७७ | २०७७/०९/२८ | |
| ३५ | कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७७ | २०७७/०९/२८ | |
| ३६ | कृषि तथा पशुपंक्षी फर्म दर्ता कार्यविधि, २०७७ | २०७७/०९/२८ | |
| ३७ | पशु विकास कार्यक्रम संचालन कार्यविधि, २०७७ | २०७७/०९/२८ | |
| ३८ | कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ | २०७७/०९/२८ | |
| ३९ | बगनासकाली गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७८ | २०७८/०३/०९ | |
| ४० | बगनासकाली गाउँपालिकाको संस्था दर्ता ऐन, २०७८ | २०७८/०३/०९ | |
| ४१ | बगनासकाली गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समिति (कार्यसंचालन) कार्यविधि, २०७८ | २०७८/०३/०९ | |
| ४२ | बगनासकाली गाउँपालिकाको स्थानीय राजश्व परामर्श समितिको कार्यसंचालन कार्यविधि, २०७८ | २०७८/०३/०९ | |
| ४३ | व्यवसाय दर्ता तथा कर सम्बन्धी कार्यविधि, २०७८ | २०७८/०३/०९ | |
| ४४ | बगनासकाली गाउँपालिकाको (आन्तरिक नियन्त्रण) कार्यसंचालन निर्देशिका, २०७८ | २०७८/०८/१४ | |
| ४५ | बगनासकाली गाउँपालिकाको पर्यटन काज सम्बन्धी कार्यविधि, २०७८ | २०७८/०९/२२ | |
| ४६ | भवन निर्माण (अनुमति तथा इजाजत) सम्बन्धी कार्यविधि, २०७८ | २०७८/०९/२२ | |
| ४७ | बगनासकाली गाउँपालिकाको सहकारी संजाल (गठन तथा परिचालन सम्बन्धी) कार्यविधि, २०७८ | २०७८/०९/२२ | |
| ४८ | विद्यालयमा करार शिक्षक/ कर्मचारी छनौट तथा सरुवा कार्यविधि, २०७८ | २०७८/०९/२२ | |
| ४९ | बगनासकाली गाउँपालिकाको सहकारी नियमावली, २०७८ | २०७८/०९/२२ | |
| ५० | बगनासकाली गाउँपालिकाको कर्मचारी व्यवस्थापन ऐन, २०७८ | २०७८/०९/२६ | |

## बगनासकाली गाउँपालिकाका सम्पूर्ण विद्यालयका शिक्षक तथा विद्यार्थीहरूलाई निर्देशन

१. विद्यालयका सम्पूर्ण शिक्षक तथा विद्यार्थीहरू तोकिएको समयमा अनिवार्य रूपमा विद्यालयमा उपस्थित हुनुपर्ने तथा विद्यालयद्वारा तोकिएको आचारसंहिता पूर्णरूपमा पालन गर्नुपर्ने।

२. पाठ्यक्रमले तोके अनुसारको कोर्ष समयमा नै पूरा गरी सक्नुपर्ने।

३. विद्यार्थीहरूले विद्यालयमा मोवाइलको प्रयोग पूर्णरूपमा बन्द गर्नुपर्ने।

४. शिक्षकहरूले अनिवार्य रूपमा शिक्षण योजना डायरीको प्रयोग गर्नुपर्ने।

५. आफूले तयार गरेको डायरी अनुगमनको बेला प्र.अ., व्यवस्थापन समिति तथा निरीक्षण गर्ने व्यक्ति समक्ष पेश गर्नुपर्ने।

६. शिक्षकहरूले पाठ्यपुस्तकको अतिरिक्त अन्य सन्दर्भ सामग्रीहरूको पनि प्रयोग गर्नुपर्ने।

७. विद्यार्थीहरूलाई नियमित रूपमा गृहकार्य दिने तथा गृहकार्य जाँच गर्नुपर्ने।

८. विद्यालयका शिक्षक तथा विद्यार्थीहरूले तोकिएको पोषाक विद्यालयमा अनिवार्य रूपमा लगाउनुपर्ने।

९. छात्रहरूले लामो कपाल पालेर, कपाल रंगाएर तथा मुन्द्रा लगाएर विद्यालयमा जान नपाउने।

१०. आफ्नो विद्यालय समय (१०:०० बजेदेखि ४:०० बजे) भन्दा बाहिरको समयमा अध्यापन गर्ने शिक्षकले विद्यालयको सिफारिसमा तोकिएको अधिकारीबाट अनुमति लिनुपर्ने।

११. विद्यालय समयमा ट्युसन पढाउन नहुने।

१२. एक शिक्षक, एक घण्टी, एक शैक्षिक सामाग्री कम्तीमा प्रयोगमा ल्याउने।

१३. प्र.अ. तथा शिक्षकले आफ्ना छोराछोरीलाई सकेसम्म आफूले पढाउने विद्यालयमा वा सामुदायिक विद्यालयमा नै पढाउने व्यवस्था मिलाउनुपर्ने।

१४. विद्यार्थीहरूले विद्यालयीय क्रियाकलापहरूमा सक्रिय सहभागी हुने तथा सरसफाई र स्वच्छ वातावरणमा ध्यान दिने।

# यस आ.व.का गाउँसभा/कार्यपालिका बैठकको विवरण

| सि.नं. | बैठक मिति | बैठकका प्रस्ताव/निर्णयहरू | बैठक संख्या |
|---|---|---|---|
| १ | २०७८।०४।११ | (१) उपभोक्ता समिति गठन सम्वन्धमा।<br>(२) नदीजन्य पदार्थको ठेक्का ब्यवस्थापन सम्वन्धमा।<br>(३) कृषि अधिकृतको करार सेवा म्याद सम्वन्धमा।<br>(४) भ्याक्सिन सब सेन्टर गा.पा.मा स्थापना गर्ने सम्वन्धमा। | १०८ औं |
| २ | २०७८।०४।२५ | (१) १५ शैया अस्पताल निर्माणको लागि जग्गा ब्यवस्थापन सम्वन्धमा।<br>(२) वार्षिक समीक्षा सम्वन्धमा।<br>(३) गा.पा.को प्रतीक चिन्ह (लोगो) सम्वन्धमा।<br>(४) वार्षिक कार्यतालिका र कार्ययोजना कार्यान्वयन सम्वन्धमा।<br>(५) कार्यालयमा कोठा व्यवस्थापन तथा पार्किङ्ग ट्रस निर्माण सम्वन्धमा।<br>(६) कोभिडबाट मृत्यु भएका परिवारलाई क्रिया खर्च दिने सम्वन्धमा।<br>(७) योजना सम्झौता र बैंक खाता खोल्ने सम्वन्धमा।<br>(८) बगनासकाली आवाज बुलेटिनलाई व्यवस्थित गर्ने सम्वन्धमा।<br>(९) प्राविधिक कर्मचारी करारमा लिने सम्बन्धमा .<br>(१०) कोभिड अस्पताल, आइसोलेशन सेन्टर तथा विरामीको घर दैलोमा खटिने स्वास्थ्यकर्मीको सुविधा सम्बन्धमा।<br>(११) प्राकृतिक विपदबाट भएको क्षेतिको सहयोग माग सम्बन्धमा। | १०९ औं |
| ३ | २०७८।०५।१६ | १) उपभोक्ता समितिको तालिम सञ्चालन सम्वन्धमा।<br>२) वार्षिक प्रगति तथा समीक्षा सम्बन्धमा।<br>३) प्रशासकीय भवनको बजेट सुनिश्चतता र टेण्डर सम्बन्धमा।<br>४) समपूरक योजना कार्यान्वयन सम्बन्धमा।<br>५) वडा नं. ५ को कार्यालयका लागि जग्गा प्राप्ति सम्बन्धमा। | ११० औं |
| ४ | २०७८।०६।२० | १) प्रधानमन्त्री रोजगारका योजना/कार्यक्रम सम्वन्धमा।<br>२) आ.व. ०७६/०७७ को म.ले.प. प्रतिवेदन सम्वन्धमा।<br>३) राजस्व परामर्श समितिको निर्णय कार्यान्वयन सम्वन्धमा।<br>४) स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धमा।<br>५) स्थानीय कानुन संग्रह तयार पार्ने सम्बन्धमा।<br>६) विद्यालय कर्मचारी तथा करार शिक्षक छनौट कार्यविधि सम्बन्धमा। | १११ औं |
| ५ | २०७८।०७।०५ | १) अविरल बर्षाबाट भएको क्षति सम्वन्धमा।<br>२) आधारभूत अस्पताल निर्माणको लागि बजेट माग सम्बन्धमा।<br>३) वडा नं. ३ आफरडाँडा बस्ती संरक्षणको लागि अनुरोध सम्बन्धमा।<br>४) वडा नं. ६ र ७ मा कालीगण्डकी नदीको बगरसम्म जाने बाटो मर्मत/सुधार सम्वन्धमा।<br>५) संगठन तथा व्यबस्थापन सर्वेक्षण गर्ने सम्बन्धमा। | ११२ औं |
| ६ | २०७८।०८।१४ | १) करार सेवामा कर्मचारी भर्ना गर्ने स्थायी माग गर्ने सम्वन्धमा।<br>२) आन्तरिक नियन्त्रण समबन्धी कार्य सञ्चालन निर्देशिका सम्बन्धमा।<br>३) प्र.म. कृषि आधु. इकाइबाट हस्तान्तरित कार्यक्रम सम्बन्धमा।<br>४) गा.पा.का मूख्य मूख्य कार्य प्रगति विवरण प्रकाशन गर्ने सम्बन्धमा। | ११३ औं |

| | | | |
|---|---|---|---|
| ७ | २०७८।०८।२२ | १. गत बैठकबाट भएका निर्णयहरूको समीक्षा सम्वन्धमा।<br>२. सार्वजनिक सुनुवाई सम्वन्धमा।<br>३. नविकरणीय उर्जा प्रविधि जडान सम्वन्धमा।<br>४. चौमासिक प्रगति समीक्षा र कार्ययोजना सम्बन्धमा।<br>५. रानीमहल क्षेत्रको पार्किङ्ग शुल्क ठेक्का सम्बन्धमा। | ११४ औं |
| ८ | २०७८।०९।१६ | १. गाउँसभा सञ्चालन सम्बन्धमा।<br>२. संघीय बजेट समपुरक तथा विशेष योजना माग सम्वन्धमा।<br>३. जिससको मौज्दात कोषबाट सञ्चालन हुने योजनाको प्रस्ताव गर्ने सम्बन्धमा। | ११५ औं |
| ९ | २०७८।०९।२२ | १. बजेट, योजना संशोधन तथा रकमान्तर सम्वन्धमा।<br>२. मौज्दात बजेट बाँडफाँड र योजना छनौट सम्वन्धमा।<br>३. एकीकृत घुम्ती शिविर सञ्चालन सम्बन्धमा।<br>४. गाउँसभामा पेश गर्ने विभिन्न प्रस्तावहरू सम्वन्धमा। | ११६ औं |
| १० | २०७८।०९।२६<br>गाउँसभा | १. चालू आ.व.को हालसम्मको प्रगति प्रतिवेदन सम्बन्धमा।<br>२. बजेट/योजना संशोधन रकमान्तर सम्बन्धमा।<br>३. २०७८ श्रावणदेखि हालसम्म पारित भएका (ऐन, नियम, कार्यविधि) लगायतका कानूनहरू अनुमोदन सम्वन्धमा।<br>४. कार्यपालिकाका निर्णयहरू अनुमोदन तथा अन्य समसायिक महत्वपूर्ण विषयहरू सम्बन्धमा।<br>५. संगठन तथा व्यबस्थापन सर्वेक्षण प्रतिवेदन परित सम्वन्धमा। | ११ औं |
| ११ | २०७८।१०।१४ | १. लिजाको नतिजा सार्वजनिक गर्ने सम्बन्धमा। | ११७ औं |
| १२ | २०७८।१०।२१ | १. लिजाको सुधारका लागि वार्षिक कार्ययोजना सम्बन्धमा।<br>२. विभिन्न कार्यविधिहरू पारित गर्ने सम्बन्धमा।<br>३. वडा नं. ३ मा साविक पशुसेवा केन्द्रको भवनमा कृषि र आयुर्वेद सेवा समेत एकीकृत रूपमा सेवाप्रवाह गर्ने सम्बन्धमा।<br>४. रानीमहल संरक्षण र संबर्धनका लागि तानपासँगै साझेदारी र सहकार्यमा कार्य गर्ने सम्बन्धमा।<br>५. मेलमिलाप केन्द्र गठन र सञ्चालन सम्बन्धमा। | ११८ औं |


"सुन्दर, शान्त, समृद्ध र सभ्य बगनासकाली गाउँको सार
आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार विकासको दिगो आधार"

- आफ्ना छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं।
- जन्म, मृत्यु, विहे जस्ता घट्ना ३५ दिनभित्र वडा कार्यालयहरूमा दर्ता गरौं।
- स्थानीय सरकारलाई सबल बनाउन समयमै कर तिरौं। सेवा प्रवाहमा रहेका कमी कमजोरी औंल्याऔं। विकास निर्माणका काम उपभोक्ता समिति मार्फत जनतहभागितामा समयमै सम्पन्न गरेर फरफारक गरौं।
- घर आँगन, टोल छिमेक सधैं सफा राखौं। फोहोर मैलाको उचित व्यवस्थापन गरौं।
- कृषि, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार सिर्जनामा टेवा पुऱ्याऔं।
- भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं।
- पशुपंक्षी संरक्षण गरौं। वातावरण जोगाउन वृक्षारोपण गरौं।

अनुरोधक:
बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिर्तुङ्गधारा, पाल्पा

# बगनासकाली गाउँपालिका स्थापनादेखि हालम्मका मूख्य मूख्य उपलब्धीहरू



**कृष्ण प्रसाद बस्याल**। गा.पा. अध्यक्ष

**पृष्ठभूमि**

हाल स्थानीय सरकारहरू जनभावना अनुसार सञ्चालन भइरहेका छन्। संघीय व्यवस्थाको मूल मर्म भनेको यही नै हो। यही मर्मलाई आफ्नो मूख्य धर्म यस गाउँपालिकाले बनाएर काम गरिरहेको अवस्था छ। गाउँगाउँ र घरघरमा सिहंदरबार पुऱ्याई सुन्दर, सभ्य तथा समृद्ध समाजले युक्त बगनासकालीको सपना साकार पार्ने लक्ष्य यस स्थानीय सरकारले आत्मसात गरेको छ। संघीय तथा प्रदेश सरकारको विभिन्न कानुनी एवम् नीतिगत परीधिमा रहेर यस स्थानीय सरकारले सुव्यवस्थित तरिकाले सञ्चालित विभिन्न क्षेत्रका असल कामहरू गरेको छ भने केही भइरहेका पनि छन्। आफ्नो कार्यक्षेत्र भित्र सरल र सहज तरिकाले सेवाप्रवाह गर्नमा यो स्थानीय सरकार स्वतन्त्र रूपले लागिपरेको छ। यो संवैधानिक प्रावधानको विषय पनि हो। यिनै व्यवस्था, जनचाहना र तप्तरताको परिणाम स्वरूप बगनासकाली गाउँपालिकाले प्राप्त गरेको पहिलो निर्वाचित जनप्रतिनिधिहरूले आर्थिक वर्ष २०७४/०७५ देखि चालू आ.व. २०७८/०७९ सम्म आइपुग्दा थुप्रै खालका रचनात्मक तथा उदाहरणीय कार्यहरू गर्न सफल भएकोले क्षेत्रगत रूपमा केही मूख्य मूख्य उपलब्धीहरू निम्न अनुसार राख्न खोजिएको छ।

**१. स्वास्थ्यतर्फ**

१) नौवटै वडाहरूमा व्यवस्थित स्वास्थ्य चौकीहरूको व्यवस्था गरिएको छ।
२) कर्मचारी अभावका कारण आवश्यक सेवा दिन नसकेका स्वास्थ्य चौकीहरूमा पर्याप्त जनशक्तिको व्यवस्था गरिएको छ।
३) सबै स्वास्थ्य चौकीहरूलाई बर्थिङ सेन्टरको रूपमा विकास गर्दै लैजाने क्रममा हालसम्म ४ वटा स्वास्थ्य चौकीहरूमा सुचारु भइसकेको छ।
४) सबै स्वास्थ्य चौकीहरूमा प्रयोगशालाको व्यवस्था गरिने क्रम अनुसार अहिलेसम्म २ वटा स्वास्थ्य चौकीहरूमा प्रयोगशाला स्थापना गरिएको छ।
५) सबै स्वास्थ्य चौकीहरूको भौतिक पूर्वाधार विकासका लागि व्यवस्थित संरचनाको निर्माण कार्य भैरहेको छ।
६) अक्सिजन तथा उपकरणहरू सहितको अस्थायी कोभिड अस्पतालको संचालन गरि कोभिडका विरामीहरूका लागि विशेषज्ञबाट निःशुल्क उपचारको व्यवस्था गरिएको छ।
७) दीर्घ रोग लागेका विपन्न परिवारलाई निःशुल्क उपचार गर्ने व्यवस्था मिलाइएको छ।
८) पन्ध्र शैयाको अस्पताल निर्माणका लागि जग्गा शुनिश्चित गरि निर्माण कार्यको लागि प्रक्रिया अन्तिम चरणमा पुगेको छ।

**२. शिक्षातर्फ**

१) विद्यालय उमेर समुहका सबै बालबालिकाहरू पूर्ण भर्ना सुनिश्चिता भएको।
२) सबै विद्यालयहरू वालमैत्री सुनिश्चितता, सबै विद्यालय तथा सिङ्गो गाउँपालिका बालमैत्री घोषणा भएको।
३) शिक्षा नियमावलीको निर्माण र प्रयोग। कक्षा ५ सम्मका बालवालिकाहरूलाई दिवा खाजाको व्यवस्था गरिएको।
४) विद्यालयहरूको नियमित अनुगमन/निरीक्षण, लेखा तथा सामाजिक परीक्षण कार्य भएको।
५) विद्यालयमा नियमित नआउने विद्यार्थीको पहिचान गरि हेरालु शिक्षकको व्यवस्था।
६) वैकल्पिक पद्दतिबाट सिकाई सहजिकरणको लागि प्रविधिमैत्री तालिमको व्यवस्था भएको।
७) राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुसार कक्षा १-३ को एकिकृत स्थानिय पाठ्यक्रम निर्माण र पाठ्यक्रम अनुसार कक्षा १ र २ को लागि पाठ्यपुस्तक तयारी र प्रयोग।
८) बगनासकाली गाउँपालिकाको सम्पूर्ण शैक्षिक अवस्था झल्कने विवरण सहित भावी शैक्षिक कार्यक्रमको लागी शैशिक योजना निर्माण सम्पन्न।
९) सबै विद्यालयहरूमा एकै प्रकारको कलर (रंगरोगन) को व्यवस्था
१०) विद्यालयका लेखा शिक्षक र प्र.अ लाई लेखा तालिम, कम्प्युटर शिक्षकलाई कम्प्युटर तालिम, बालशिक्षक तालिम, प्रश्नपत्र निर्माण कार्यशाला सम्पन्न।
११) प्रत्येक वर्ष शैक्षिक क्यालेण्डर निर्माण र बालवालिकाको हातहातमा दिने गरिएको।
१२) असहाय बालबालिकाहरूको पहिचान गरि मासिक रु. १०००।

आर्थिक सहयोग दिने व्यवस्था गरिएको।

१३) ३ वर्षे शैक्षिक योजनाको निर्माण र प्रयोग भएको।

१४) बालविकास शिक्षक र विद्यालयका कर्मचारीलाई नेपाल सरकारले व्यवस्था गरे अनुरूप न्यूनतम मासिक पारिश्रमिक रु. १५०००।- (रु. पन्ध्रहजार रूपैया) दिइएको छ।

**३. कृषि सेवातर्फ**

१) कृषि उत्पादन र उत्पादकत्व बृद्धिका लागि कृषकहरूसँग कृषि प्राविधिकहरूको सहयोग भएको छ।

२) कृषिलाई यन्त्रिकरणका माध्यमबाट आधुनिकीकरण गर्न मिनिटिलर, कम्बाइन मिल, धान गहुँ काट्ने मेशिन, मकै रोप्ने र छोडाउने मेशिन, चापकटर लगायतका ४१५ वटा साना ठूला कृषि उपकरण ५०/७५ प्रतिशत अनुदानमा वितरण गरिएको।

३) स्थानीयस्तरमा दिगो रूपमा कृषिमा लाग्न विभिन्न किसिमका अनुदानका कार्यक्रमहरूले आकर्षण गराएको छ।

४) अदुवा, मकै, धान, बेसार, सुन्तला जात फलफुल, अकबरे खुर्सानीका १/१ वटा र मौरीका २ वटा व्यवसायिक पकेट क्षेत्र निर्माण गरिएको।

५) कृषिलाई यान्त्रिकरणका माध्यमबाट आधुनिकीकरण गर्न मिनिटिलर, कम्बाइन मिल, धान गहुँ काट्ने मेशिन, मकै रोप्ने र छोडाउने मेशिन, चापकटर लगायतका ४१५ वटा साना ठूला कृषि उपकरण ५०/७५ प्रतिशत अनुदानमा वितरण गरिएको।

६) कुन क्षेत्रमा कुन उत्पादन राम्रो हुन्छ भनि अध्ययन गरि कृषि पकेट क्षेत्र निर्माण गरिएको छ र सामूहिक खेति गर्ने प्रणालीको विकास गरिएको छ।

७) नयाँ प्रविधिबारे कृषकहरूलाई तालिम तथा सूचनाहरू प्रवाह गरिएको छ।

८) खेतियोग्य जमिनलाई सिंचाई सुविधा विस्तार गरिदै लगिएको छ।

९) ३०० रोपनीमा मनकामना ३ जातको मकै र २०० रोपनीमा सावित्री धानको विउ उत्पादन सुरु गरि विउमा आत्मनिर्भर भएको।

१०) शैक्षिक प्रमाणपत्र धितो राखेर स्नातक तह उतीर्ण शिक्षित बेरोजगार १० जनालाई विना ब्याज २ वर्षका लागि कृषि उद्यम गर्न ऋण प्रदान गरिएको छ।

११) एकल बालीमा ५०० के.जी. भन्दा बढी तरकारी उत्पादन गरि विक्रि गर्ने कृषकहरूलाई संकलन केन्द्र तथा बजारसम्म ढुवानी गरे बापत प्रति के.जी रु. २ का दरले ढुवानी अनुदान रकम प्रदान गरिएको।

१२) वार्षिक २ करोड ४३ लाख रूपैया बराबरको तरकारी विक्रि वितरण हुने गरेको छ।

१३) बढि मुल्यमा विक्रि हुने बालीहरू र बाँदरले कम क्षति गर्ने कागती, कुरिलो, अकबरे खुर्सानी जस्ता बालीको उत्पादन बढाउन विभिन्न प्रविधि, तालिम लगायतमा अनुदान दिइएको छ।

**४. पशु सेवातर्फ**

१) पशुपालनलाई व्यवस्थित र आधुनिकिकरण गरि आत्मनिर्भर बनाउनका लागि पशु सेवा प्राविधिकहरू सबै वडाहरूमा सेवा प्रदान गरिएको छ।

२) भकारो सुधार कार्यक्रम, खोर सुधार कार्यक्रम तथा किसानको घर घरमा गएर पशु सेवा र परामर्श दिइएको छ।

३) अण्डा, दुध, मासु र महमा आत्मनिर्भर भएको छ।

४) कृषकहरूलाई दुधमा प्रति लिटर रु. ३ का दरले अनुदान दिने गरिएको छ।

**५. खानेपानीतर्फ**

१) बगनासकाली गाउँपालिका भित्रका सबै खानेपानी योजनाहरूको पानी परीक्षण गरिएको छ।

२) खानेपानी योजनाहरूलाई निरन्तरता र दिगोपनाका लागि प्रत्येक वर्ष वजेट विनियोजना गरिएको छ।

३) एक घर एक धारा कार्यक्रमलाई अवलम्वन गरि खानेपानी, सरसफाई र स्वच्छता (वास) योजना निर्माण गरि अघि बढिएको छ।

४) लिफ्टिङ् खानेपानी प्रविधिमा ५० प्रतिशत विद्युत्त महशुल अनुदान तथा मोटर मर्मतका लागि ४० प्रतिशत अनुदान प्रदान गरिदै आएको छ।

५) खानेपानी, सरसफाई तथा स्वच्छता (वास) योजना २०७७ तयार गरिएको छ।

**६. भौतिक पूर्वाधारतर्फ**

१) सबै वडाहरूमा सडक यातायातको पहुँच पुऱ्याइएको छ।

२) प्रत्येक वर्ष सडक विस्तार र स्तरोन्नति गरिदै लगिएको छ।

३) सडक गुरुयोजना निर्माण गरिएको छ।

४) ग्रामिण सडकलाई बाह्रै महिना चल्ने गरि स्तरोन्ति गरिदैछ।

५) स्थानिय तहका सबै नयाँ घरहरूलाई मापदण्ड अनुसार बनाउन नक्सापास गरि बनाउने प्रावधानको व्यवस्था गरिएको छ भने पुराना घरहरूलाई मापदण्ड अनुसारको बनाउन सूचिकृत गरिएको छ।

६) हालसम्म सडकतर्फ स्तरोन्निति ५० कि.मि., ग्राभेल ३५ कि.मि., आरसीसी ४ कि.मि., ट्रेकिङ्ग ५ कि.मि. निर्माण भएको छ भने भवनतर्फ विद्यालय २३ वटा सामुदायिक भवन २७ वटा निर्माण भइसकेका छन्। त्यसैगरी लिफ्ट खानेपानी ६ वटा र अन्य खानेपानी टंकी २१ वटा निर्माण गरिएको छ भने सस्पेण्डेड ट्रायल ब्रिज एउटा बनाइएको छ।

**७. विविध क्षेत्रतर्फ**

१) लुम्बिनी प्रदेशमै प्रथम पटक बालमैत्री स्थानीय शासन गाउँपालिका घोषणा गरिएको छ।

२) फुस (खर) का छानो भएका घरहरूको जोखिमबाट जोगाउने फुसरहित घर बनाउने अभियान अन्तर्गत त्यस्ता घरहरूलाई जस्तापाता वितरण गरि फुस रहित बगनाकाली बनाइको छ।

३) शैक्षिक वेरोजगारलाई प्रोत्साहन गर्न प्रमाणपत्र धितो राखी कर्जा दिने व्यवस्था गरिएको छ।

४) प्रविधिमैत्री बगनासकाली बनाउनका लागि सवै वडाहरूमा फाइवर इन्टरनेट र इन्ट्रानेट जडान गरिएको छ। अनलाइन प्रणाली मार्फत राजस्व संकलन गरिएको छ।

५) बगनासकाली गाउँपालिकामा प्राबिधिक शिक्षालय स्थापना गरिएको छ।

६) धार्मिक पर्यटकीय गाउँपालिका बनाउने लक्ष्य लिएका छौ।

७) बिदेशमा रहेका युवाहरूलाई आफ्नै ठाउमा राखी रोजगार श्रृजना गर्ने लक्ष्य लिएका छौ।

८) बसाई सराईलाई रोक्ने प्रयत्न गरेका छौ।

९) प्रशासनिक भवन आफ्नै बनाउने लक्ष्यका साथ इटेण्डर प्रकृया पुरा गरी निर्माण कार्यको आरम्भ भएको छ।

१०) सडक तथा भवनहरूमा लगानी गर्ने भन्दा पूरानालाई ब्यबस्थीत गर्ने लक्ष्य लिएका छौ।

११) बाँदर ब्यबस्थापन मुख्य चुनौती रहेकाले रोकथामका लागि विशेष पहल गरिएको छ।

१२) न्यायिक सेवालाई प्रभावकारी बनाउन प्रत्येक वाडमा मेलमिलाप इकाइ गठन गरी वाड र गाउँपालिकामा नै न्यायिक सेवा दिइएको छ।

१३) प्रत्येक नागरिकलाई सुचना तथा जानकारीका लागि बगनासकाली आवाज नियमित रूपमा प्रकाशन गरिरहेका छौं।

१४) पूर्ण सरसफाई गाउँपालिका बनाउने अभियान अन्तर्गत ४ वटा वडाहरूलाई पूर्ण सरसफाई वडा घोषणा गरिएको छ।

१५) वालश्रम मुक्त गाउँपालिका घोषणा अन्तिम चरणमा रहेको छ।

१६) पूर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणा गरिएको छ।

१७) नेपाल बैक सँगको सहकार्यमा युवा स्वरोजगारका लागि सहुलियत व्याजमा ऋण प्रवाह गरिएको छ।

१८) उज्यालो बगनासकाली अभियान अन्र्तगत प्रत्येक घरमा विद्युत्त जडान तथा काठका विद्युत पोलहरू विस्थापन गरिएको छ।

१९) गाउँपालिका अन्र्तगतका मूख्य र महत्वपूर्ण स्थानमा शौर्यवत्ती तथा सि.सि. क्यामेरा जडान गरिएको छ।

२०) लैङ्गिक हिंसा निवारण कोषको स्थापन गरि हिंसा पिडित महिला र किशोरीहरूलाई शिक्षा तथा स्वास्थ्य उपचारका लागि आर्थिक सहयोग प्रदान गरिदै आएको छ।

२१) एकल महिलाहरूको तथ्याङ्क संकलन, अवस्था विश्लेषण गरि आवश्यक सिपमूलक तालिमहरू संचालन तथा व्यवसायीक अनुदान प्रदान गरिदै आएको छ।

२२) सबै वडातहमा गएर योजना सम्झौता तथा बैक खाता खोल्ने व्यवस्था गरिएको छ।

यसरी वास्तवमै समतामूलक तथा समृद्द बगनासकाली बनाउँनका लागि यहाँका सबै मामलाहरूमा एउटै मन, वचन र कर्महरूले नलागी हुँदैन। मन एकातिर र वचन अर्कातिर गरेर पक्कै पनि सफलतामा पुग्न सकिदैन। कर्म गरेर वचन पुरा गरियो भने मात्र समृद्दिमा पुग्न सकिन्छ। सिमित नारालाई घन्काएर मात्र हैन, टोल टोलमा काम गरेर देखाउनु पर्दछ। सबैले इमान्दारीपूर्वक तरिकाले काम गर्नु पर्दछ।■

# हात धुने तरिका





# आ.व. २०७८/०७९ को लागि स्वीकृत वार्षिक कार्ययोजनाको रूपरेखा

| सि.नं. | महिना | क्रियाकलापहरू |
|---|---|---|
| ०१ | श्रावण | ➢ योजना तथा कार्यक्रम सञ्चालनका लागि अख्तियारी प्राप्त<br>➢ वडास्तरका उपभोक्ता समितिहरू गठन<br>➢ वार्षिक नीति तथा कार्यक्रमसहितको बजेट पुस्तिका तयार<br>➢ सम्पत्ति विवरण संकलन तथा खरिद इकाई गठन<br>➢ कर्मचारीहरूको कार्य सम्पादन मुल्यांकन |
| ०२ | भाद्र | ➢ योजनाहरूको लागत अनुमान तयार<br>➢ वार्षिक प्रगति समीक्षा सम्पन्न तथा वार्षिक बुलेटिन तयार<br>➢ आन्तरिक लेखापरीक्षण तथा जिन्सी निरीक्षण<br>➢ सम्पत्ति विवरण सम्बन्धित् निकायहरूमा पेश<br>➢ उपभोक्ता समितिहरूलाई योजना सञ्चालन तथा ब्यवस्थापन सम्बन्धी तालिम<br>➢ कर्मचारीहरूको पुनर्ताजगी प्रशिक्षण कार्यक्रम<br>➢ राजस्व संकलन तालिम सञ्चालन<br>➢ सामाजिक शुरक्षा लगत अद्यावधिक तथा नविकरण<br>➢ सबै किसिमका टेन्डरहरू प्रकाशन |
| ०३ | आश्विन | ➢ वार्षिक सार्वजनिक सुनुवाई तयारी र सम्पन्न<br>➢ कार्यसम्पादन प्रोत्साहन छनौट तथा वितरण<br>➢ प्रथम चौमासिक सामाजिक शुरक्षा भत्ता रकम निकाशा<br>➢ कार्य सम्पादन स्वमुल्यांकनको आवश्यक कागजात संकलन |
| ०४ | कार्तिक | ➢ प्रथम त्रैमासिक स्वतःप्रकाशनको तयारी तथा सार्वजनिक<br>➢ आवश्यक कानुनहरूको मस्यौदा, छलफल तथा पारित<br>➢ जनप्रतिनिधि क्षमता विकास सम्बन्धी प्रशिक्षण<br>➢ विषयगत अवलोकन तथा अध्ययन भ्रमण |
| ०५ | मार्ग | ➢ प्रथम चौमासिक प्रगति समीक्षा तथा सार्वजनिक सुनुवाई<br>➢ हालसम्म पारित भएका कानुनहरूको संग्रह तयारी तथा प्रकाशन<br>➢ क्षमता विकास सम्बन्धी क्षेत्रगत प्रशिक्षण<br>➢ सम्पूर्ण योजनाहरूका लागत अनुमान तयार तथा संझौता सम्पन्न<br>➢ सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा सार्वजनिक |
| ०६ | पौष | ➢ गाउँपालिका स्थापनादेखि हालसम्मका उपलब्धीहरूको संकलन<br>➢ पुरक नीति तथा कार्यक्रम तयारी र हिउँदे गाउँसभा सम्पन्न<br>➢ अन्तिम लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन<br>➢ स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन सम्पन्न |
| ०७ | माघ | ➢ दोस्रो त्रैमासिक स्वतःप्रकाशनको तयारी तथा सार्वजनिक<br>➢ अर्धवार्षिक प्रगति समीक्षातथा सार्वजनिक सुनुवाई<br>➢ सम्पन्न योजनाहरूको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन |
| ०८ | फाल्गुण | ➢ स्थानीय तह अन्तर समन्वय भेटघाट तथा छलफल<br>➢ बेरुजु फर्छौट तथा अन्तिम लेखापरीक्षण<br>➢ दोस्रो चौमासिक सामाजिक शुरक्षा भत्ता रकम निकाशा |

| | | |
|---|---|---|
| ०९ | चैत्र | ➢ दोस्रो चौमासिक प्रगति समीक्षा तथा सार्वजनिक सुनुवाई<br>➢ विषयगत समितिहरूको बैठक तथा छलफल<br>➢ गाउँ, वस्ती, वडा र शाखाहरूबाट योजना संकलन |
| १० | वैशाख | ➢ प्रथम त्रैमासिक स्वतःप्रकाशनको तयारी तथा सार्वजनिक<br>➢ आगामी आ.व.को लागि बजेटको श्रोत अनुमान<br>➢ आगामी आ.व.मा लिइने नीति तथा कार्यक्रम तयारी<br>➢ कार्यक्रम तथा योजनाहरूको अन्तिम भुक्तानी |
| ११ | जेष्ठ | ➢ नीति तथा कार्यक्रम र बजेटको अन्तिम तयारी<br>➢ बाँकी कार्यक्रम तथा योजनाहरूको अनुगमन तथा मूल्याङ्कन<br>➢ विभिन्न आयोजना तथा क्रियाकलापहरूको फरफारक<br>➢ तेश्रो चौमासिक सामाजिक शुरक्षा भत्ता रकम निकाशा |
| १२ | आषाढ | ➢ वार्षिक नीति तथा कार्यक्रम र वर्षे गाउँसभा सम्पन्न<br>➢ बाँकी रहेका कार्यक्रम तथा योजनाहरूको अन्तिम भुक्तानी<br>➢ वार्षिक हिसाव मिलान तथा आर्थिक वर्ष समापन |

# गाउँपालिका स्थापनादेखि हालसम्मको बेरूजुको अवस्था

| सि.नं. | आर्थिक वर्ष | गत आर्थिक वर्षसम्मको बाँकी | यो आर्थिक वर्षको फर्छौट | बेरुजु बाँकी | यो आर्थिक वर्षको बेरुजु | कूल बेरुजु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २०७३/०७४ | ० | ० | ० | ५,१९,६५,०००। | ५,१९,६५,०००। | साविकका गाविसहरूबाट जिम्मेवारी सरिआएको |
| २ | २०७४/०७५ | ५,१९,६५,०००। | ४,९८,४०,०००। | २१,२५,०००। | ५८,६५,८५५। | ७९,९०,८५५। | |
| ३ | २०७५/०७६ | ७१,९०,०००। | ० | ७१,९०,०००। | ३,१२,२६,०००। | ३,८४,१६,०००। | |
| ४ | २०७६/०७७ | ३,८४,१६,०००। | ९५०२,०००। | २,८९,१४,०००। | १,८४,४२,०००। | ४,७३,५६,०००। | |
| ५ | २०७७/०७८ | ४,७३,५६,०००। | ४,१७,९२,४१३। (फर्छौटका लागि पेश गरिएको) | ० | ० | ० | अन्तिम प्रतिवेदन आइनसकेको |

# हालसम्मका कार्यालय प्रमुख

| क्र.सं. | नाम, थर | पद | ठेगाना | कार्यअवधि | |
|---|---|---|---|---|---|
| | | | | देखि | सम्म |
| १ | कुल प्रसाद अर्याल | निमित्त कार्यकारी अधिकृत | बगनासकाली-४, पाल्पा | २०७३।११।३० | २०७३।१२।०८ |
| २ | रामचन्द्र अर्याल | प्रमुख प्रशासकीय अधिकृत | पु.ब.न.पा.-११, स्याङ्जा | २०७३।१२।९ | २०७५।५।२८ |
| ३ | सुन्दर प्रसाद श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | रिब्दीकोट गा.पा.-४, पाल्पा | २०७५।६।२८ | २०७७।६।२९ |
| ४ | सुरेश घिमिरे | प्रमुख प्रशासकीय अधिकृत | रामपुर न.पा.-३, पाल्पा | २०७७।७।२६ | २०७८।०४।११ |
| ५ | विष्णु घर्ती 'भनभनेली' | प्रमुख प्रशासकीय अधिकृत | मदाने गा.पा.-७, गुल्मी | २०७८।०४।१४ | हालसम्म |

# चालू आ.व. २०७८/०७९ को अर्धवार्षिक अवधिमा आफ्नै पहलमा गरिएका प्रत्येक महिनाका मूख्य छ/छ वटा कार्यसम्पादन प्रगति विवरण

विष्णु घर्ती 'भनभनेली', प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | सम्पादित मूख्य मूख्य क्रियाकलापहरू |
|---|---|
| **श्रावण महिना** | |
| ०१ | ➲गाप्टुङ्गमा सञ्चालित साप्ताहिक आयुर्वेद स्वास्थ्य क्लिनिकलाई अर्ध साप्ताहिक बनाइएको । |
| ०२ | ➲चालू आ.व.का लागि वार्षिक कार्ययोजना पारित गरी प्रथम पटक लागू गरिएको । |
| ०३ | ➲कार्यपालिका बैठकमा बैठक संख्यासहितको व्यानर, राष्ट्रिय गानको सम्मान, उपस्थिति र निर्णयहरू नेपाली कागजमा प्रमाणित, प्रस्तावहरूसहितको पत्राचार तथा कार्यसूची वितरण गर्ने व्यवस्था पहिलो पटक गरिएको । |
| ०४ | ➲सार्वजनिक सेवाप्रवाह सम्बन्धमा गा.पा.अध्यक्ष र प्र.प्र.अ. बीच तथा प्र.प्र.अ. र अन्य कर्मचारी बीच प्रथम पटक वार्षिक कार्यसम्पादन करार संझौता गरी लागू गरिएको । |
| ०५ | ➲कार्यपालिका कार्यालयमा प्रथम पटक प्रत्येक दिन दश बजे राष्ट्रिय गान बजाउने, त्यसमा सहभागी हुने र दैनिक कार्यसम्पादनमा लाग्ने गरिएको । |
| ०६ | ➲वडा सचिव र स.क.अ.हरूलाई राजस्व संकलनको सफ्टवयेर सम्बन्धी एक दिने अभिमुखीकरण सम्पन्न गरिएको । |
| **भदौ महिना** | |
| ०७ | ➲सिद्दार्थ राजमार्गबाट कार्यालय प्रवेश गर्ने मूख्य स्थलमा सीसीटीभी जडान गरिएको । |
| ०८ | ➲कार्यालयको लेटरप्याडको प्रयोगमा एकरूपताका लागि पहिलो पटक मापदण्डहरू तय गरी नमूनासहित लागू गरिएको । |
| ०९ | ➲निजामती सेवा दिवसका अवसरमा शुभकामना आदान-प्रदान प्रथम पटक सम्पन्न गरिएको । |
| १० | ➲मासिक कार्यप्रगति प्रतिवेदन एकीकृत गरी सम्प्रेषण गर्ने गरिएको । |
| ११ | ➲सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता सम्बन्धी प्रणाली सञ्चालनका लागि वडा सचिव र सहायकहरूलाई तालिम सम्पन्न गरिएको । |
| १२ | ➲सबै कर्मचारीहरूको बैंक खाता गा.पा.को कारोवार गर्न तोकिएको बैंकमा खोलाई हरेक भुक्तानीलाई बैंकिङ्ग प्रणालीमार्फत गर्ने व्यवस्था गरिएको । |
| **असोज महिना** | |
| १३ | ➲एकै समयमा प्रथम पटक तीन स्थान (राम्दी, आर्यभञ्ज्याङ्ग र चापपानी क्षेत्रमा बजार अनुगमन सम्पन्न गरिएको । |
| १४ | ➲हरेक शुक्रबार कार्यालय परिसर सरसफाई गर्ने कार्य आरम्भ गरिएको । |
| १५ | ➲गत आ.व. २०७७/०७८ मा भए गरेका सम्पूर्ण कार्यहरूको वार्षिक प्रगति समीक्षा प्रथम पटक सम्पन्न गरिएको । |
| १६ | ➲प्रथम पटक शुभ साइतमा जनप्रतिनिधि र कर्मचारीहरूको उपस्थितिमा राष्ट्रिय झण्डा पुजन, परिवर्तन, झण्डोत्तोलन तथा महान चाडपर्वहरूको शुभकामना आदान-प्रदान गरिएको । |
| १७ | ➲कार्यालय हाता भित्रका रुख बुट्यान कटानछटान गरी रंगरोगन तथा नाम अंकित गरिएको । |
| १८ | ➲सामाजिक सुरक्षा भत्ता वितरण, प्रणालीमा अभिलेखीकरण र व्यक्तिगत घटना दर्ता सम्बन्धी पञ्जिकरण शाखा, वडा सचिवहरू, बैंक र डिजिटाइजेशनकर्तासँग छलफल गरिएको |

| | |
|---|---|
| **कार्तिक महिना** | |
| १९ | ➲प्रथम पटक वडातहमै योजना संझौता गर्ने र बैंक खाता खोल्ने अभियान सम्पन्न गरिएको। |
| २० | ➲सभाहल तथा कार्यकक्ष व्यवस्थापनमा गा.पा.को दीर्घकालीन सोंच, सरकारहरूको प्रतीक चिन्ह, राष्ट्रिय झण्डा तथा चिन्हहरू, टेवलहरू, राज्य/सरकार प्रमुखहरूका तस्वीर, गाउँसभा/कार्यपालिकाका तस्विर/विवरण राख्ने, प्रमाण पत्रहरू आदि मिलाएर राखिएको। |
| २१ | ➲कार्यालयबाट हुने आन्तरिक खर्चलाई मितव्ययी तथा नियन्त्रण गर्नको लागि कार्यसञ्चालन निर्देशिका, २०७८ पारित गराई लागू गरिएको। |
| २२ | ➲गत आ.व. २०७७/०७८ को जिल्लास्तरीय वार्षिक प्रगति समीक्षा गोष्ठीमा गाउँपालिकाको तर्फबाट प्रस्तुतीकरण सबैभन्दा छोटो र उत्कृष्ट भएको। |
| २३ | ➲सबै कर्मचारीहरूले पोशाक, परिचय पत्र, नेमट्याग, राष्ट्रिय झण्डा प्रयोग गर्ने गरिएको। |
| २४ | ➲गाउँपालिकाको समग्र पहिचान झल्कने गरी प्रतीक चिन्ह (लोगो) बनाई लागू गरिएको। |
| **मंसिर महिना** | |
| २५ | ➲राजमार्गबाट कार्यालय प्रवेश मार्ग किनारको पेटी तथा मूल गेटबाट उकालो मोटरबाटोको किनारमा टायर गाडी रंग रोगन गराइएको। |
| २६ | ➲कार्यालय परिसरका सबै भवनमा गमलासहितका विभिन्न किसिमका फुलहरूको व्यवस्थापन एवम् ईटाको क्यारी बनाई फुल रोप्ने काम गरिएको। |
| २७ | ➲पहिलो पटक खरिद इकाई गठन गरी कार्यान्वयन गरिएको। |
| २८ | ➲गत आ.व. २०७७/०७८ को प्रारम्भिक आ.ले.प. प्रतिवेदनमा छलफल गरी सुधार गर्ने प्रक्रिया अगाडि बढाइएको। |
| २९ | ➲लैंगिक हिंसा विरुद्दको सोह्र दिने अभियान अन्तरगत कार्यालय परिसर तथा गा.पा.का विभिन्न मूख्य स्थानमा सडक नाटक प्रस्तुत भएको। |
| ३० | ➲पहिलो पटक चालू आ.व.को प्रथम चौमासिक प्रगति समीक्षा सम्पन्न गरिएको। |
| **पुस महिना** | |
| ३१ | ➲गत आ.व. २०७७/०७८ तथा चालू आ.व. २०७८/०७९ को अर्धवार्षिक सार्वजनिक सुनुवाई सम्पन्न गरिएको। |
| ३२ | ➲नयाँ लोगोसहितको साइनबोर्ड तथा स्वागत बोर्ड परिवर्तन गरिएको। |
| ३३ | ➲सभा र कार्यक्रमको मिश्रित मोडेलमा एघारौं गाउँसभा सम्पन्न भएको। |
| ३४ | ➲कार्यालयको तर्फबाट पाँच जना कर्मचारीलाई सम्मानित गरिएको। |
| ३५ | ➲कार्यालयको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रथम पटक गर्ने कार्य भएको। |
| ३६ | ➲कार्यालयको वेभसाइटमा अधिकांश सूचनाहरू सार्वजनिक गर्ने गरिएको। |

## अपाङ्गता सम्बन्धी मर्यादित शब्दावली

| अपमानजनक X | मर्यादित √ |
|---|---|
| लुलो, कुँजो, लङ्गडो, खोरण्डो, बाउन्नवीर, वामपुड्के, डुँडो | शारीरिक अपाङ्गता |
| लठेब्रो, गोज्याङ्ग्रो | बौद्धिक अपाङ्गता |
| खुँडे | वाक् अपाङ्गता |
| कानो, अन्धो | दृष्टि विहिन |
| बहिरो, वक्क लाटो | बहिरा अपाङ्गता |
| हकला | भकभके |
| अन्धोलाटो | श्रवण-दृष्टिविहिन |

# स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा

## (आ.व. २०७७/०७८)

| | |
|---|---|
| जम्मा प्राप्ताङ्क | ५४% |
| समग्र स्थिति | ३४.५२% |
| प्रक्रियागत स्थिति | ३२.३५% |
| परिमाणात्मक स्थिति | ५०.००% |
| **स्व–मूल्याङ्कन विषय क्षेत्रहरूमा प्राप्त स्कोर प्रतिशत** | |
| शासकीय प्रवन्ध | ८०.५६% |
| संगठन तथा प्रशासन | ४३.७५% |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | ४५.४५% |
| वित्तीय एवम् आर्थिक व्यवस्थापन | ४५.४५% |
| सेवा प्रवाह | ६०.९४% |
| न्यायिक कार्य सम्पादन | १००% |
| भौतिक पूर्वाधार | ३८.४६% |
| सामाजिक समावेशीकरण | ४५% |
| वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ११.११% |
| सहकार्य र समन्वय | १००% |
| **स्व–मूल्याङ्कन विषय क्षेत्रहरूमा प्राप्त अंक** | |
| १. शासकीय प्रवन्ध | ७.२५/९.०० |
| २. संगठन तथा प्रशासन | ३.५/८.०० |
| ३. वार्षिक बजेट तथा योजना व्यवस्थापन | ५/११.०० |
| ४. वित्तीय एवम् आर्थिक व्यवस्थापन | ५/११.०० |
| ५. सेवा प्रवाह | ९.७५/१६.०० |
| ६. न्यायिक कार्य सम्पादन | ७/७.०० |
| ७. भौतिक पूर्वाधार | ५/१३.०० |
| ८. सामाजिक समावेशीकरण | ४.५/१०.०० |
| ९. वातावरण संरक्षण तथा विपद व्यवस्थापन | १/९.०० |
| १०. सहकार्य र समन्वय | ६/६.०० |
| **जम्मा** | **५४/१००** |

## (आ.व. २०७६/०७७)

| | |
|---|---|
| जम्मा प्राप्ताङ्क | ४०.७५% |
| समग्र स्थिति | ३४.५२% |
| प्रक्रियागत स्थिति | ३२.३५% |
| परिमाणात्मक स्थिति | ५०.००% |
| स्व–मूल्याङ्कन विषय क्षेत्रहरूमा प्राप्त स्कोर प्रतिशत | |
| शासकीय प्रवन्ध | ६६.६७% |
| संगठन तथा प्रशासन | ३७.५% |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | २७.२७% |
| वित्तीय एवम् आर्थिक व्यवस्थापन | ४५.४५% |
| सेवा प्रवाह | ४०.६३% |
| न्यायिक कार्य सम्पादन | ७८.५७% |
| भौतिक पूर्वाधार | २६.९२% |
| सामाजिक समावेशीकरण | ३५% |
| वातावरण संरक्षण तथा विपद व्यवस्थापन | २२.२२% |
| सहकार्य र समन्वय | ४५.८३% |
| **स्व–मूल्याङ्कन विषय क्षेत्रहरूमा प्राप्त अंक** | |
| १. शासकीय प्रवन्ध | ६/९.०० |
| २. संगठन तथा प्रशासन | ३/८.०० |
| ३. वार्षिक बजेट तथा योजना व्यवस्थापन | ३/११.०० |
| ४. वित्तीय एवम् आर्थिक व्यवस्थापन | ५/११.०० |
| ५. सेवा प्रवाह | ६.५/१६.०० |
| ६. न्यायिक कार्य सम्पादन | ५.५/७.०० |
| ७. भौतिक पूर्वाधार | ३.५/१३.०० |
| ८. सामाजिक समावेशीकरण | ३.५/१०.०० |
| ९. वातावरण संरक्षण तथा विपद व्यवस्थापन | २/९.०० |
| १०. सहकार्य र समन्वय | २.७५/६.०० |
| **जम्मा** | **४०.७५/१००** |

# विषयगत शाखाको अर्धवार्षिक कार्य प्रगति विवरण

**(चालु आ.व. ०७८/०७९ को श्रावण देखि पौष मसान्तसम्म मात्र)**

यस गाउँपालिकाको चालू आ.व.०७८।०७९ को श्रावणदेखि पौष महिनासम्मको विषयगत शाखाबाट प्राप्त अर्धवार्षिक कार्य प्रगति विवरणको मूख्य मूख्य ६ वटा कार्यहरू जस्ताको तस्तै समावेश गरिएको छ।

**योजना शाखा**

१. सम्झौता भएका योजना तथा कार्यक्रहरू २२६ मध्ये हालसम्म ३५ वटा सम्पन्न भएको।

२. समपुरक कोषतर्फ जम्मा योजना संख्या ५ को इविड प्रक्रिया मार्फत सम्झौता भएको।

३. गाउँपालिकाको प्रशासकीय भवनको टेण्डर प्रकृया बोलपत्र आह्वान गरि मूल्यांकनको चरणमा रहेको।

४. बगनासकाली गाउँपालिकामा चालू आ.व.मा सञ्चालन हुने योजना तथा कार्यक्रमका उ.स.का पदाधिकारीहरूका लागि तालिम सम्पन्न गरिएको।

५. वडा स्तरमा योजना सम्झौता र बैंक खाता खोल्ने अभियान सम्पन गरिएको।

६. मिति २०७८।०६।१५ गते ३ वटा बजार क्षेत्रहरूमा एकै पटक बजार अनुगमन गरि ८३ वटा पसलको अनुगमन गरि ७,८८०। बराबरको म्याद गुज्रेका अखाद्य बस्तु बरामद गरिएको।

**शिक्षा शाखा**

१. कक्षा १ गतेदेखि ८ सम्म प्रथम त्रैमासिक परीक्षा सञ्चालन तथा अनुगमन।

२. बालमैत्री फोकल पर्सन ३४ जना शिक्षकहरूलाई अभिमुखीकरण तालिम सम्पन्न।

३. विद्यालय सहयोगी तथा शिक्षक कर्मचारी छनौट सम्बन्धी कार्य सम्पन्न।

४. चालू २०७८/०७९ को शिक्षक तलवी प्रतिवेदन पारित।

५. चालू २०७७/०७८ को बार्षिक अडिट कार्यमा सहयोग।

६. दैनिक नियमित कार्य तथा बिद्यालयहरूको नियमित अनुगमन आदि।

**स्वास्थ्य शाखा**

१. गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरू मार्फत १९ पटक खोप सञ्चालन गरी १२२५२ जनालाई कोभिड १९ को पूर्णखोप दिईएको।

२. गत आ.व. को वार्षिक समीक्षा सम्पन्न गरिएको।

३. कोभिड १९ रोगको रोकथामका लागि आईसोलसन ब्यवस्थापन, सचेतीकरण तथा एन्टिजेन टेस्ट गरिएको।

४. स्वास्थ्य संस्थाहरूका लागि आवश्यक औषधीजन्य सामानहरू ई.टेण्डरबाट खरिद गरी बितरण गरिएको।

५. विभिन्न संघ संस्थाहरूको समन्वयमा स्वास्थ्य संस्थाहरूमा हात धुने सेट जडान तथा कोभिड १९ को नियन्त्रणका लागि सचेतीकरण तालिम सञ्चालन गरिएको।

६. प्रत्येक वडाहरूमा जेष्ठ नागरिकहरूका लागि घर दैलो सेवा दिइएको।

**सामाजिक सुरक्षा तथा पञ्जिकरण (सेवा इकाई)**

१. प्रणालीमार्फत सा.सु. भत्ता वितरण गर्नका लागि गाउँपालिकाका सबै लाभग्राहीको बैंक खातामा फरवार्ड फिडमार्फत माग गरी रिभर्स रिसिभ गरिएको।

२. दोस्रो त्रैमासिक सा.सु. भत्ता वितरणका लागि ७५ वर्षमाथि र पूर्ण असक्त लाभग्राहीको विवरण संकलन गरी बैंक तथा सेवा इकाईमा सूचीकृत तथा दोस्रो त्रैमासिकको बैंकिङ्ग प्रणालीमा पठाइएको।

३. वाड सचिव र स.क.अ. हरूलाई सा.सु. प्रणाली अद्यावधिक सम्बन्धी अभिमुखीकरण सम्पन गरिएको।

४. बैंकमार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको नवीकरण सम्बन्धी सबै वडामा प्रचार सामग्रीसहित सचेतना अभियान सञ्चालन गरिएको।

५. सामाजिक सुरक्षा, पञ्जिकरण, गुनासो सुनुवाई सम्बन्धी विभागबाट प्राप्त रेडियो स्कृप्ट २ वटा स्थानीय रेडियोबाट नियमित प्रचार प्रसार गर्ने व्यवस्था मिलाइएको।

६. व्यक्तिगत घटना दर्ता संशोधन माग, विद्यालय भर्ना, नागरिकता लगायतका गुनासोहरू सूचीकृत गरी विभाग, समन्वय समिति र नियमसगत फर्स्यौट तथा विभागीय सिफारिस तथा फर्स्यौटमा सहजीकरण गरिएको (१ दर्जनबढी)।

**आ.ले.प. शाखा**

१. गत आ.व.को आन्तरिक लेखापरीक्षण तथा प्रतिवेदन तयार पारी पेश गरिएको।

२. १४ वटा सहकारीहरूको नियमित अनुगमन गरिएको।

३. सहकारी सञ्जालका सदस्यहरूलाई रिब्दीकोट गाउँपालिकामा लागि अन्तरक्रिया छलफल कार्यक्रम सम्पन्न गरिएको।

४. सहकारी सञ्जालसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।

५. जिन्सी निरीक्षण सम्पन्न गरि प्रतिवेदन पेश गरिएको।

६. बेरुजु असुलीको लागि विभिन्न संघ संस्थामा पत्राचार गर्नुको साथै

फछ्र्यौटको लागि पहल गरेको।

**रोजगार शाखा (प्रधानमन्त्री रोजगार कार्यक्रम)**

१. सात वटा वडाका जम्मा २० वटा योजनाहरू सम्झौता गरिएको।

३. सात वटा वडाका काम गर्ने श्रमिकहरूको ७० जनाको खाता खोल्न नेपाल बैंकलाई चिठी पठाइएको।

४. सम्झौता भएका योजनाहरू रोजगार व्यवस्थापन सूचना प्रणाली (Emis) मा एन्ट्रि गरिएको।

५. श्रमिकहरूलाई काममा खटाई सो को विवरण रोजगार ब्यवस्थापन सुचना प्रणाली (Emis) मा एन्ट्रि गरिएको।

६. वडा नं. १, २, ७ ,८, ९ मा सञ्चालन भएका योजनाहरूको अनुगमन गरिएको।

**प्रशासन तथा राजस्व शाखा**

| ७ | खानीगाउँ | १२६२ | १०६ | ४१० | ९२८ | २८९ | भर्खरै संचालनमा आएको | - | १२ | १८ | ४९ | ६१० | ९३८ | १५३ | १३२ | १६३ |
| ८ | बराङ्दी | ११०१ | ५८ | २०३ | ३३९ | १२५ | - | - | ७ | ७ | ३० | ९०८ | ९१५ | ७० | ६६ | ३०१ |
| ९ | चापपानी | १३०९ | १२१ | ७७० | ११५१ | २१९ | ७ | १८ | १० | ११ | १०६ | ६७६ | २६९८ | १६८ | १५१ | ३९५ |
| १० | दर्पुक सामुदायिक स्वा.इकाई, यम्घा | १३७६ | - | | - | ८२ | - | - | ७ | ४ | ५१ | १२२५ | - | - | - | - |
| | जम्मा | १४,११५ | १,१५८ | ४,३०० | ८,२४२ | २,३२० | ११ | ३८ | १३३ | १३० | ७२८ | ९,७७१ | १४८५४ | १,४५९ | १,३२६ | ३३०६ |

## बराङ्दी आयुर्वेद सेवा इकाई

### १. सेवा लिएका बिरामी संख्या

| | | |
|---|---|---|
| क. | बहिरङ्ग (ओ.पि.डी.) सेवा | ११०४ |
| ख. | जेष्ठ नागरिक सेवा | ४३ |
| ग. | स्तनपायी सेवा | २९ |
| घ. | आयुर्वेद गाउँघर क्लिनिक सेवा | १०१० |
| ङ. | योग सेवा | ८ |
| च. | पूर्वकर्म/पञ्चकर्म सेवा | ५८ |
| | जम्मा | २२५२ जना |




२. राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी दिवस मनाइएको।

३. अत्यावश्यक आयुर्वेद औषधी खरीद गरी जेष्ठ नागरिकको लागि औषधी, स्तनपायी आमाको लागि औषधी, गाउँघर क्लिनिकबाट सर्वसाधारणहरूका लागि निःशुल्क वितरण गरिएको।

४. कोभिड-१९ बाट संक्रमित विरामीहरूको घर-घरमा गई रोग प्रतिरोधात्मक क्षमता बढाउने खालका औषधी वितरण गरिएको।

५. पाल्पा आयुर्वेदबाट सञ्चालित क्षमता अभिवृद्धि तालिमपश्चात् औषधालयमा स्नेहन/स्वेदन कार्यक्रम अझ प्रभावकारी रूपमा सञ्चालन गरिएको।

## कोभिड १९ अस्थायी अस्पताल, पोखराथोक

१. कोभिड १९ को विरामीलाई २४ घण्टा सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको।

२. कोभिड १९ विरुद्धको खोप अभियानमा विभिन्न संस्थामा गई सेवा दिइएको।

३. कोभिड १९ बाट संक्रमित बिरामीहरूकको घरघरमा पुगी परामर्श, फलोअप तथा निःशुल्क औषधी बितरण गरिएको।

४. विभिन्न संस्थाहरू (Karitas Nepal, Gorkha Welfare Trust Nepal, Caritas Nepal) बाट अनुदान स्वरूप प्राप्त सामानहरू व्यवस्थापन गरिएको।

५. कोभिड १९सम्बन्धी जनचेतनामूलक शिक्षा विभिन्न विद्यालयहरूमा र समुदायमा प्रदान गरिएको।

६. दैनिक रूपमा Antigen Test सेवा प्रदान गरिएको।

७. कोभिड १९ पोजेटिभ र नेगेटिभ बिरामीहरूको प्रतिवेदन प्रविष्ठ तथा अद्यावधिक गरिएको।



# सार्वजनिक सुनुवाई प्रतिवेदन, २०७८

**भूमिका**

सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखापरिक्षण भनेको कुनै पनि समूह तथा संस्थाको पारदर्शिता र जिम्मेवारीलाई सुदृढ गर्न अपनाइने एउटा सहभागितामूलक प्रक्रिया हो। सूचनाको आदानप्रदान तथा प्रश्नोत्तर विधिबाट स्थानीय समुदायलाई आफुले गरेका कामको मुल्याङकन गर्ने अवसर प्रदान गर्ने एक विधि पनि हो। सार्वजनिक सुनुवाईबाट आएका सवालहरू तथा सिफारिस गरिएका विषयहरू क्रमिक रूपमा कार्यान्वयन गरिन्छ। आवधिक रूपमा पुनरावलोकन तथा समिक्षा गरिन्छ।

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक निर्माण गरिएको छ। सोही विधेयकको परिच्छेद-१० को आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्न पद्धतिमा सार्वजनिक सुनुवाईको व्यवस्था गरेको।

गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परिक्षण, सामाजिक परिक्षण र सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम संचालन गर्नु पर्दछ। सोही अनुसार बगनासकाली गाउ'पालिकाले पाल्पा विकास केन्द्रसँगको समन्वयमा २०७८ पुस २० गते सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ।

**सार्वजनिक सुनुवाईको उद्देश्य**

- गाउँपालिकाको सेवा उपभोग गर्ने क्रममा आइपर्ने समस्याका बारेमा सर्वसाधारणले खुलेर आफ्ना समस्या राख्ने अवस्था सिर्जना गर्ने।
- गाउँपालिकाले गरेका कार्यक्रम, प्रगति, आइपरेका समस्या आदी बिषयहरू पालिकाबासीसम्म पुर्‍याउने।
- गाउँपालिकाले प्रदान गर्ने सेवामा भएका गुनासाहरू, स्पष्ट नभएका विषयहरूको सम्बोधन गर्दै प्रभावकारी तथा सेवाग्राहीमैत्री बनाउने उपायको खोजी गर्ने।
- पालिका र नागरिक बीचको सम्बन्धलाई थप सुधार गर्ने।

सहजिकरण संस्था र व्यक्ति : पाल्पा विकास केन्द्र, तानसेन

सहजकर्ता : किरण कौशल, शर्मिला थापा र विष्णु घिमिरे

**सार्वजनिक सुनुवाईको कार्य विवरणहरू**

- प्रश्न निर्माण तथा आवश्यक तयारी।
- सार्वजनिक सुनुवाई सहजिरकण।
- सेवाग्राहीहरूसँग सेवाका बारेमा प्रश्नावलीहरू।
- प्रतिवेदन निर्माण।

सार्वजनिक सुनुवाई स्थलः बगनासकाली गाउँकार्यपालिकाको कार्यालय सभाहल चिर्तुङ्गधारा, पाल्पा।

सार्वजनिक सुनुवाई गर्ने अवधि : गत आ.व.०७७/७८ र चालू आ.व. अर्धवार्षिक

सार्वजनिक सुनुवाई मिति : २०७८ पुस २० गते

सार्वजनिक सुनुवाईमा सहभागी संख्या : १२६ जना

सार्वजनिक सुनुवाई सञ्चालन गरिएको समयावधि :५ घण्टा

**सार्वजनिक सुनुवाई कार्यक्रममा समावेश विषयहरू**

- गाउँपालिकाबाट सेवाग्राहीहरूलाई उपलब्ध गराइएका वा गराइने सेवा सुविधाहरूको बारेमा जानकारी समावेश गरिएको प्रतिवेदन प्रस्तुत
- गाउँपालिकासँग सम्बन्धित समस्या, जनगुनासो तथा उजुरी,
- गाउँपालिकाबाट गत आर्थिक वर्षमा प्राप्त उपलब्धीहरू र चालू आर्थिक वर्षमा सञ्चालन गर्न लागिएका योजना, परियोजना, कार्यक्रम, बजेट आदिका बारेमा सम्बन्धित सरोकारवाला तथा अन्य इच्छुकलाई विस्तृत जानकारी दिने विषय,
- गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रमको सकारात्मक वा नकारात्मक प्रभावबारे मूल्याय्न गर्ने विषय,
- गाउँपालिकाको वडास्तरबाट संकलन गरिएको सुझाव सहितको वृत्तचित्र
- अघिल्लो सार्वजनिक सुनुवाईमा औंल्याइएका विषयमा भएका सुधारको उपलब्धी।

**मूख्य सवालहरू**

- गाउँपालिकाले लिएको नीति तथा कार्यक्रम र बजेट अनुसार कार्यान्वयनको अवस्था कस्तो छ।
- गाउँपालिकाले आन्तरिक आम्दानी बृद्धिमा के कस्ता कार्यक्रम अगाडि सारेको छ।
- विगतमा जनप्रतिनिधिहरूले गरेका बाचा पुरा भएको छ वा कस्तो छ ?
- योजना छनौटमा बस्तिस्तर हुदै वडा र पालिकासम्म पुगेको छ कि पहुँचका आधारमा भन्ने विषयमा ध्यान दिनुपर्दछ।

**सार्वजनिक सुनुवाईको ढाँचा र व्यवस्था**

- बगनासकाली गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालको अध्यक्षता।
- स्वागत मन्तव्य र गाउँपालिकाबाट प्रवाह गर्ने सेवा, सुविधा, बजेट कार्यक्रमको बारेमा प्रमुख प्रशासकीय अधिकृत विष्णु घर्तीद्वारा प्रस्तुतिकरण।
- गाउँपालिकाले आर्थिक वर्ष २०७७/०७८ र ०७८/०७९ मंसिरसम्म भएका गतिविधि, प्रगति, सुधार गरिएका बिषय, समाधान गर्न खोजिएका समस्याहरू, भावी योजना, सेवा प्रवाहमा देखिएका जटिलता, कोरोना कहरले पारेको प्रभाव आदि।
- सार्वजनिक सुनुवाईको आचारसंहिताबारे जानकारी
- नागरिक प्रतिवेदन पत्र
- सेवाग्राही अभिमत संकलन प्रस्तुती
- वृत्तचित्र प्रदर्शनी
- जिज्ञासा, सुझाव संकलन र प्रश्न उत्तर खुल्ला

**सेवाग्राही अभिमत अनुसार**

| विषय क्षेत्र | अवस्था |
|---|---|
| नागरिक बडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्बन्धमा, | • नागरिक बडापत्र पुरानो र कम प्रयोग भएको हुँदा सबै वडामा नयाँ निर्माण गर्नुपर्ने साथै यस बारेमा सबै नागरिकलाई जानकारी दिनुपर्ने । • नागरिकहरूले गुनासा राख्ने र उजुरी पेटिका मार्फत उजुरी दिने वातावरण प्रदान गर्नुपर्ने । |
| सेवा सम्बन्धी जनकारी | कम देखियो, जानकारी दिने विषयलाई बढाउनु पर्ने देखिन्छ। |
| सेवाको सन्तुष्टी | ठिकै देखियो तर सन्तुष्ट बनाउनेतर्फ लाग्नु पर्ने । |
| सेवाको नियमितता | ठिकै देखियो तर सन्तुष्ट बनाउनेतर्फ लाग्नु पर्ने । |
| सेवा प्रतिको जनविश्वास | ठिकै देखियो तर विश्वस्त बनाउनेतर्फ लाग्नु पर्ने । |
| सेवाको गुणस्तर | सन्तुष्ट देखियो तर विश्वस्त/धेरै बनाउनेतर्फ लाग्नु पर्ने, गाउँपालिकाले जनतामैत्री सेवाप्रवाह गर्न अझै कर्मचारीलाई क्षमता विकास तथा आवश्यक परामर्श आवश्यक देखियो । |
| पारदर्शिता सम्बन्धी | अझै स्पष्ट पार्न आवश्यक देखियो, त्यसका विधिहरूको प्रयोगलाई बढाउनु पर्ने देखियो । |
| पूर्वाधार तथा सरसफाई सम्बन्धी | • पूर्वाधार निर्माणमा अनुगमन बढाउनु पर्ने देखियो । • उपभोक्ता समितिको क्षमता विकास गर्नुपर्ने । • पूर्ण सरसफाई अभियान सञ्चालन प्रभावकारी देखियो । |
| आर्थिक स्रोत र कार्यशैली | • आर्थिक अनुशासन कायम भए पनि मुल्य अभिबृद्धि करका बारेमा र अन्य करका बारेमा स्पष्टता आवश्यक देखियो । • गाउँपालिकाले असार महिनामा बढी भुक्तानी गर्दा आर्थिक सन्तुलन कायममा अप्ठारो परेको देखियो । |

**नागरिक प्रतिवेदन अवस्था**

सुझावः गाउँपालिकाले हासिल गरेका उपब्धीहरूलाई ब्रोसर वा लिफलेट तथा बुलेटिनमार्फत अझै समुदायस्तरसम्म पुऱ्याउन आवश्यक रहेको पाइयो ।

**सेवाग्राही अभिमत अनुसार**

| सि.नं. | सेवाको नाम | मुल्याङ्कन | | | अवस्था |
|---|---|---|---|---|---|
| १ | सेवा लिनका लागि कोसंग सर्म्पक गर्ने भन्ने बारेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट ५० प्रतिशत | ठिकै ५० प्रतिशत | अस्पष्ट ० प्रतिशत | सन्तोषजनक अवस्था देखियो। |
| २ | सेवा प्रदान गर्ने कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै ३० प्रतिशत | ठिकै ४० प्रतिशत | थोरै ३० प्रतिशत | अपेक्षा थोरै बुझे भन्नेलाई न्यूनिकरण गर्न जरुरी छ। |
| ३ | सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार ५० प्रतिशत | ठिकै ५० प्रतिशत | अभद्र ० प्रतिशत | ठिकै देखियो। |
| ४ | सेवा प्राप्त गर्ने आवश्यक सूचनाहरू र प्रमाण, कागजात र शुल्क बारेमा सेवा प्रदान गर्ने कर्मचारीले स्पष्ट गरे की ? | अति स्पष्ट गरिदिए ६० प्रतिशत | ठिकै ४० प्रतिशत | अलमल/ अस्पष्ट ० प्रतिशत | ठिकै देखियो। |
| ५ | तपाईले राख्नु भएको समस्यालाई के-कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट २० प्रतिशत | ठिकै ५० प्रतिशत | समाधान दिन सकेनन् ३० प्रतिशत | समाधान दिन सकेनन् भन्ने पक्षलाई कम गर्नुपर्ने देखिन्छ। |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के-कस्तो लाग्यो ? | अति सजिलो ० प्रतिशत | ठिकै ८० प्रतिशत | लामो र झन्झटिलो २० प्रतिशत | अति सजिलो गरी भन्ने पक्ष बढाउनु पर्ने देखिन्छ। |

**सकारात्मक पक्षहरू**

- कर्मचारी मिलनसार र सोधेका कुराहरू स्पष्ट रूपमा सहज तरिकाले बताईदिने ।
- योजना सम्झौताहरू वडास्तरमै गर्ने भएकोले सहजता भएको ।
- बजार अनुगमन कार्यक्रम तथा उपभोक्ता सचेतिकरण भएको ।
- कोभिडको समयमा मृत्यु भएकालाई किरिया खर्च प्रदान गरिएको ।
- कोरोनाको बेला कृषि एम्बुलेन्स सेवा प्रदान गरिएको ।
- खानेपानी महशुलमा उपभोक्ता समितिहरूलाई सहयोग गरिएको ।
- शैक्षिक प्रमाणपत्र धितो राखेर कर्जा प्रवाहको व्यवस्था रहेको ।
- गाउँपालिको नयाँ प्रशासकीय भवन निर्माण थालनीको प्रक्रिया अन्तिम चरणमा रहेको ।

**सुधार गर्नुपर्ने विषयहरू**

- नागरिक वडापत्र स्पष्ट देखिने गरी नयाँ बनाउनुपर्ने ।
- जनचेतनामूलक काममा बढी ध्यान दिनुपर्ने ।
- व्यक्तिगत घटना दर्ताको सर्भर समस्यालाई समाधान गरी सेवा प्रवाहलाई छिटो बनाउनुपर्ने ।
- विकास निर्माणका कार्यहरू समयमै सम्पन्न गरी अनुगमन गरी भुक्तानी छिटो रूपमा गरिदिने ।
- योजनामा भएका विवादहरूलाई समयमै समाधान गर्नुपर्ने ।
- योजना छनौटमा सहभागिता कम भएकोले सहभागिता बृद्धि गर्नुपर्ने ।
- साना योजनाहरू संचालन गर्न झन्झटिलो हुने भएकोले योजना छनौट गर्दा दीर्घकालीन प्रभाव पार्ने योजनाहरूलाई प्राथमितामा राख्नुपर्ने ।
- योजना अनुगमनहरू थप प्रभावकारी बनाउने र उपभोक्ता समितिहरूको क्षमता विकास गर्नुपर्ने ।
- योजनाहरू समयमै सम्झौता गर्ने र सम्पन्न गर्ने वातावरण बनाउनु पर्ने ।
- खर्चको सार्वजनिकरण समयमै गरी पारदर्शितामा ध्यान दिनुपर्ने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवाका बारेमा आम नागरिकसम्म सूचना प्रवाहलाई चुस्त बनाउनु पर्ने ।
- सेवा लिदा चाहिने कागजपत्रका बारेमा वडा स्तरमा अभिमुखिकरण गर्नुपर्ने ।
- दक्ष जनशक्तिको व्यवस्थापन गरी कार्यक्रमलाई प्रभावकारी बनाउन सबै शाखाहरूलाई जिम्मेवार बनाउनुपर्ने ।
- प्राविधिक जनशक्तिले लागत अनुमान र मुल्याङ्कन गर्दा उपभोक्ता समितिले बुझ्ने गरी वा उनीहरूको चित्त बुझाउने गरी गर्नुपर्ने ।
- नक्सा पासको कामलाई कार्यान्वयनमा ल्याउनुपर्ने ।

**सहभागीहरुले राखेका प्रश्न र सुझावहरु**

**कमल प्रसाद भट्टराई, स्थानीय बासिन्दा वडा नं. ३**

सार्वजनिक सुनुवाई कार्यक्रममा अझै गाउँ र बस्तीस्तरका सहभागी गराएको भए राम्रो हुने थियो । चिलाङ्दी(मलेङ् हुदै राम्दी झर्ने बाटो कहिले कालोपत्रे हुन्छ ? कृषि क्षेत्रमा विनियोजन गरिएको कार्यक्रम र बजेटका बारेमा कृषकहरूसम्म पुऱ्याउने र सामाग्रीहरू, विउविजन वितरणमा एकरूपता गराउनु पर्ने सुझाव छ।

**विनादेवी गौतम, स्थानीय बासिन्दा वडा नं. ३ नायरनम्तलेस**

एकल महिलालाई छुट्टाएको बजेट बारेमा जानकारी दिनुहोला। उनीहरूको आयआर्जन र क्षमता विकास गर्ने बजेट छुट्टाउनुपर्ने र अन्य भत्ता प्रदान गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ। कृषि सम्बन्धी कार्यक्रम बढी लाभ पुग्ने गरी ल्याउनु होला। प्रत्यक्ष रूपमा कतिले लाभ पाउन सक्दछन् भन्ने ख्याल गरौ।

**केशव बहादुर रायमाझी, विद्यालय व्यवस्थापक समिति सदस्य, वडा नं. ३**

विकास निर्माणका योजनाहरू सम्पन्न भैसकेपछि हप्ता दिनभित्र फरफारक गर्ने गरी प्राविधिकले मुल्याङ्कन गर्ने अभ्यास थाल्नु पर्दछ। तार जाली तथा अन्य सामग्री वितरणमा सबैलाई समान हुने गरी गर्नुपर्दछ। विकास निर्माणको योजना छनौट गर्नुभन्दा पहिला दीर्घकालीन असर आदि कुरामा ख्याल गर्नु पर्दछ।

**खड्ग झेडी, प्रध्यानापक चण्डेश्वर आ.वि.**

विद्यालयमा बनाएको ढोका मुल्य र जिल्ला दररेट बीच तालमेल मिल्न नसक्दा बनाएको मुल्य भन्दा गाउँपालिकाबाट कम भुक्तानी भयो। जसले गर्दा विद्यालयले थप रकम व्यवस्थापन गर्न सक्ने अवस्था छैन कसरी त्यसको मुल्य समायोजन हुन सक्दछ, आधारभूत विद्यालयको आम्दानी निकै कम भएकाले कठिन भएको छ।

**नर बहादुर थापा, स्थानीय बासिन्दा वडा नं. १**

गाउँपालिकाले योजना निर्माण गर्दा वा समुहलाई यन्त्र उपकरण प्रदान गर्न खरिद गरिने सामग्रीको गुणस्तरमा ध्यान दिन आवश्यक देखिन्छ। कतिपय सामग्री कम टिक्ने गरेका छन्। त्यसमा ध्यान दिन आवश्यक छ।

**विजय बौडेल, रेडियो मदनपोखरा संवाददाता**

बालमैत्री गाउँपालिका घोषणामा दाबीमा केही अन्यौलता बढेको छ। बगनासकाली गाउँपालिका र रम्भा गाउँपालिका मध्ये कुन पहिलो हो त्यसको प्रमाणहरू के छन् ? वा यस्तो अन्यौलता किन देखियो स्पष्ट हुन अवश्यक छ।

**बसन्त बहादुर कुवँर, स्थानीय बासिन्दा**

यस आर्थिक वर्षमा टुक्रे योजनाहरू धेरै देखिए तर गत वर्ष साना योजनाहरू कम थियो। साना योजनाहरू बढी हुँदा उपलब्धी कम हुने गर्दछ। गाउँपालिकाले सहकारी लक्षित कार्यक्रम सञ्चालन खासै गरेको छैन, सहकारीलाई उपेक्षित गरे जस्तो देखिन्छ, कार्यक्रम बनाउनु पऱ्यो।

**मुक्ति प्रसाद बस्याल, स्थानीय बासिन्दा वडा नं. १**

कालीगण्डकी लिफ्ट खानेपानी योजनाको उपभोक्ता समिति परिचालन खासै भएको देखिएन, खानेपानी निर्माणको योजना कहाँ पुग्यो ? वडा नं १ भित्र रासायनिक मल वितरण गर्ने सहकारी सबैलाई पायक पर्ने स्थानमा भएन। किन माडीको किनारमा लगेको त्यसबारेमा जानकारी दिनुहोला।

**शुसिल बस्याल, स्थानीय बासिन्दा वडा नं. ८**

बाँदर नियन्त्रण गर्न गाउँपालिकाले कस्ता कार्यक्रम ल्याएको छ? गाउँपालिकाका बाटाहरूको स्तरउन्नति वर्षैपिच्छे गर्नुभन्दा दीर्घकालीन हुने गरी स्तर उन्नती गर्नेमा ध्यान दिनुहोला। गाउँपालिकाले लागुपदार्थ र जुवातास न्यूनीकरणमा अभियानहरू सञ्चालन गर्न आवश्यक छ। बजार अनुगमनलाई अझ प्रभावकारी बनाउने र घरेलु उत्पादन बृद्धि गर्नेमा ध्यान दिन आवश्यक छ। पर्यटकीय क्षेत्रमा विकास गर्न ध्यान दिनुहोला।

**अम्बिका पाण्डेः राष्ट्रिय उपाध्यक्ष, स्वतन्त्र पत्रकार संघ/परेवा प्रवन्धक**

गाउँपालिकाको बढ्दो बेरुजुलाई न्युनीकरण गर्न ध्यान दिन आवश्यक छ। गाउँपालिकाले सञ्चालन गर्ने सबै योजनाहरू पारदर्शीताको पक्षलाई अझै सुधार गरौं, स्थानीय स्तरमा रोजगारी सिर्जना हुने कार्यक्रम सञ्चालन गर्दै महिलाहरूको क्षमता विकासमा ध्यान दिनुहोला।

**हिरा गाहा, स्थानीय बासिन्दा वडा नं. ४**

वडा कार्यालय भवन निर्माणमा उ.स.को श्रमदान नगरेकोले बढी बेरुजु आएको छ। कम बेरुजु आउनमा ध्यान दिनु पऱ्यो।

**कर्ण बहादुर न्यौपाने, स्थानीय बासिन्दा, वडा नं. ६**

वडामा बजेट विनियोजन गर्दा वडाअध्यक्ष लगायत वडाका अन्य ५ जना व्यक्तिहरूले मात्रै गर्न थाले आमनागरिकको सहभागी बृद्धि गरैं। सम्बन्धित क्षेत्रको आवश्यकता हेरेर योजनाहरू छनौट गर्दा धेरै राम्रो होला। जनप्रतिनिधिहरूले योजना अर्थात विकास निर्माणको अनुगमन बढाउने र

विनियोजन गरेको रकम सही सदुपयोग भएको छ, छैन ? ध्यान दिने गरौँ ।

**भोजराज तिमिल्सिना, सह संयोजक बगनासकाली पत्रकार समुह**

सार्वजनिक सुनुवाईका उठेका सवालहरूलाई गाउँपालिकाले गम्भिरतापूर्वक लिएर सुधार गर्न लाग्नु पर्दछ। आम नागरिकमा गाउँपालिकाले गरेका सकारात्मक कामको प्रचार गर्ने र अझै काम गर्न बाँकी रहेका क्षेत्रमा सुधार गर्न ध्यान दिनुहोला। सञ्चारकर्मीको क्षमता विकास र अन्य गतिविधिहरू समावेश गर्नुहोला।

**यज्ञमूर्ति तिमिल्सिना, सचिव नेपाल पत्रकार महासंघ, पाल्पा**

लामो समयमा सार्वजनिक सुनुवाई कार्यक्रम गरियो यसलाई नियमति गर्नुपर्दछ। बालमैत्री गाउँपालिका घोषणाको सन्दर्भमा देखिएका अन्यौलता स्पष्ट गर्न जरुरी छ। योजना अनुगमन तथा घुम्ती कार्यक्रम आदीमा बढी खर्च भएको गुनासो आएको छ त्यसलाई ख्याल गरौँ। गाउँपालिकाले समग्र कामप्रति नागरिक स्तरबाट सकारात्मक धारणा विकास हुने गतिविधि गरौ।

**माधव नेपाल, उपभोक्त हित संरक्षण मञ्च, पाल्पा**

गाउँपालिकाले योजनाहरूको फरफारक छिटो छरितो गर्ने परीपाटीको विकास गरौँ। बजेट बिनियोजन गर्दा प्राथमिताकालाई आधार बनाएर गर्नु उपयुक्त हुन्छ। गाउँपालिकाले रोजगारमूलक कार्यक्रम बनाउन ध्यान केन्द्रित गर्नुपर्दछ। बजारमा भएको मूल्यबृद्धि, गुणस्तरीय बस्तु बिक्री वितरणजस्ता विषयमा अझै ध्यान दिन आवश्यक छ।

**निम नारायण ढुङ्गाना, नेकपा एकीकृत समाजवादी पार्टी, बगनासकाली**

गाउँपालिकामा पारदर्शीता पक्ष कमजोर छ कि वा आम नागरिकस्तरबाट यहाँ हुने खर्च प्रणालीको जानकारी कसरी लिन सकिने हो त्यो बनाउनु पर्दछ। कालीगण्डकी लिफ्ट खानेपानी उपभोक्ता समितिका काम किन रोकिएको छ। गाउँपालिकाले योजना छनौटमा दीर्घकालीन प्रभाव पार्ने खालको रोज्नुपर्दछ।

**खुम बहादुर वि.क. नेकपा माओवादी केन्द्र, बगनासकाली**

योजना छनौट र कार्यान्वयन बीच तालमेल मिलाउनु पर्दछ। बजेट वितरण समान रूपमा भयो कि भएन त्यसमा ख्याल गरौ ? गाउँपालिकाले युवायुवतीहरूलाई विदेश जानबाट रोक्न के कस्तो कार्यक्रम ल्याएको छ ? जातीय भेदभाव न्यूनीकरण तथा लक्षित समुदाय र वर्गको उत्थानका लागि कार्यक्रम सञ्चालन गर्न सक्नु पर्दछ।

**यमलाल तिमिल्सिना, नेपाली कांग्रेस, बगनासकाली**

सार्वजनिक सुनुवाई कार्यक्रम एउटा प्रजातान्त्रिक परीपाटी हो, यसले जनताहरूको अधिकार सुनिश्चित गर्ने गर्दछ अर्थात गाउँपालिकाले गरेका काम आम नागरिकसम्म पुग्न सक्दछ। समस्यालाई नजिकबाट हेरी त्यसकै आधारमा योजना बनाएर स्थानीयको आवश्यकता पुरा स्थानीय सरकारले गर्ने गरी कार्य गर्नुपर्नेछ। योजनाको सञ्चालन र फरफारक विधिवत गर्न उपभोक्ता समितिलाई समेत आवश्यक तालिम चलाउनु पर्ने देखिन्छ।

**हरि प्रसाद पाठक, नेकपा एमाले, बगनासकाली**

गाउँपालिकाले सूचना प्रवाह छिटो, छरितो र प्रभावकारी बनाउनु पर्दछ। गाउँपालिकाले ५ वर्षमा के गऱ्यो र के गरेन भनेर समीक्षा गर्ने बेला आएको छ। त्यसलै त्यो उपलब्धी सार्वजनिक गरौँ भन्ने लाग्दछ। पञ्चवर्षीय योजना लाखौ बजेट खर्च गरेर बनाईयो तर योजना कार्यान्वयन हुन सकेको छैन। त्यसमा ध्यान दिनुहोला। गाउँपालिकाले सडकहरूको स्तरउन्नति भएको उल्लेख भएपनि खासै सडकको अवस्थामा सुधार भएको छैन। विकास निर्माणका कार्यमा गुणस्तर बनाउने बारेमा ध्यान दिनुपऱ्यो। गाउँपालिकाले कति जना युवाले रोजगारी पाए ? बसाईसराई रोक्नलाई के एजेन्डा ल्यायो आदि कुरामा ख्याल गरौँ।

**सहभागीहरुले राखेका जिज्ञाशाहरूको सम्बोधन :**

- गाउँपालिका नीतिगत विषयहरू र अगामी दिनमा गर्न सकिने विषयहरूका बारेमा गाउँपालिका अध्यक्ष कृष्ण प्रसाद बस्यालले स्पष्ट पार्नुभएको थियो।
- गाउँपालिका उपाध्यक्ष सरस्वती दर्लामी (चिदी) र प्रमुख प्रशासकीय अधिकृत विष्णु घर्तीले उठेका सवालहरूको उत्तर र स्पष्टीकरण दिनुभएको थियो। उहाँहरूले प्राप्त सुझावहरूलाई गहन रूपमा लिएर आगामी कार्यक्रम निर्माण र योजना कार्यान्वयनमा जोड दिने प्रतिबद्धता जनाउनु भएको थियो।
- बिषयगत क्षेत्रमा उठाईएका जिज्ञासाहरूको जवाफ सम्बन्धित शाखा प्रमुखले दिनुभएको थियो।

**सार्वजनिक सुनुवाईको उपलब्धी :**

- सेवाग्राही र सेवा प्रदायक बिच अन्तरक्रिया गरेर भएका राम्रा पक्षको जानकारी लिने र दिने भयो भने सुधार गर्नुपर्ने बिषयमा आवश्यक सल्लाह र सुझावहरू प्रदान गर्ने मौका भयो।
- गाउँपालिकाले आफ्नो सेवाप्रवाह, कार्यक्रम र बजेट सुधारमा प्रतिवद्धता व्यक्त जनाएको छ भने गाउँपालिका र स्थानीय समुदाय बीच देखिएको मतभेद हल गर्ने अवसर भयो।
- गाउँपालिकालाई स्थानीय बासिन्दाले हेर्ने दृष्टिकोण पत्ता लगाउन सहज भएको छ भने आगामी दिनमा सेवा प्रवाहमा सुधार गर्न सकारात्मक सुझावहरू प्राप्त भएको छ।
- गाउँपालिकाका कर्मचारी र जनप्रनिधिहरूबाट भएका सकारात्मक कार्यको प्रशंसा भयो भने गाउँपालिकाले गरेका कमजोरीहरूलाई सच्चाएर अगाडि बढ्नका लागि मार्गनिर्देशन भयो।
- सेवाग्राहीहरूमा भएका असन्तुष्टीहरूलाई सम्बन्धित पक्षसम्म पुऱ्याउँने अवसर भयो।

**सहजीकरण गर्ने संस्थाको विवरण :**

| संस्थाको नाम | पाल्पा विकास केन्द्र | |
|---|---|---|
| ठेगाना | तानसेन नगरपालिका २, पाल्पा | |
| संस्थाको दर्ता नं./ दर्ता मिति | ११७/०६५ जि.प्र., २०६५ चैत्र २५ गते | |
| | २७४३४/०६६ (समाज कल्याण परिषद) | ११७/०६६ गैसस, पाल्पा |
| अनुभव | विभिन्न गाउँपालिकाहरू सार्वजनिक सुनुवाई, मिडिया व्यावस्थापन, समाजिक परीक्षण, क्षमता विकास र सामाजिक परिचालनमा राम्रो अनुभव भएको। | |

# सार्वजनिक सुनुवाईका झलकहरू








# गाउँपालिका स्थापनादेखि हालसम्म सम्मानित तथा पुरष्कृत कर्मचारीहरू

| सि.न. | नाम, थर | पद | मिति | गाउँ सभा |
|---|---|---|---|---|
| १ | रामचन्द्र अर्याल | प्रमख प्रशाकीय अधिकृत | २०७५।०३।२८ | तेस्रो |
| २ | कृष्ण बहादुर थापा | सहायक पाँचौं | २०७५।०३।२८ | तेस्रो |
| ३ | कल्याण सिंह पाण्डे | सव-इन्जिनियर | २०७५।०३।२८ | तेस्रो |
| ४ | कुल प्रसाद अर्याल | सहायक पाँचौं | २०७५।०३।२८ | तेस्रो |
| ५ | नन्दा चिदी | का.सहायक | २०७५।०३।२८ | तेस्रो |
| ६ | बल बहादुर घर्ती | का.सहयोगी | २०७५।०३।२८ | तेस्रो |
| ७ | पदम खड्का | इन्जिनियर छैठौं | २०७६।०३।१६ | पाँचौ |
| ८ | मणिराम अधिकारी | हे.अ. छैठौं | २०७६।०३।१६ | पाँचौ |
| ९ | नारायण प्रसाद गैरे | सहायक पाँचौं | २०७६।०३।१६ | पाँचौ |
| १० | टिकाराम पौडेल | सहायक चौथो | २०७६।०३।१६ | पाँचौ |
| ११ | शारदा कुमाल | का.सहयोगी | २०७६।०३।१६ | पाँचौ |
| १२ | कोशलराज पौडेल | लेखा अधिकृत छैठौं | २०७७।०३।१० | सातौं |
| १३ | नारायण प्रसाद आर्चाय | सहायक पाँचौ | २०७७।०३।१० | सातौं |
| १४ | हेमराज घिमिरे | कम्प्यूटर अपरेटर पाँचौ | २०७७।०३।१० | सातौं |
| १५ | गोपाल बहादुर सोमरे | का.सहायक | २०७७।०३।१० | सातौं |
| १६ | श्री गणेश कुवँर | सवारी चालक | २०७७।०३।१० | सातौं |
| १७ | मेघराज तिमिल्सिना | का.सहयोगी | २०७७।०३।१० | सातौं |
| १८ | गुनाराम खनाल | शाखा अधिकृत आठौं | २०७८।०३।१० | दशौं |
| १९ | धिरज पराजुली | वैद्य निरीक्षक छैठौं | २०७८।०३।१० | दशौं |
| २० | जीवलाल बस्याल | सि.अ.हे.ब. | २०७८।०३।१० | दशौं |
| २१ | युवराज पाण्डेय | सहायक पाँचौ | २०७८।०३।१० | दशौं |
| २२ | भक्त बहादुर गाहा | सव-इन्जिनियर | २०७८।०३।१० | दशौं |
| २३ | तिलक बहादुर बुचा | सहायक चौथो | २०७८।०३।१० | दशौं |
| २४ | उमादेवी भट्टराई | अ.हे.ब. चौथो | २०७८।०३।१० | दशौं |
| २५ | तिल कुमारी राना | ल्याब असिष्टेन्ट | २०७८।०३।१० | दशौं |
| २६ | गोविन्द बहादुर गाहा | का.सहयोगी | २०७८।०३।१० | दशौं |
| २७ | दिलु गाहा | का.सहयोगी | २०७८।०३।१० | दशौं |
| २८ | दयाराज कँडेल | शिक्षक, ग्राम्य मा.वि. | २०७८।०३।१० | दशौं |
| २९ | सरोज काफ्ले | ज.स्वा.नि.छैठौं | २०७८।०९।२६ | एघारौं |
| ३० | हरिहर गैरे | सहायक पाँचौं | २०७८।०९।२६ | एघारौं |
| ३१ | कृष्ण बहादुर थापा | सहायक पाँचौं | २०७८।०९।२६ | एघारौं |
| ३२ | गणेश नेपाली | प्र.स्वा.प्रा. पशु सेवा | २०७८।०९।२६ | एघारौं |
| ३३ | निशा मरासिनी | ना.प्रा.स. कृषि सेवा | २०७८।०९।२६ | एघारौं |

## बगनासकाली गाउँपालिकाको स्वीकृत सांगठनिक संरचना

- गाउँसभा → लेखा तथा विधायन समितिहरू
- गाउँकार्यपालिका → आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन एवं संस्थागत विकास र सुशासन समिति
- अध्यक्ष → उपाध्यक्ष → न्यायिक समिति; उपाध्यक्ष → अनुगमन समिति
- प्रमुख प्रशासकीय अधिकृत
  रा.प तृतीय - १ जना

**लेखा शाखा**
लेखा अधिकृत छैठौं/सातौं - १
लेखा सहायक पाँचौं - १

**योजना तथा अनुगमन शाखा**
अधिकृत छैठौं (प्र) १
सहायक चौथो (प्र) १

**सामान्य प्रशासन शाखा**
अधिकृत छैठौं (प्र) १

**प्रशासन, सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई**
सहायक पाँचौं (प्र) १
कम्प्युटर अपरेटर पाँचौं १
सहायक चौथो (प्र) १
कार्यालय सहयोगी ४
ह. सवारी चालक २

**जिन्सी/खरिद इकाई**
सहायक चौंथो (प्र) १

**राजश्व इकाई**
सहायक पाँचौं (प्र) १

**पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा**

- **सडक, भवन तथा अन्य पूर्वाधार विकास इकाई**

इन्जिनियर (छैठौं/ इन्जि./सिभिल/जनरल) - १
सब-ईन्जिनियर (पाँचौं) इन्जि./सिभिल - १
खानेपानी टेक्निसियन चौथो - (इ.सिभिल.स्यानिटरी) १

- **भवन तथा मापदण्ड कार्यान्वयन इकाई**

इन्जिनियर (छैठौं) इन्जि./सिभिल/जनरल) - १
सब-इन्जिनियर (पाँचौं) इन्जि./सिभिल/जनरल) १
अमिन - १

- **वातावरण तथा विपद व्यवस्थापन इकाई**

सहायक पाँचौं/ प्र. (सा.प्र) - १
अ सब-इन्जिनियर (चाथौं) इन्जि/सिभिल - १

**वडा कार्यालयहरु**

- वडा सचिव - पाँचौं ९
- अ.स.इन्जिनियर (चौथो) ९
- स.कम्प्युटर अपरेटर- चौथो ९
- कार्यालय सहयोगी ९
- प्राविधिक सहायक चौथो (कृषि) ५ (करार)
- प्राविधिक सहायक चौथो (भेटेनरी) ४ (करार)

**शिक्षा, युवा तथा खेलकुद शाखा**
अधिकृत (शिक्षा) (छैठौं/सातौं/आठौं) - १
प्राविधिक सहायक पाँचौ (शिक्षा) - १
१

**सामाजिक विकास शाखा**
सहायक पाँचौं (प्र) १
सहायक चौथो (प्र) १
(स.म.वि.निरीक्षक)

**स्वास्थ्य शाखा**
अधिकृत (हे.अ/सि.अहेव (छैठौ) १
सि.अ.न.मी/प.हे.न (छैठौं) १
सहायक चौथो (प्र) १

**कृषि विकास शाखा**
अधिकृत छैठौं (कृषि) १
प्राविधिक सहायक पाँचौं (कृषि) १

**पशु पंक्षी विकास शाखा**
पशु चिकित्सक छैठौं (भेटेनरी) १
प्राविधिक सहायक पाँचौं (भेटेनरी) १
प्राविधिक सहायक पाँचौं (ला.पो.डे.डे) १

**आलेप शाखा**
आन्तरिक लेखा परीक्षक (पाँचौ) १

## बगनासकाली गाउँपालिकाको स्वास्थ्यतर्फको स्वीकृत साँगठनिक संरचना-२०७८

**स्वास्थ्य शाखा**
अधिकृत (हे.अ/सि.अ.हे.व (छैठौ)- १
सि.अ.न.मी/प.हे.न (छैठौं)- १

**चिर्तुङ्धारा स्वास्थ्य चौकी**
**स्थायी दरवन्दी**
सि.अ.हे.व/हे.अ (छैठौं) १
सि.अ.हे.व/हे.अ (पाँचौं) १
**अ.हे.व चौथो - १**
अ.न.मी (पाँचौं) १
अ.न.मी (चौथो ) १
का.स (करार) १

**पोखराथोक स्वास्थ्य चौकी**
**स्थायी दरवन्दी**
सि.अ.हे.व/हे.अ (छैठौं) १
सि.अ.हे.व/हे.अ (पाचौं) १
**अ.हे.व चौथो - १**
अ.न.मी (पाचौं) १
अ.न.मी (चौथो) १
का.स (स्थायी) १

**नायरनम्तलेस स्वास्थ्य चौकी**
**स्थायी दरवन्दी**
सि.अ.हे.व/हे.अ (छैठौं) १
सि.अ.हे.व/हे.अ (पाचौं) १
**अ.हे.व चौथो - १**
अ.न.मी (पाचौं) १
अ.न.मी (चौथो) १
का.स (स्थायी) १

**खानिछाप स्वास्थ्य चौकी**
**स्थायी दरवन्दी**
सि.अ.हे.व/हे.अ (छैठौं) १
सि.अ.हे.व/हे.अ (पाचौं) १
**अ.हे.व चौथो - १**
अ.न.मी (पाचौं) १
अ.न.मी (चौथो) १
का.स (करार) १

**दर्लमडाँडा स्वास्थ्य चौकी**
**स्थायी दरवन्दी**
सि.अ.हे.व/हे.अ (छैठौं) १
सि.अ.हे.व/हे.अ (पाचौं) १
**अ.हे.व चौथो - १**
अ.न.मी (पाचौं) १
अ.न.मी (चौथो) १
का.स (करार) १

**यम्घा स्वास्थ्य चौकी**
**स्थायी दरवन्दी**
सि.अ.हे.व/हे.अ (छैठौं) १
सि.अ.हे.व/हे.अ (पाचौं) १
**अ.हे.व चौथो - १**
अ.न.मी (पाचौं) १
अ.न.मी (चौथो) १
का.स (करार) १

**खानीगाउँ स्वास्थ्य चौकी**
**स्थायी दरवन्दी**
सि.अ.हे.व/हे.अ (छैठौं) १
सि.अ.हे.व/हे.अ (पाचौं) १
**अ.हे.व चौथो - १**
अ.न.मी (पाचौं) १
अ.न.मी (चौथो ) १
का.स (करार) १

**बराङदी स्वास्थ्य चौकी**
**स्थायी दरवन्दी**
सि.अ.हे.व/हे.अ (छैठौं) १
सि.अ.हे.व/हे.अ (पाचौं) १
**अ.हे.व चौथो - १**
अ.न.मी (पाचौं) १
अ.न.मी (चौथो ) १
का.स (करार) १

**चापपानी स्वास्थ्य चौकी**
**स्थायी दरवन्दी**
सि.अ.हे.व/हे.अ (छैठौं) १
सि.अ.हे.व/हे.अ (पाचौं) १
**अ.हे.व चौथो - १**
अ.न.मी (पाचौं) १
अ.न.मी(चौथो ) १
का.स (स्थायी) १

**बराङ्दी आयुर्वेद सेवा इकाई**
**स्थायी दरवन्दी**
कबिराज (पाँचौं) १ जना (स्थायी)
बैद्य (चौथो) १ जना (स्थायी)
औषधी कुटुवा १ जना करार
का.स १ जना करार

**दर्पुक सामुदायिक स्वास्थ्य इकाई**
अ.हे.व चौथो - करार १
अ.न.मी (चौथो) करार १
का.स करार १

# न्यायिक समितिका असल अभ्यास र चुनौतिहरू



**सरस्वती दर्लामी (चिदी)** (गा.पा. उपाध्यक्ष)

न्याय प्रशासन राज्यको एउटा प्रमुख कार्य हो भने न्यायमा पहुँच आधारभूत अधिकार हो। नेपालको संविधान अन्तर्गत सबै नागरिकका हकमा यसको सुनिश्चितता गर्ने दायित्व राज्यको हुनेगरी संरक्षित छ। नेपालको संविधानले सर्वोच्च, उच्च र जिल्ला गरी तीन तहको अदालतको व्यवस्था गरेको छ। साथै, संवैधानिक विवादका लागि संवैधानिक र स्थानीयस्तरका विवाद समाधानका लागि स्थानीय निकायलाई न्यायिक अधिकार दिइएको छ। स्थानीय निकायको सन्दर्भमा नेपालको संविधानले न्यायिक समितिको नेतृत्व महिलालाई दिलाएको छ। न्यायिक समितिको अधिकार महिलाले पाउनुलाई हामीले सकारात्मक रूपमा लिएका छौं।

नेपालको संविधान (२०७२) को धारा २१७ ले स्थानीय तहको विवाद निरूपण गर्न गाउँपालिकाको उपाध्यक्ष तथा नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा न्यायिक समिति रहने व्यवस्था गरेको छ। स्थानीय तहमा न्यायिक समिति गठन गर्नुको मूख्य उद्देश्य समुदायस्तरमा हुने सानातिना झै झगडा स्थानीयस्तरमै जनप्रतिनिधिहरूबाट मेलमिलाप वा निरूपण गरी समाजमा अमनचयन कायम गर्न मद्दत गर्नु हो। यसै सन्दर्भमा न्याय प्रशासन छिटो, छरितो, निष्पक्ष र जनउत्तरदायी हुनुपर्दछ भन्ने मान्यतालाई आत्मसाथ गर्दै बगनासकाली गाउँपालिकामा रहेको न्यायिक समितिले न्याय निरूपणका सन्दर्भमा थालनी गरेको केही असल अभ्यास र चुनौतीहरूलाई यहाँ दर्शाउन खोजिएको छ।

असल अभ्यास

- न्यायिक प्रक्रिया सरल, जवाफदेही, पारदर्शी र सूचनामैत्री बनाउर्न व्यवस्थित रूपमा सूचिकृत गरिएको।
- गाउँपालिकाले न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएका विवादसँग सम्बन्धित लिखत, मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित तथा सुरक्षित रूपमा राख्ने व्यवस्था गरिएको।
- स्थानीय तहमा न्यायलाई पहुँचयोग्य बनाउन मेलमिलाप समिति विस्तार गरी तालिम, गोष्ठि अभियानलाई निरन्तरता दिइएको।
- कानूनले दिएको न्यायिक समितिको अधिकार क्षेत्र र त्यसले व्यवहारमा गरेका कार्यहरूको पहिचान तथा विश्लेषण गरिएको।
- सवै वार्डमा मेलमिलाप समिति गठन गरी समितिलाई थप सक्रिय बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिएको।
- समुदायमा न्याय निरूपणका लागि आफूमा भएका व्यवहारिक र कानूनी ज्ञानको भरपुर प्रयोग गरिएको।
- न्यायिक समितिका संयोजक तथा सदस्यहरू अत्यन्त उत्साही भएकोले निरूपणमा थप प्रभावकारिता देखिएको।

चुनौतिहरू

स्थानीयस्तरमा न्याय दिलाउने विषय निकै चुनातीपूर्ण विषय पनि हो। झगडियाहरू चिनजानका र वास्तविकता बुझेको भए पनि मतदाता र निकटका झगडियाहरूलाई चित्त बुझाएर न्याय सम्पादन गर्ने काम त्यति सजिलो छैन। स्थानीयतहमा न्याय निरूपणका सन्दर्भमा देखिएका केही चुनौतीलाई युहाँ बूँदागत सूचिगकृत गरिएको छ :

- न्यायिक ज्ञानको अभावमा अपेक्षा अनुरूप प्रभावकारी बनाउन नसकिएको।
- न्याय क्षेत्रमा काम गरेका कर्मचारी राख्न नपाउँदा केही अप्ठेरो परेको।
- लैङ्गिकमैत्री मेलमिलापका सम्बन्धमा कुनै पनि कानूनी व्यवस्था नहुँदा समस्या देखिएको।
- न्यायिक समितिलाई प्रभावकारी बनाउन न्यायिक समितिको पदाधिकारीको क्षमता मजबुत बनाउन अपेक्षित स्रोत विनियोजन हुनु नसक्नु।
- मेलमिलाप केन्द्र स्थापना तथा व्यवसायिक एवम् दक्ष मेलमिलापकर्ताहरू सूचिकृत गर्न नसक्नु।

न्यायिक समिति स्थानीय तहको विवाद निरूपण गर्ने महत्त्वपूर्ण माध्यम हो। छिटो, छरितो, कम खर्च र कम समयमा न्याय पाउने आशामा स्थानीय नागरिकहरू रहनु स्वभाविक पनि हो। संविधानले दिएको जिम्मेवारीअनुसार बगनासली गाउँपालिकाले पनि आफ्नो जिम्मेवारीअनुसार न्याय दिने प्रयास गरेको छ। गाउँपालिकाले न्यायिक समितिलाई प्रभावकारी बनाउन पालिका तहबाट योजना तर्जुमा गरी कार्यक्रम सञ्चालनको अभ्यास गरेको छ। आगामी दिनमा न्यायिक समितिका कामलाई थप व्यवस्थित बनाउन हालका केही अभ्यासहरू पनि सहयोगी हुनेछन् भन्ने हाम्रो विश्वास छ।

# स्थानीय तहको प्रभावकारिता



✍विष्णु घर्ती 'भनभनेली' (प्रमुख प्रशासकीय अधिकृत)




हाम्रो मुलुकमा संघीयताको नौलो अभ्यास गरेको धेरै समय भएको छैन। संघीयता अन्तरगतको एउटा मूख्य अंश स्थानीय तह हो। यसमा हालसम्म भए गरेका कामहरूले पारेको प्रभाव र आगामी दिनमा अपेक्षा गरिएको प्रतिफल प्राप्तिका लागि चालिने आवश्यक कदमको पहिचान गर्नु आज महत्त्वपूर्ण विषय बनेको छ। नेपालको संविधान २०७२ ले स्थानीय तहहरूलाई सर्वाधिकार सुसम्पन्न बनाएको अबस्था छ। पहिलो कार्यावधिको उत्तरार्धमा आइपुग्दासम्म धेरै स्थानीय तहले उत्तम र जनमुखी कार्यहरू गरेको पाइन्छ। त्यस्तै केही तहहरूमा सुधार गर्नु पर्ने स्थिति पनि देखिएको छ।

वर्तमान समयमा स्थानीय तहलाई थप प्रभावकारी तुल्याउनका लागि स्वम् स्थानीय सरकारको सक्रियता एवम् क्रियाशीलता, प्रदेश सरकारको प्रेरणा, संघीय सरकारको हरकिसिमको साथ, सहयोग र समन्वय रहनु पर्ने देखिन्छ। संघीय संरचनामा सरकारभन्दा बाहिर रहेका जागरुक समूह, नागरिक समाज, गैसस आदिको पनि रचनात्मक भूमिकाको खाँचो देखिन्छ। स्थानीय तहको सकारात्मक प्रभावकारिताका लागि देहाय अनुसारका सुझावलाई अंगिकार गरेर अगाडि बढ्नु पर्ने स्थिति रहेको छ।

- ❖ कार्यस्थलको व्यवस्थापन : नियमित कार्यसम्पादनका लागि भवन, सभाहल, कार्य कक्ष, बैठक कक्ष, इजलास आदिको प्रबन्ध आफ्नै स्थानमा गरिनु उपयुक्त हुन्छ।
- ❖ संस्थागत कार्यसंस्कृति : राजनैतिक दलबाट प्रतिनिधित्व गरे तापनि संस्था (स्थानीय तह) को सुदृढिकरणका लागि दलीय स्वार्थभन्दा माथी उठेर कर्मचारीसँग कार्यसम्पादन गर्ने संस्कृतिको विकास गर्नु जरुरी छ।
- ❖ कार्यजिम्मेवारी बाँडफाँड : जनप्रतिनिधि एवम् कर्मचारी दुबैमा उनीहरूको रुची, इच्छा, चाहना, अनुभव र क्षमताका आधारमा तोकिएको कार्यजिम्मेवारी बाँडफाँड गर्ने र स्वमूल्याङ्कन प्रणाली लागू गर्नु पर्ने हुन्छ।
- ❖ कार्ययोजनाको कार्यान्वयन : हरेक विषयगत वा क्षेत्रगत कामको निश्चित अवधिको कार्ययोजना तर्जुमा गरी सोही अनुसार कार्यसम्पादन गरिनु पर्दछ।
- ❖ सिकाइ प्रबर्धन : अर्को तहमा भए गरेका नमूना कामको अध्ययन अवलोकन गर्ने र पुनर्ताजगी अभिमुखीकरणमार्फत कार्यसम्पादनमा नवीनता ल्याउनु पर्ने देखिन्छ।
- ❖ तथ्याङ्कहरूमा अद्यावधिक : सालबसाली गरिने सम्पूर्ण कार्य वा नीति निर्माणका लागि अति महत्त्वपूर्ण तथ्याङ्कहरू विस्तृत रूपमा स्वतः अद्यावधिक हुने प्रणालीको प्रयोग गरिनु पर्दछ।
- ❖ सूचना प्रविधिको प्रयोग : हरेक कार्यलाई प्रविधमैत्री बनाउनुको विकल्प छैन। यसलाई लागू मात्र गरेर पुग्दैन। निरन्तर रूपमा अद्यावधिक गरिदै जानु पर्दछ।
- ❖ सदाचारको सम्मान : कर्मचारी, जनप्रतिनिधि, सेवाग्राही सबैले आ-आफ्नो सदाचारलाई उच्च बनाउनु पर्दछ। साथै उच्च सदाचारमा बस्नेलाई सम्मान र उल्लङ्घन गर्नेलाई दण्डको भागी बनाउनै पर्दछ।
- ❖ आपसी समन्वय र सद्भाव : स्थानीय सरकार आफैमा स्वायत्त भए तापनि हाम्रो संघीय संरचना अनुसार सम्वद्द सरकार र पक्षसँग समयमै गरिने समन्वयलाई घनिभूत पारिनु पर्दछ।

यसरी अगाडि बढेको खण्डमा पक्कै पनि प्रभावकारिताको लक्षमा पुग्न सकिन्छ। लक्षमा पुग्नु भनेको स्थानीय तहको सकारात्मक प्रभाव बढेको भन्ने बुझिन्छ। समृद्दिको सपना देख्यौं र देखायौं तर त्यसलाई साकार पार्नेतर्फ धेरै तल्लिन नभएकोले कम प्रभाव देखिएको हो। अबका दिनमा हामीले त्यसो गर्नु पक्कै हुदैन। माथी उल्लिखित सुझावहरूलाई व्यबहारिक रूपमै कार्यान्वयनमा लैजानु पर्दछ। कार्यान्वयनबाटै प्रभावकारिताको वृद्दि हुदै जान्छ। स्थानीय तहको प्रभावकारिता बढ्नु भनेको समृद्दितर्फ लम्कनु हो भने समृद्दि नै संघीयताको सम्बाहक हो।

■

अनुभूति

# पहिलो जननिर्वाचित स्थानीय सरकार र बगनासकालीको विकास



✍झपेन्द्र खनाल (वडा सदस्य बगनासकाली-६, यम्घा-पाल्पा)

हाम्रो देशको विगतलाई नियालेर हेर्दा देशमा जनप्रतिनिधिविहिन राजनैतिक स्थिति आदिको कारणले देश संकटपूर्ण र द्वन्दग्रस्त अवस्थामा गुज्रियो। जनताका प्रतिनिधिहरू नहुँदाका समस्या र अप्ठ्याराहरू जनताहरूले प्रत्यक्ष महसुस गरे। समयले कोल्टे फेर्दै गयो। २०६२/६३ को जनआन्दोलनमार्फत देशमा आमूल परिवर्तन भई शान्तिपूर्ण बाटोमा देश अगाडि बढ्यो। देशमा दुइ-दुइ पटक संविधान सभाको निर्वाचन भयो। संविधान सभाबाट संविधान पनि बन्यो। देशबाट राजतन्त्रको अन्त भइ गणतन्त्रको स्थापना भयो। गणतन्त्रपछि संघीय प्रणाली अन्तर्गत २०७४ सालमा पहिलोपटक देशमा स्थानीय निकायको निर्वाचन भयो। निर्वाचनले देशभरका स्थानीय निकायहरूमा जनप्रतिनिधिहरूलाई स्थापित गऱ्यो। लामो अवधिसम्म स्थानीय जनप्रतिनिधिहरू नभएको अवस्थामा निर्वाचन पछि जन्ताहरूले जनप्रतिनिधिहरूबाट धेरै ठूलो आशा, अपेक्षा र भरोसा गरेका छन्।

पुरानो राज्य ब्यवस्थालाई बिस्थापित गरेर नयाँ ब्यबस्था आइसकेपछि जनताबाट चुनिएका जन्ताका प्रतिनिधिहरूले जन्तामा आसा, भरोसा र उत्साह जगाउन सक्नुपर्छ। जनताका कामहरू वा सेवाहरू बिना झन्झट सहज र सरल तरीकाबाट छिटो छरितो किसिमले गर्ने र गराउनेतर्फ अग्रसर हुनुपर्छ। जन्ताहरूले गर्ने आशा र अपेक्षा पनि यहि नै हो। बगनासकाली गाउँपालिको स्थानीय सरकारको कार्यकाल अहिलेको यो समय आइपुग्दा जनताको अपेक्षा अनुरूप कति काम गर्न सकियो वा कति कामहरू गर्न बाँकी रहेकाछन् यो बिषय जनताहरूको समग्र मुल्याङ्कनको कसीमा रहेको छ। बिभिन्न अनुभव र सिकाइको आधारमा अगाडि बढ्दै गर्दा विश्वभरि महामारीको रूपमा फैलिएको कोभिड( १९ को प्रभाव र असरले बगनासकाली गाउँपालिका पनि अछुतो रहन सकेन। बिकास निर्माणको गतिलाई पनि यसले अवरूद्ध पार्दै लग्यो भने जनताहरूको आय श्रोत तथा जन जिविकाको सवालमा समेत हलचल ल्याइदियो। विकास निर्माणमा समेत कटौतीगरि कोभिड(१९ को महामारी नियन्त्रणमा लगाउनुपर्ने बाध्यात्मक परिस्थितिको सिर्जना भयो। यी सबैसमस्या र चुनौतीहरूका वाबजुद पनि बगनासकाली गाउँपालिकाले आफ्ना अभियान र कार्यक्रमहरू निरन्तर अगाडि बढायो। बगनासकाली गाउँपालिकालाई नमुना गाउँपालिका बनाउने उद्देयश्येका साथ सबै जनप्रतिनिधिहरू तथा कर्मचारीहरूको साझा लक्ष्य र उद्देश्य रहेको देखिन्छ।

"सुन्दर, शान्त, समृद्ध र सभ्य बगनासकालि गाउँको सार!
आर्थिक, सामाजिक पर्यटन र पूर्वाधार विकासको दिगो आधार"

भन्ने मूल नाराका साथ बगनासकाली गाउँपालिकाले आफ्नो कार्यकालको सुरुआत् गऱ्यो।

विकासका सबै पक्षको समानता हुने सुन्दर र आकर्षक नाराको चयन गरिएको छ। बगनासकालीलाई सुन्दर, समृद्ध र सभ्य गाउँपालिका बनाउने परिकल्पना नारामा गरिएको छ। बगनासकाली गाउँपालिका भौगोलिक विविधता, सम्भावना बोकेको सुन्दर र सुरम्य गाउँपालिका हो। रमणीय प्राकृतिक सम्पदाहरूको अपूर्व संगम स्थल हो बगनासकाली। जल, जमीन र जंगलको प्राकृतिक उपहारबाट यो गाउँपालिका परिपूर्ण छ। हामीमा जोश, जाँगर र उत्साह भयो भने नाराले खोजेजस्तो बगनासकालीको परिकल्पना गर्न र बनाउन सक्छौं हामी। यहाँका साधन र श्रोतहरूलाई व्यवस्थित तरिकाले उचित ठाउँमा सहीरूपमा सदुपयोग गर्न सक्नुपर्छ। हाम्रा सामु सिङ्गो बगनासकालीको समग्र विकासको अत्यन्त सुन्दर परिकल्पना र सपनाहरू छन्। त्यसको निम्ति लक्ष्यमा पुग्न र सफलता हासिल गर्न सँगसँगै चुनौती र समस्याहरू पनि हुन्छन्। सपना र परिकल्पनाभित्रका उज्याला किरणहरूको सम्भावनाको खोजी गर्नुपर्छ। सुन्दर, शान्त, सभ्य र समृद्ध बगनासकाली बनाउनु हामी सबैको साझा लक्ष्य र उद्देश्य हो। केवल चाहना मात्र राखेर लक्ष्य र उद्देश्यको उचाइ नाप्न सकिँदैन। गन्तव्यमा पुग्नको लागि कार्यदिशा निर्दिष्ट गर्न सक्नुपर्छ। हाम्रो बगनासकालीभित्र रहेका सम्भावनाहरू केके छन् ? हाम्रो भूगोलभित्रकामूल समस्याहरू केके हुन् ? हामीले समस्या र आवश्यकताहरू पहिल्याइ प्राथमिकरण गर्नुपर्छ। गाउँपालिकाभित्र देखिएका हरेक समस्यालाई समाधान गर्न र बगनासकालीलाई दिगो विकासको पथमा अगाडि बढाउन आवधिक योजना निर्माण गरि सोही अनुरूप अगाडि बढाउनुपर्छ।

यो चरणसम्म आइपुग्दा बगनासकालीले जनसरोकारका

केही कामहरू अगाडि बढाएको छ। कार्यक्रमहरू अगाडि बढ्दै गर्दा विश्वमा महामारीको रूपमा फैलिएको कोभिड(१९ बाधक बन्यो। तोकिएको समय सिमाभित्र गर्नुपर्ने केहि कार्यक्रमहरू अलमलिए। त्यसका वापजूद पनि र गाउँपालिकाले ती कार्यक्रमहरूलाई सफलतापूर्वक अघि बढाइ टुङ्गोमा पुऱ्याएको छ।

बगनासकालीले राष्ट्रिय अभियानका कार्यक्रम र गाउँपालिका आफैं अगाडि सारेका कार्यक्रमहरू गरि दुई खाले कार्यक्रमलाई अगाडि बढाएको छ।

**राष्ट्रिय अभियानका कार्यक्रमहरू मध्ये**

-काठको पोल विस्थापित कार्यक्रम

-फुस रहित घरको छानो कार्यक्रम

-पूर्ण संस्थागत सुत्केरी कार्यक्रम

-बालमैत्री गाउँपालिका घोषणा जस्ता कार्यक्रमहरूले जन जिवीकालाई सहजता प्रदान गर्न र चेतना अभिवृद्धि गर्नमा समेत सहयोगी भूमिका खेलेका छन्। यी बाहेक गाउँपालिकाका अन्य केहि कामहरू अगाडि बढेका छन्।

- वडाहरूमा स्वास्थ्य चौकी निर्माण
- कक्षा १ र कक्षा २ का लागि पाठ्यपुस्तक र पाठ्यक्रम तैयारी
- कालीगण्डकी खानेपानी आयोजना सञ्चालन
- गाउँपालिका भित्रका प्रमुख चोकहरू र बजार क्षेत्रमा सोलार बत्ती र सी. सी. क्यामेरा जडान
- विदेशबाट फर्किएका युवाहरूलजाई बिना धितो ऋण प्रदान गर्ने काम - यी मुख्य काम बाहेक अन्य कामको विस्तृत विवरण आगामी अंकमा प्रस्तुत गरिने छ।)

समय निकै अगाडि बढिसकेको छ। बगनासकाली गाउँपालिकाले पाँचवटा वार्षिक बजेट प्रस्तुत गरिसकेको छ। यो समय सीमासम्म आइपुग्दा गाउँपालिकाले गर्नुपर्ने केहि कामहरू गर्न नसकिएको अवस्था छ। जुन कामहरू जनताका प्रत्यक्ष सरोकारका विषय हुन्।

- आवधिक योजना समयमै निर्माण गरि लागु गर्ने प्रयत्न नहुनु।
- आम जनताको सरोकार रहेको गाउँपालिका भवनलाई पायक पर्ने ठाउँमा स्थानान्तरण गरी निर्माणको कार्यलाई अगाडि बढाउन नसक्नु।
- कृषि विकासको लागि सिँचाइ सम्बन्धी नीतिनियम नबन्नु।
- पर्यटनसम्बन्धी ठोस निती र कार्यक्रम नबन्नु।
- सडकसम्बन्धी विस्तृत कार्यक्रम र दिगो विकासको अवधारणा ल्याउन नसक्नु।

समय निकै घर्किसकेको छ। चुनौती र समस्या अनि अफ्ठ्याराहरू पारगर्दै जनप्रतिनिधिहरू कार्यकालको अन्तिम चरणतर्फ उन्मुख छौं। यो चरणसम्म आइपुग्दा हामी हाम्रा लक्ष्य र उद्देश्य हासिल गर्न कति सफल रह्यौं ? कति काम गर्न असफल रह्यौं ? काम गर्न नसकिएका पक्षहरू केके हुन् ? किन गर्न सकिउन ? त्यसका बाधक तत्वहरू केके थिए ? भन्ने सन्दर्भमा समग्र मूल्याङ्कन गर्नुपर्दछ। यसले अब आउने स्थानीय सरकारलाई आफ्नो कार्यदिशा निर्दिष्ट गर्न सघाउ पुऱ्याउँछ भने गन्तव्य पहल्याउन सजिलो हुन्छ। जनप्रतिनिधिहरूको एउटा कार्यकालको निश्चित समय सीमाभित्र जनताका सबै आशा र अपेक्षाहरू पूरा गर्न असम्भव हुन्छ। समयसापेक्ष जनताहरूका अपेक्षा र विकास निर्माणका प्रकृतिहरू फरकफरक हुन्छन्। तरपनि आधारभूत तहसम्म विकास निर्माणको पहुँच वा गति पुग्यो कि पुगेन ? अपेक्षाकृत काम गर्न सकियो कि सकेन भन्ने कुराको हेक्का स्थानीय सरकारसँग हुनु जरूरी छ। जनप्रतिनिधिहरू हुँदा र नहुँदाको अनुभूति जनताहरूले के कसरी गरे। जनताको पक्षमा काम गर्न स्थानीय सरकार कुन हदसम्म सफल रह्यो। यहाँसम्म आइपुग्दा सुन्दर, शान्त, सभ्य र समृद्ध बगनासकाली बनाउने खुड्किलाहरू हामी कुन चरणसम्म पार गऱ्यौ ? समग्र रूपमा मुल्याङ्कन र समीक्षा गर्न जरूरी छ। ■

-जय बगनासकाली

९८४७१३७५८६

# समग्र विकास पो विकास



✍विष्णु घर्ती 'भनभनेली'

विकास धेरै गरिसकियो हामी हौं विकास प्रेमी
विकासमा विनास कति भो? हेक्का छैन के प्रेमी
विकास नै बाटो र बाटो खन्नु नै विकास भन्ने
बाटो खन्दा कति पाटा भत्के, कति कुवा पुरिने

कति मन कुडिए, वन मासिए, कति तन भाँचिए
कत्रा पीपल चौपारी फालिए, कति पोखरी पुरिए
कतिका थात बासै उठे, अनि निकास पनि रोकिए
कला, गला, संस्कार, संस्कृति कता हराई गए?

ऋण घरको होइन अब बाटोको पनि लिनै पर्छ
जस्तोसुकै होस् बाटै चाहिन्छ, विकास गर्नै पर्छ
विनास र ऋणको के सरोकार गर्नै पर्छ उन्नति
बाटोको निसाना जतासुकै, विकास हाम्रो प्रगति

अरूको विनास र वित्यास कति चल्ने यो विकास
सबै वर्ग, क्षेत्रको विकास पो बल्ल सही विकास
समतामूलक समान हो नि, सही र सच्चा विकास
बाटोको मात्र हैन, समग्रताको विकास पो विकास

स्वास्थ्य

# दाँतको स्वस्थ र सुरक्षाका उपायहरू



✍गोम बहादुर क्षेत्री,

दाँत हाम्रो सौन्दर्यको लागि मात्र नभई पाचन र पोषणका लागि अति महत्वपूर्ण अङ्ग हो। सामान्य तवरले सोच्दा पनि दाँतको मुख्य काम भनेको खाएको खानेकुरालाई राम्ररी चपाएर पाचनयोग्य बनाउने हुन्छ। तर यति महत्वपूर्ण हुँदा हुँदै उचित सुरक्षा गर्न नसक्दा, नजान्दा धैरैले दाँतका यावत समस्याहरू भोगिरहेका हुन्छन्। दाँतको समस्याले गिँजा सुन्निने, कुरूप मात्र बनाउँदैन कि पौष्टिक पदार्थ पाचनयोग्य बनाउन नसक्दा पोषण स्वास्थ्यका निम्ति नकारात्मक असर पर्न थाल्छ। यसरी हामी दाँतको महत्वका साथै समस्या र सुरक्षाका बारेका पनि सचेत हुनुपर्ने भएकाले यहाँ सोही बिषयमा चर्चा गर्ने जमर्को गरिएकोछ।

**दाँतमा आउने समस्याहरू**

उचित सरसफाइ र स्याहारको अभावमा उमेर बढ्दै जाँदा दाँतका समस्याहरू पनि बढ्दै वा थपिदै जान थाल्छन्। जस्तै कि दाँतको क्षय (दाँतको कडा सतहमा प्वालहरू), भित्र जीवाणु सङ्क्रमणको कारण दाँतको जरातिर पीप जम्मा हुन्छ (पेरियापिकल फोड़ा), गिंजाको मासुमा घाउ (अल्सर) हुने सुन्निने, दाँत दुखाई वा गिँजाको वरिपरि सूजन हुनु, पिनास (क्ष्लगकक्षक्ष), दाँतको बाहिरी क्षेत्रमा कीराले खाने, दाँतको भित्र जरासम्म कीराले खाइदिने, दाँत भाँचिने, दाँतमा फोहोर जम्ने, दाँतमा कालो दाग लाग्ने, दाँत बाङ्गोटिङ्गो हुने, दाँतकै कारण मुखमा सङ्क्रमण हुने, दुर्गन्ध आउने वा श्वास गन्हाउने लगायतका सबै समस्याहरूले दाँत दुख्ने समस्यामा फस्छ मान्छे। फेरि यिनै समस्याका कारण दाँत फुकालेमा आँखा कमजोर हुन्छ र दिमागमा असर गर्छ भन्ने जनमानसमा अन्धविश्वास पनि रही आएको छ। आँखा र दाँतलाई फरक फरक नशाले हाम्रो मस्तिष्कसँग जोडेको हुनाले दाँत फुकालेमा आँखा कमजोर हुन्छ भन्नु वा दिमागमा असर गर्छ भन्नु एउटा भ्रम मात्र हो। उसै तवरले कतिलाई सङ्क्रमण लामो समयसम्म रही रह्यो भने क्यान्सरसम्म हुन सक्छ।

**कसरी चिनिन्छ ?**

हामी कहाँ हरेक जसो नेपालीहरूलाई दाँत दुख्ने समस्याले सताएको हुन सक्छ। दाँतका समस्याहरूमा सबैभन्दा महत्वपूर्ण लक्षण भनेकै दाँत दुख्नु हो। दाँत दुख्नुसँगै अन्य निम्न लक्षण पनि देखिन सक्छन्।- दुखेको दाँत वरिपरिको गिँजा सुन्निनु।

- टाउको दुख्नु र दुखाई बढेर कानका जरासम्म पीडा हुनु।
- ज्वरो आउनु।
- मुखबाट दुर्गन्ध आउनु।
- गिँजाबाट रगत आउनु।
- अलिकति तातो वा चिसो खाँदा दाँत सिरिङ्ग हुने र गिँजा दुख्ने जस्ता समस्याहरू देखा पर्ने हुन्छ।

**उपचार तथा जोगिने उपायहरू**

चिकित्सकले सर्वप्रथम दाँत, गिँजा र मुखको अवस्था निरिक्षण गरिसकेपछि आवश्यक्तानुसार दाँत र गिँजाको एक्स-रे लगायत अन्य परिक्षण गर्न सक्छन्। त्यसपछि अवस्था हेरेर निम्न उपचार विधि अपनाइन्छ

**औषधीहरू**

दाँतको दुखाई कम गर्न आइबुप्रोफेन, प्यारासिटामोल जस्ता दुखाई घटाउने औषधी तथा अवस्था हेरि दाँतको खाल्टोमा घाऊ भएमा पीप बनेमा संक्रमण न्यूनिकरणका लागि एन्टिबायोटिक चलाउन सकिन्छ।

-दाँतमा प्वाल वा खाल्टो परेको भएमा सिमेन्ट भर्न मिल्ने देखिए सिमेन्ट भर्ने वा रुट क्यानल गर्ने र सिमेन्ट भर्न वा रुट क्यानल गर्न नमिल्ने भएमा दुखेको दाँत सिङ्गै उखेल्न सकिन्छ।

उपचारपछि पनि बिरामीलाई कुनै ब्याक्टेरियल संक्रमण नहोस् भनेर एक कोर्ष एन्टीबायोटिक चलाउन सकिन्छ।

- गिँजा फोहोर अथवा दाँतमा प्लाक लागेको छ भने सफा (स्केलिङ) गर्न सकिन्छ।
- बाहिरी भागमा मात्र किराले खाएको दाँतलाई भरेर बचाउन सकिन्छ। तर भित्र नसासम्म छोएको भए जरासम्मै भरेर (आरसीटी) उपचार गर्न सकिन्छ।

**दाँतको सुरक्षाका उपायहरू**

-दैनिक रूपमा नियमित राम्रोसँग दिनमा दुई पटक ब्रस गर्ने

-धेरै चिसो र तातो तथा धेरै साह्रो वा कडा खानेकुरा नखाने

-६/६ महिनामा दाँतको सफाई (स्केलिङ) गर्ने

-धुम्रपान, मद्यपान, सुर्तीजन्य पदार्थहरू जस्तै गुट्खा, भोला, पुकार इत्यादि तथा आजभोलिका बजारिया जङ्क फुड, फाष्ट फुड तथा पाकेट बन्द खानेकुराहरू, चिसा पेय (सफ्ट ड्रिङ्कस) धैरै नलिने। यिनमा पाइने अम्लिय पदार्थले इनामेलमा भएको खनीजलाई धुलाई कमजोर बनाइदिन्छ।

- समय-समयमा तातो पानी मा नून मिलाएर मुख कुल्ला गर्ने।

-गुलिया मिठाइँहरू, बिस्कुट धेरै नखाने। दाँतैले कडा चीजहरू बोतलको बिर्को खोल्ने सुपारी फुटाउने, गाँठो खोल्ने गर्दा दाँतमा समस्या आउन सक्छ।

त्यसबाहेक दाँतको उपचारका निम्ति अवस्था हेरि चिकित्सकका सल्लाह र सहयोगमा निम्न उपाय पनि गर्न सकिन्छ। दाँतमा क्याप लगाएर सुरक्षा प्रदान गर्न तथा टिब्याग (दाँत दुखेको ठाउँमा) तातो टिब्याग राख्दा सहज हुन्छ। किनकी टिब्यागमा भएको ट्यान्निक एसिडले गिजा फुल्नबाट रोक्छ। हामी नेपालीहरूमा दाँत सफा गराउँदा कमजोर हुन्छ, हल्लेर आउँछ तथा सिरिंग हुने समस्या हुन्छ र दाँत फाटिन्छ। यो एउटा भ्रम मात्रै हो। दाँत सफा एउटा अल्ट्रासोनिक मेसिनले गरिन्छ जसले कम्पनद्वारा दाँतमा जमेर बसेका फोहोरलाई हटाउँछ। यो कुनै धारिलो मेसिन होइन, त्यसैले यसले दाँत खिइँदैन। मानिसले सिरिंग सिरिंग केही दिनका लागि अनुभव गर्न सक्छ तर त्यो जमेको फोहर सफा भएपछि फलस्वरूप दाँतको जराको भाग देखिन गएर भएको हो। जुन कि त्यही फोहरहरू जमेर गिँजा तल(तल जरातिर सर्नुको कारणले भएको हो। त्यो फोहोर नै सफा भएपछि दाँतहरूबीच खाली(खाली ठाउँको महसुस गरेर फाटेको जस्तो लाग्नु भ्रम मात्र हो। दाँत सफा गराउनाले कमजोर हुने वा हल्लिने हुँदैन।

*(लेखक बराङ्दी स्वास्थ्य चौकी इन्चार्ज हुन्।)*

# हाम्रो बगनासकाली



✍शारदा पाण्डे
(शिक्षिका, चन्द्र मा.वि.)

पाल्पा जिल्ला उत्तरी भेग बगनासकाली नामको
पालिकाको बर्णन गर्छु राम्रा ठाम र कामको।

उत्तरमा छ रामघाट स्याङ्जा जोड्ने पुल छ
बगनासकाली बगैंचारमा दशथरी फूल फुल्छ।

पाँच थरीका भाषा बोल्छन् धर्म थरीथरी
कोही आफ्नो कोही पराई हुन्न भेदभाव गरी।

सबै जाति मिलि बस्छन् छैन चलन फुटनी
बोक्सी भनी आरोप लाउँदै बुढाबुढी कुट्नी।

छुवाछुतलाई चोख्याउँदैनन् पानी छर्की छर्की
मान्छे मान्छे भेदभाव गरी हिँड्दैनन् कोही तर्की।

बुझेका छन् मान्छे भन्दा माथि छैन जात
त्यसैले त अप्ठेरोमा दिन्छन् सबले साथ।

थरी थरी भगवानले बास गरेको ठाउँ छ
भगवानकै नामबाट यसको नाम आउँछ।

शिद्धबाबा शिवासन दर्लममहाकाली
चेचीकोटी मन्दिरहरू झल्को आउँछ खाली।

तल पर्‍यो शिद्धबाबा माथि शिवासन
राम्दीको सुनगुफा पुग्दा खुसी हुन्छ मन।

हिमालको काखमा बस्छ दन्त्य लहर खोली
सचेतना फैलाउँदैछ आज भन्दा भोली।

आ–आफ्नै छन भेषभुषा संस्कृति र चल्ती
धर्म भाषा तुच्छ्याउने गर्दैन कोही गल्ती।

नौ वटा यी वडा मिली बनेको पालिका
गाउँबासीको रक्षा गर हे दर्लमकालीका।

पालिकामा धेरै भाछन राम्रा राम्रा काम
त्यसैले त चर्चित छ बगनासकाली नाम।

बालमैत्री पालिका भो लुम्बिनी मै पहिलो
साक्षर बन्यो मिल्काउँदै निरक्षरको मैलो।

पूर्ण खोप बनिसक्यो हाम्रो यो पालिका
खोपै नपाई मर्नुपर्ने छैन बालबालिका।

फुस रहित छानो पनि लागु भैसक्याछ
घर घर अनि टोल टोलमा गाडी गैसक्याछ।

किसानको भलो खातिर सहकारी खुले
परिश्रमी हातहरू उत्पादनमा भुले।

अदुवा र कफी फल्छ नगदे यी बाली
तानसेनसम्म दुध पुग्छ गाई र भैंसी पाली।

बहुवर्षीय स्वस्थवर्धक तरकारी लगाए
कुरिलोको खेती गरी गरिबी भगाए।

वडै पिच्छे स्कुलहरू खुलेका छन् टन्न
कोही बस्दैन घरमा एक्लै नपाएर पढ्न।

टोल टोलमा घुम्ने गर्छन एम्बुलेन्स पनि
उपचारको अभाबले कोही नमरोस् भनी।

छताछुल्ल खाने पानी, बिजुली र नेट छ
प्रदेशी र घरदेशीको भिडियोमै भेट छ।

धेरै थरी राहना आउँछन् गरिबको नाउँमा
भोकले कोही मर्ने छैनन् पक्कै हाम्रो गाउँमा।

कति राम्रो हावापानी यसको सेरोफेरै
पालिकाको माया लाग्छ आफ्नो भन्दै धेरै।

## गजल



✍भोजराज भट्टराई
(MIS Operator)

शान्ति र समृद्धिको नारा लगाउनुपर्छ
दुःखी-पीडित, सर्वहारा जगाउनुपर्छ

परदेश उडेका युवा स्वदेश फकाई
लगाई यहीँ श्रमसारा सजाउनुपर्छ

बुझौं सबै 'हरियो बन नेपालको धन'
नहर, कुलेसा र धारा बनाउनुपर्छ

कर घटाई विश्वास बढाउँ सरकार
मातृप्रेम र भाइचारा भजाउनुपर्छ

सुखी नेपाल समृद्ध नेपाली बनाउन
हिंसा, अत्याचारका पारा हटाउनुपर्छ

शिक्षा

# शैक्षिक विकासमा बगनासकाली गाउँपालिका

डिल्लीराज पाण्डे, शिक्षा समिति सदस्य



समृद्ध राष्ट्र निर्माणको निम्ती सक्षम जनशक्तिको आवश्यकता पर्दछ। सक्षम जनशक्ति विकास गर्ने आधार-स्तम्भको रूपमा विद्यालय शिक्षा महत्त्वपूर्ण हुन्छ। विद्यार्थीको जग बलियो बनाई सक्षम जनशक्ति उत्पादन गर्न विद्यालयको महत्त्वपूर्ण भूमिका हुन्छ। कुशल, चरित्रवान, नैतिकवान, जिम्मेवार, प्रतिस्पर्धी सक्षम विद्यार्थी उत्पादन गर्न विद्यालय स्वयं प्रभावकारी हुनु अपरिहार्य छ। यसका लागि लगानी प्रक्रिया र उत्पादन तीनवटै पक्षमा प्रभावकारीता हुनु आवश्यक छ।

स्थानीय स्वायत्तलाई उत्कर्षमा पुऱ्याउने गरी नेपालको संविधान भाग-१८ मा स्थानीय व्यवस्थापिका सम्बन्धी व्यवस्था गरिएको छ। नेपालको संविधानले आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकार स्थानीय तहलाई सुम्पेको छ। जस अनुसार बगनासकाली गाउँपालिकाले विद्यालय शिक्षाको व्यवस्थापकीय एवम् प्राविधिक रूपमा जिम्मेवारी बहन गर्नुपरेको छ। यो कार्य कम चुनौतीपूर्ण भने पक्कै पनि छैन।

विद्यालय व्यवस्थापनमा सुधार, विद्यालय व्यवस्थापन समितिको भूमिकामा प्रभावकारिता, विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयन, स्थानीय शिक्षकको कार्यसम्पादनमा सुधार, प्रभावकारी अनुगमन तथा सुपरीवेक्षण, न्यूनतम सिकाई वातावरणको सुनिश्चितता, शिक्षक दरबन्दी मिलान, भौतिक पूर्वाधार विकास, सूचना तथा सञ्चारको अधिकतम प्रयोग, दुरदर्शी नेतृत्व विकास जस्ता कार्यमा बगनासकाली गाउँपालिका केन्द्रित भई विद्यालयको प्रभावकारिता अभिवृद्धि गर्न सक्नुपर्छ। सार्वजनिक शिक्षाप्रतिको अभिभावकहरूको अविश्वास हटाई सामुदायिक विद्यालयलाई उत्कृष्ट सिकाई केन्द्रको रूपमा विकास गर्नुपर्छ। बगनासकाली गाउँपालिकाले शिक्षामा पहुँच, समता, सान्दर्भिकता, गुणस्तर अभिवृद्धि गर्नमा व्यापक जनपरिचालन गर्न सक्नुपर्छ भने विद्यालयका सरोकारवाला पक्षहरू विच सहकार्यको वातावरण तयार गरी बगनासकाली गाउँपालिका भित्र रहेका सम्पूर्ण विद्यालयलाई उत्कृष्ट एवम प्रभावकारी सक्नुपर्छ।

### विषय प्रवेश

समाज र राष्ट्रको उन्नती, प्रगती र समृद्धिका लागि निर्धारित लक्ष्य र उद्देश्य परिपूर्ति गर्न विद्यालयको स्थापना र सञ्चालन गरिन्छ। प्रभावकारी प्रभावकारी शिक्षा प्रवाहको माध्यमबाट दक्ष जनशक्ति उत्पादन गरी देश विकासमा योगदान पुऱ्याउनु विद्यालयको दायित्व हुन्छ। विद्यालयको प्रभावकारिता एकल प्रयासबाट मात्र सम्भव हुने कुरा होइन। यसको लागि सिंगो शिक्षा प्रणाली एवम् सम्पूर्ण सरोकारवालाहरूको सक्रिय सहभागिता र सहयोग अपरिहार्य छ। नेपाल संघीय प्रणालीमा प्रवेश गरिसकेको सन्दर्भमा बगनासकाली गाउँसरकार प्रत्येक विद्यालयको नजिक पुगेको आभास भएको छ। वर्तमान अवस्थामा शिक्षाको सन्दर्भमा विद्यालय र बगनासकाली गाउँ सरकार एकै सिक्काका दुइपाटा बन्न सक्नुपर्छ। सम्बद्ध पक्षहरूले पनि यसकै लागि सहजीकरण गर्नुपर्छ।

### गाउँपालिकाको विद्यमान अवस्था

(क) विद्यालय विवरण

| विद्यालय | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| बालविकास | | | |
| आधारभूत (१-५) | ११ | ४ | १५ |
| आधारभूत (१-८) | ९ | ३ | १२ |
| माध्यमिक (१-१०) | ३ | - | ३ |
| माध्यमिक (१-१२) | ७ | - | ७ |
| जम्मा | २९ | ७ | ३७ |

### (ख) गाउँपालिकाले गरेका असल अभ्यासहरू

१. गाउँपालिस्तरीय शिक्षा समिति गठन गरी शिक्षा सम्बन्धी विभिन्न गतिविधि सञ्चालन।

२. लुम्बिनी प्रदेशमा पहिलो र अधिराज्यभरिबाट बालमैत्री गाउँपालिका घोषणा।

३. बालमैत्री दिगोपनका लागि रणनीतिक योजना निर्माण

४. पालीस्तरीय ३ वर्षे शैक्षिक योजना निर्माण

५. स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन

६. कक्षा १ र २ का प्रत्येक बालबालिकालाई 'हाम्रो बगनासकाली' पाठ्यपुस्तक छपाई गरी वितरण

७. पालीकास्तरीय तहगत 'विद्यार्थी पहिचन' कार्यक्रम सञ्चालन

८. बगनासकाली गाउँपालिकाको शैक्षिक क्यालेण्डर निर्माण गरी प्रत्येक शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीलाई वितरण

९. परीक्षा समिति, विषयगत समिति गठन

१०. शिक्षकहरूलाई सूचना तथा सञ्चार प्रविधिसम्बन्धी तालिम

११. प्रत्येक विषयको वार्षिक कार्ययोजना निर्माण गरी शिक्षणमा

एकरूपकता कायम

१२. कोभिड महामारीमा यलष्लिभ कक्षा सञ्चालन

१३. नमूना कक्षा सञ्चालन

१४. ECD शिक्षक र विद्यालय कर्मचारीलाई गाउँपालिकाले **नेपाल सरकारले तोकेबमोजिम रकम थप गरेको**

**विद्यमान समस्याहरू**

बगनासकाली गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरू प्रभावकारी हुन सकेनन् भन्ने जनगुनासो आउने गरेको छ। विद्यार्थीको सिकाई उपलब्धीको आधारमा सर्वसाधारण एवम् विद्वान वर्गबाट यस्तो चिन्ता व्यक्त भएको पाइन्छ। बगनासकाली गाउँपालिकाको सन्दर्भमा देखापरेका मुख्य मुख्य समस्याहरू देहाय बमोजिम रहेको पाइन्छ।

**(क) विद्यालय शासन तथा व्यवस्थापन सम्बन्धी समस्याहरू :**

१. विद्यालय व्यवस्थापन समितिको भूमिका कम प्रभावकारी भएको, शैक्षणिक पक्षमा कम जोड (वि.व्य.स.बैठकमा)

२. जनसहभागिता, पारदर्शिता, उत्तरदायित्वमा कमी

३. कार्यदक्षता, प्रभावकारिता र मितव्ययितामा कमी

४. विद्यालय सुधार योजनामा जोड नदिनु

५. विद्यालय सुधार योजना सरोकारवालाको सहभागितामा निर्माण नगरिनु र कार्यान्वयनमा कम चासो हुनु। ■

# बगनासकालीका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू

| क्र.सं. | मन्दिर, कोट, गुम्बा | स्थान |
|---|---|---|
| १ | लक्ष्मीनारायण मन्दिर, | गाब्टुङ् बगनासकाली -१ |
| २ | सन्तोक वौद्ध गुम्वा, | खोरबारी बगनासकाली -१ |
| ३ | गोरखनाथ मन्दिर, | गाब्टुङ् बगनासकाली -१ |
| ४ | शिवालय मन्दिर, | भलुवा बगनासकाली -१ |
| ५ | कालिका मन्दिर, | पप्ले बगनासकाली -१ |
| ६ | रन्जिका देवी मन्दिर, | देविस्थान बगनासकाली -२ |
| ७ | हरीकला देवी मन्दिर, | छतिवन बगनासकाली -२ |
| ८ | शिव पार्वती मन्दिर, | अमराई बगनासकाली -२ |
| ९ | जनशिवालय मन्दिर, | नौबिसे बगनासकाली -२ |
| १० | चण्डी मन्दिर, | पिपलकुना बगनासकाली -२ |
| ११ | शिवालय मन्दिर, | देउराली बगनासकाली -२ |
| १२ | वुढा बराजू मन्दिर, | छतिवन बगनासकाली -२ |
| १३ | होली मेला, | लालपाटी बगनासकाली -२ |
| १४ | कोटघर, | नायर बगनासकाली -३ |
| १५ | रैनादेवी मन्दिर, | चिलाउनेबास बगनासकाली -३ |
| १६ | दर्लम महाकाली भगवती मन्दिर | बगनासकाली - ५ |
| १७ | दर्लम टाकुरा शिवालय | बगनासकाली - ५ |
| १८ | नवदुर्गा मन्दिर | बगनासकाली - ५ |
| १९ | भगेरस्थान मन्दिर | बगनासकाली - ५ |
| २० | दरुङ्गा शिवालय | बगनासकाली - ५ |
| २१ | गरनडाँडा शिवालय मन्दिर | बगनासकाली - ५ |
| २२ | भगवती मन्दिर, | बगनासकाली - ५ |
| २३ | राम जानकी मन्दिर, | बगनासकाली - ५ |
| २४ | सिद्ध गुफा मन्दिर, | बगनासकाली - ५ |
| २५ | कालिका मन्दिर, | बगनासकाली - ५ |
| २६ | अन्नपूर्णेश्वर (ऋषिकेश्वर) महादेव मन्दिर | बगनासकाली - ७ |
| २७ | शिवासन मन्दिर, | मिलनचोक बगनासकाली - ८ |
| २८ | सिद्धबाबा मन्दिर | बगनासकाली - ८ |
| २९ | दुर्गा मन्दिर, | घिमिरेडाडा बगनासकाली - ८ |
| ३० | कालिका विन्दबासिनी | ढावखोला बगनासकाली - ८ |
| ३१ | कालिका विन्दबासिनी मन्दिर, | घिउसीवास बगनासकाली - ८ |
| ३२ | कालिका विन्दवासिनी | जैसीटोला बगनासकाली - ८ |

शिक्षा

# विद्यालयहरूमा स्थानीय पाठ्यपुस्तक 'हाम्रो बगनासकाली' को कार्यान्वयन र यसको प्रभावकारीता



✍ दयाराज कडेल
श्री ग्राम्य मा.वि., चिर्तुङ्गधारा, पाल्पा

बगनासकाली गाउँपालिका भित्रका विशेष स्थानीय विषयवस्तुलाई समावेश गरी तयार पारिएको स्थानीय पाठ्यपुस्तक 'हाम्रो बगनासकाली' बगनासकाली गाउँसरकारको निजी शैक्षिक सम्पत्ति हो ।

**१. परिचय**

स्थानीय आवश्यकतालाई मध्यनजर गरी त्यहाँका स्थानीय विषयवस्तु, स्रोत साधन, विज्ञता र पहिचानलाई समावेश गरी स्थानीय पाठ्यक्रममा आधारित भई तयार पारिएको शैक्षिक स्रोत सामग्री नै स्थानीय पाठ्यपुस्तक हो। यसकै उपजमा रहेको छ स्थानीय पाठ्यपुस्तक 'हाम्रो बगनासकाली' । स्थानीय पाठ्यक्रम 'हाम्रो बगनासकाली' कक्षा (१-३) मा केन्द्रित भएर हाल 'हाम्रो बगनासकाली' कक्षा १ र कक्षा २ बगनासकाली गाउँपालिका भित्रका ३० सामुदायिक र ७ संस्थागत विद्यालयमा कक्षा १ र २ मा अध्ययनरत विद्यार्थीहरूले यो पाठ्यपुस्तक पठनपाठन गरिरहेका छन्। जसले विद्यार्थीहरूलाई अपनत्वको भावना सिर्जना गरेको छ। राष्ट्रिय परिवेशका विषयवस्तु मात्र पढिरहेको अवस्थामा आफ्नै घर आँगन अगाडिका विषयवस्तु पढ्न पाउँदा विद्यार्थीहरूमा नौलोपनको आभास भइरहेको छ।

आफ्नो स्थानीय परिवेशमा कहाँ के छ ? त्यसको विशेषता के छ ? त्यसको विकास र विस्तारबाट आफ्नो स्थानीय तहलाई के फाइदा हुन्छ ? भन्ने जस्ता विषयस्तु विद्यार्थीहरूले पढ्न पाएको हुँदा विद्यार्थीहरू खुसी देखिन्छन्। आफ्नो स्थानीय तहको नाम भएको पाठ्यपुस्तक पढ्ने वेला भएपछि कक्षाका विद्यार्थीहरू थप हौसलाका साथ झोलाबाट पुस्तक झिकेर पढ्ने गरेको शिक्षकहरूले बताउनुहुन्छ। घरमा बस्दा पनि बढी मात्रामा सोही किताब झिकेर त्यहाँका विषयवस्तु पढ्ने गरेको अभिभावकहरूले बताउनुभएको छ। त्यस पुस्तकभित्र राखिएका बाल गीत र बाल कविता बालबालिकाहरूले बाटोमा हिँड्दा समेत गुनगुनाउँदै हिँडेका देखिन्छ।




'नजिकको तीर्थ हेला' भन्ने उखान अनुसार बालबालिकाहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशका विषयवस्तु मात्र पढ्ने तर आफ्नो घर दैलो अगाडिका विषयवस्तुको जानकारी शुन्य भइरहेको अवस्थामा स्थानीय सरकारले चालेको यस कार्यले बगनासकालीको शैक्षिक क्षेत्रमा कोशेढुङ्गा सावित भएको छ। उदाहरणको लागि बच्चाहरूले नेपालमा ६५३ स्थानीय तह छन् भनेर पढे तर बगनासकाली गाउँपालिकामा कतिवटा वडाहरू छन् भनेर कहीँ कतै पढ्न पाएनन्। जसले गर्दा विद्यार्थीहरू आफ्नै आँखा अगाडिको विषयवस्तुबाट वञ्चित भए। यो त सामान्य उदाहरण मात्र हो। यो अभावलाई चिर्ने एकमात्र पाठ्यपुस्तक हो 'हाम्रो बगनासकाली'। अनौपचारिक रूपमा सञ्चालित परम्परागत पारिवारिक शिक्षा जसमा ज्येष्ठ सदस्यले कनिष्ठ सदस्यलाई पेसागत ज्ञान, सिप दिने, पारिवारिक मूल्य मान्यता र चालचलन सिकाउने चलन थियो त्यसैको विकसित रूप हो पाठ्यपुस्तक। वि.सं. २०४९ सालमा औपचारिक रूपमा सुरूवात् भएको यस व्यवस्थालाई बगनासकाली गाउँसरकारले २७ वर्षपछि २०७६ सालबाट यस कार्यलाई औपचारिकता दियो। अन्य स्थानीय तहहरूले भन्दा यस बगनासकाली गाउँपालिकाले छिटो स्थानीय पाठ्यपुस्तक तयार गरी प्रत्येक विद्यार्थीहरूको हातमा अपलब्ध गराउन सक्नु नै गाउँपालिकाले शैक्षिक क्षेत्रमा देखाएको उत्कृष्ट कार्य हो। स्थानीय सरकार सञ्चालन ऐन २०७४ आधारभूत तहसम्म स्थानीय विषय निर्माण गरी कार्यान्वयन गर्ने जिम्मा स्थानीय सरकारलाई दिइएको अवस्थामा उक्त

अधिकारलाई यस गाउँपालिकाले पूर्ण रूपमा कार्यान्वयनमा ल्याएको छ। यो पाठ्यपुस्तक बगनासकाली गाउँपालिका भित्रका विशेष स्थानीय विषय वस्तुलाई समोवश गरी तयार पारिएको पाठ्यपुस्तक 'हाम्रो बगनासकाली' बगनासकाली गाउँसरकारको एक निजी शैक्षिक सम्पत्ति हो। यसलाई आगामी दिनमा थप परिष्कृत र परिमार्जन गर्दै लैजानु हामी सबैको साझा दायित्व हो।

**२. स्थानीय पाठ्यपुस्तक 'हाम्रो बगनासकाली'को प्रभावकारीता**

बगनासकाली गाउँपालिकाभित्रका ३७ वटा सामुदायिक र संस्थागत विद्यालयमा स्थानीय पाठ्यपुस्तक लागु भएपश्चात् त्यसको प्रभावकारी पक्षहरू देहायबमोजिम रहेका छन् :

- स्थानीय विषयवस्तुबारे बालबालिकाहरू परिचित भएका छन्,
- स्थानीय स्रोत, साधन र विज्ञताको उपयोग भएको छ,
- अपनत्वको भावना विकास भएको छ,
- स्थानीय स्तरमा रहेका सरोकारवालाको क्षमता अभिवृद्धि गरेको छ,
- स्थानीय तहका सरोकारवालाको सक्रिय सहभागितामा जोड दिएको छ,
- राष्ट्रिय परिवेशका विषयवस्तु मात्र सिक्ने र सिकाउने परिपाटीलाई अन्त्य गरी स्थानीय विषयवस्तुको ज्ञान प्रदान गरेको छ,
- बालबालिकाहरू मात्र नभई अभिभावकहरूलाई समेत स्थानीय विषयवस्तुको बोध गराएको छ,
- स्थानीय सरकारको कार्यक्षमतालाई उदाहरणीय बनाएको छ,
- विकेन्द्रित पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण प्रक्रियालाई संस्थागत गर्नु,
- राष्ट्रिय र अन्तर्राष्ट्रिय आवश्यकताबिच यसले सन्तुलन कायम गरेको छ,
- बालबालिकाहरूलाई आफ्नो स्थानीय तहभित्र रहेका तर आझेलमा परेका विषयवस्तुबारे ज्ञान हासिल गराएको छ,
- आफ्नो वडा र छिमेकी वडाबिचमा रहेका स्थानीय विषयवस्तुको तुलनात्मक जानकारी दिएको छ,
- विश्वव्यापीकरणको बढ्दो प्रभावलाई कम गरी स्थानीय परिवेशको शिक्षा र विश्वव्यापीकरण शिक्षा बिचमा सामञ्जस्यता कायम गरेको छ,
- हेर्दा सामान्य लाग्ने तर व्यावहारिक रूपमा विशिष्ट खालमा विषयवस्तुको बोध गराएको छ,
- पढ्दै, गर्दै र गाउँदै आफ्नो स्थानीय तहभित्रका विशेष विशेषताहरूबारे शैक्षिक सरोकारवालाहरूलाई जानकारी प्रदान गरेको छ।■

*नोटः (लेखक स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक 'हाम्रो बगनासकाली'को लेखक भएको जानकारी)*




बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिर्तुङ्गधारा, पाल्पा

# विद्युतीय शासन



✍हरिहर गैरे
वडा सचिव
बगनासकाली-२, पोखराथोक पाल्पा

**विषय प्रवेश :**

शासन व्यवस्थालाई Technology Based बनाई यसबाट सेवा प्रवाह गर्नु विद्युतीय शासन हो। शासकीय लाभ, सेवा, सुविधा आम जनता माझ प्रवाह गर्ने सिलसिलामा विद्युतीय सूचना तथा संचार माध्यमलाई प्रयोगमा ल्याउनु विद्युतीय शासन हो। विद्युतीय शासनले राज्यका प्रत्येक अंगले गर्ने क्रियाकलापमा विद्युतीय माध्यमको प्रयोगको प्रवर्द्धन गर्ने कुरामा जोड दिन्छ। सार्वजनिक सेवा प्रवाहका सन्दर्भमा सेवा प्रदायक तथा सेवा ग्राहीहरू बीच विद्युतीय माध्यमबाट सम्पर्क राख्ने, सूचना आदान प्रदान गर्ने तथा अन्तर्क्रिया कायम गर्ने प्रणालीको रूपमा विद्युतीय शासन परिचित छ। सूचनाको आदान प्रदान गरी आम जनतालाई सेवा प्रदान गर्ने तथा जनता र सरकारका अरू निकायसँग आवश्यक कारोबार गर्ने प्लेटफर्मको रूपमा सूचना, प्रविधि, इन्टरनेटको प्रयोग गर्ने कुरामा आधारित शासकीय प्रक्रियाको रूपमा विद्युतीय शासनलाई लिनुपर्ने देखिन्छ।

**विद्युतीय शासनको अवधारणा :**

शासनमा सुधार, प्रभावकारिता अभिवृद्धि एवं शासनमा आधुनिकिकरण सँगै विद्युतीय शासनको अवधारणा विकास भएको हो। सर्वप्रथम सन् १९९३ मा तत्कालीन अमेरिकी उपराष्ट्रपति एल गोरले सार्वजनिक सेवालाई प्रभावकारी र पारदर्शी तुल्याउनको लागि E-governance शब्दको सुरु गरेका थिए। सन् १९९९ मा तत्कालीन अमेरिकी राष्ट्रपति बिल क्लिन्टनले Government Paperwork Elimination Act, 1998 को घोषणा गरेपछि यसको प्रयोगमा बढोत्तरी हुँदै गएको पाईन्छ। नेपालमा वि.सं. २०३७ मा स्थापना भएको राष्ट्रिय कम्प्युटर केन्द्र, सन् २००४ को Telecommunication Policy, सन् २००७ को विद्युतीय कारोबार कार्यान्वयन नियमावली, सन् २०१० को IT Policy ले विद्युतीय शासनमा जोड दिएको पाईन्छ।

**विद्युतीय शासनले के गर्छ ?**

- सेवाका लागि माग संकलन गर्ने,
- सेवा सार्वजनिकिकरण गर्ने,
- उत्तरदायित्व बोध गर्ने,
- जनता र सरकार बीचको सम्बन्ध सेतुको रूपमा रहने,
- सेवामा पारदर्शिता कायम गर्ने,
- कम लागतमा सेवा प्रवाह गर्ने,
- सेवा पारदर्शिता कायम गर्ने,
- कम लागतमा सेवा प्रवाह गर्ने,
- सेवाप्रतिको गुनासो सुनुवाई /समाधान गर्ने।
- सेवा वितरणको जानकारी संकलन गर्ने,
- सेवा अनुगमन, मुल्याङ्कन, पृष्ठपोषण,
- Knowledge Based Society को निर्माण गर्ने।

**विद्युतीय शासनका सबल र दुर्वल पक्ष :**

**सबल पक्ष :**

- भौगोलिक दुरीमा निकटता ल्याउँछ।
- शासकीय प्रभावकारिता आउँछ।
- Knowledge Based Society को विकास गर्छ।
- Less Paper Governance को अवधारणालाई मूर्त रूप दिन्छ।
- भ्रष्ट कार्यशैलीमा सुधार आउँछ।
- सुशासन प्रवर्द्धन हुन्छ।
- सरकार र जनता बीच प्रत्यक्ष संवाद स्थापित गर्छ।
- सेवा, प्रवाहमा छिटो, छरितोपन कायम हुन्छ।

**दुर्बल पक्ष :**

- प्रविधीमैत्री प्रणालीको खर्च व्यवस्थापन चुनौतीपूर्ण रहेको।
- प्रशासनिक तत्परता र प्रतिबद्धता कायम गर्ने समस्या।
- Cyber Crime को सम्भावना बढ्नु।
- सेवाको प्रभावकारितालाई कम्प्युटर प्रणालीसँग अन्तर्सम्बन्धित बनाउन समस्या हुने।

**नेपालमा विद्युतीय शासनको सम्भावना :**

- बढ्दो साक्षरतादर।
- Knowledge Based Society को निर्माण।
- सूचना प्रविधिमा अभ्यस्त जनशक्तिको हिस्सामा बढोत्तरी।
- सरकारी कार्यालयका Web Site निर्माण तथा up to date।
- Online Application, Online System राजश्व भूक्तानी।
- विश्वव्यापीकरणको प्रभाव।

**नेपालमा विद्युतीय शासनको अवस्था :**

- सूचना प्रविधि नीति २०६७ मौजुदा अवस्थामा छ।
- मन्त्रालय, विभाग, कार्यालयमा Website

निर्माण गर्ने सूचा प्रविधि नीतिले जोड दिएको।
- IT Officer को व्यवस्था सहित IT को माध्यमबाट सूचना संकलन एवं प्रशारण गर्ने व्यवस्था।
- Passport, Driving License मा IT को प्रयोग बढ्दो।
- Voting System सूचना प्रविधिको माध्यमबाट हुने व्यवस्था।
- Virtual, Zoom Meeting को अभ्यास।
- बैंकहरूको इन्टरनेटमा आधारित Banking System लागु।
- लोकसेवा आयोगमा Online Application को व्यवस्था।
- E-PAN, E-TDS, E-Attendance, E-Tax Clearance जस्ता सुविधाको प्रयोग।
- बजेटमा BMIS, FMIS को प्रयोग।

**नेपालमा विद्युतीय शासन सम्बन्धी व्यवस्थाहरू :**

(क) कानूनी व्यवस्था :
- विद्युतीय कारोबार ऐन २०६३, नियमावली २०६३
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४, नियमावली २०६५
- सूचना प्रविधि नीति २०६७
- आम संचार नीति, २०७३
- ब्रोडव्याण्ड नीति २०७१
- सूचनाको हक सम्बंधी ऐन २०६४
- कम्पनी ऐन २०६३
- सुरक्षित कारोबार ऐन २०६३
- दुर संचार नीति, २०६०

**(ख) संस्थागत व्यवस्था:**
- संचार तथा सूचना प्रविधि मन्त्रालय
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
- राष्ट्रिय सूचना आयोग
- राष्ट्रिय सूचना प्रविधि केन्द्र
- Department of Information Technology
- Nepal Academy of Science and Technology (NAST)
- Computer Association of Nepal (CAN)
- IT Council

**(ग) कार्यक्रमगत/व्यवहारिक व्यवस्था :**
- Online Complain Provision
- सरकारी कार्यालयमा Website को व्यवस्था
- सबै सरकारी निकायमा सूचना अधिकारीको व्यवस्था
- सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका २०६५ को कार्यान्वयन
- इन्टरनेटमा आधारित बैंकिङ प्रणाली लागु।
- निजामती किताब खातामा एक्ष्व, अर्थमन्त्रालयमा PBIS, स्वास्थ्य मन्त्रालयमा HMIS सूचना प्रणाली लागु।

**नेपालमा विद्युतीय शासनका चुनौतीहरू :**
- Law and Public Policy को निर्माण र कार्यान्वयन।
- E-literacy को वृद्धि।
- Infrastracture Development मा जोड।
- Technical Requirement सबलीकरण।
- Privacy and Security कायम।
- IT को अवथा up to date गर्नु।
- Cyber Crime को सम्भावना तोड्नु।
- सेवा सञ्चालन गर्ने निकाय बीच Co-ordination सबल बनाउनु।

**नेपालमा विद्युतीय शासनका सम्बन्धमा सुधारको पक्षहरू :**
- संस्थागत Capacity Enhancement मा जोड दिने।
- IT Awarness df जोड दिने।
- ICT ralated पूर्वाधारको विकास गर्ने।
- ICT based public service delivery लाई बढावा दिने।
- विद्युतीय शासनलाई शासकीय अभ्यासको Intregal Part को रूपमा स्थान दिने।
- E-literacy प्रबर्द्धन गर्ने/गराउने।
- विद्युतीय शासन बढोत्तरी सम्बन्धी मौजदा कानून, नीतिको समयानुकुल संशोधन तथा व्यवहारिक कार्यान्वयनमा जोड दिने।
- Electronic document लाई निर्णयको आधार मान्ने कानूनी प्रावधानलाई व्यवहारिकता प्रदान गर्ने।
- नीतिगत, संस्थागत, कार्यक्रमगत/व्यवहारगत पक्षको कार्यान्वयनमा जोड।

E-Governance आजको माग हो। यसबाट सीमित सरकारको अवधारणालाई समेत व्यवहारिकता दिन सकिन्छ। देशको द्रुत स्तरमा आर्थिक विकास गरी जनताको हित अभिवृद्धि गर्न समेत विद्युतीय शासनले कार्य गरेको पाईन्छ। तथापी उल्लेखित शब्दजालहरूको प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको अवस्थामा विद्युतीय शासन लागु भई Knowledge Based Society को निर्माण गरी सेवा प्रवाहमा जनताको विश्वास बढाउन सकिन्छ।■

**सन्दर्भ सामाग्री :**

खड्का, तुल (२०७६) समसामायिक कानून तथा अभ्यास, जे.वी. पब्लिकेशन, किर्तिपुर काठमाण्डौ, नेपाल।

पाण्डे, यमराज (२०७६) शाखा अधिकृत, प्रश्नोत्तर शासन प्रणली र समसामयिक विषय, जे.वी. पब्लिकेशन, किर्तिपुर काठमाण्डौ, नेपाल।

अधिकारी, सुरेश (२०७६) शासन प्रणाली तथा समसामयिक विषय, करीयर काउन्सिलिङ्ग सेन्टर प्रा.लि. काठमाण्डौ, नेपाल।

तामाङ, हेमराज (२०७५) शासन प्रणली र समसामयिक मामिलाहरू, अक्षरांक प्रकाशन प्रा.लि.।

ज्ञवाली, रामप्रसाद (२०७७), शासन प्रणाली, ज्योति पब्लिकेशन, पुतलीसडक काठमाण्डौ।

# चिनारी साहित्य संगमको खोज एवं सहयोग गाउँपालिकाको



✍हरि प्रसाद भट्टराई
अध्यक्ष
पोखराथोक साहित्य संगम

**प्रारम्भ**

मानिस जव जन्मिन्छ तब उसका आवश्यकताहरू शुरु हुन थाल्छन् । आमाको दुध उसको पहिलो आवश्यकता हो । अनि उसमा क्रमशः व्यक्तिगत विकासको आरम्भ हुन्छ । शारीरिक र मानसिक परिवर्तनहरू मानिसमा आउने शुरुवाती विकासका चरणहरू हुन् । उमेर बढ्दै जादा थप परिवर्तन र विकास हुँदै जानु समयको तात्विक उपलब्धी हो । शिशु अवस्थाबाट प्रारम्भ भएको मानिसको जीवन उमेर अनुसार आवश्यकताहरू थपिदै र परिवर्तनका चरणहरूमा समेत नयाँपन देखिदै जान्छन् । नवजात शिशुमा हुने आवश्यकता, बालक, किशोरावस्था युवावस्था, प्रौढावस्था तथा वृद्धावस्थामा आउने शारीरिक मानसिक परिवर्तनहरू र आवश्यकताहरू फरक फरक नै हुन्छन् । दिउसोको झल्को विहानीले दिन्छ भने जस्तै किशोरावस्थाको पहिलो चरणबाटै भविष्यमा उसको चरित्रको लक्षणले संकेत देखाउन शुरु गरिहान्छ । उसको रुचीले उसलाई सम्बन्धित् विषयमा तिखार्न शुरु गर्छ । मानिस अनुसार उसको विचार र रुचीहरू हुने गर्छन् । मत भिन्नताहरू हुन्छन् । एउटै आमाबाट जन्मेका जुम्ल्याहाहरूको समेत सोंच, विचार र रुची फरक-फरक हुन्छन् । सुनाई हेराई शुरु भएको बौद्धिक विकास खारिदै र माझिदै जाँदा एउटा सवल र असल नागरिकमा रूपान्तरित हुन्छ मानिस । आफ्ना आवश्यकता पूरा गर्ने क्रममा मानिस भौंतारिनु स्वभाविक हो । यसरी भौतारिदा र आवश्यकताको खोजीको क्रममा मानिसले जीवनमा अझ धेरै सिकाइहरू हासिल गर्दछ । यसै क्रममा मानिसको आवश्यकता माथि थप आवश्यकता पूरा हुँदा पनि सन्तुष्टि प्राप्त हुँदैन । सन्तोष प्राप्तिको खोजीमा भौतारिनु मानिसको दोष होइन, बरु यो त केवल खोज मात्रै हो । 'सन्तोष परम् शुखम' भन्नु त केहि गर्न नसक्ने मानसिक वृद्धहरूले मन बुझाउने एउटा उपाय मात्रै हो । केहि गरुँ र खोजुँ भन्नेहरूका लागि त यो भनाई (उक्ति) विष नै हो । संघर्षशिल र खोजमुलक जीवनमा यस्ता उक्तिहरूले कुनै महत्त्व राख्दैनन् । संघर्षशिल जीवनले हरेक क्षेत्रमा सफलता प्राप्तिको उद्देश्य राख्दछ ।

गाउँ समाजमा धेरै प्रकारका सोंच विचार भएका मानिसहरूको जन्म भएको हुन्छ । अत्यन्त असल र अत्यन्त खराव मानिस पनि समाजमा हुन्छन् । त्यसैले समाजमा राम्रा र नराम्रा दुवै प्रकारका कामहरू भैरहेका हुन्छन् । असल र उच्च सोंच भएका मानिसको काम र व्यवहारको केहि गलत तत्वहरूले वाहेक अरू सबैले समर्थन र सहयोग गरेका हुन्छन् । मानिस जस्तोसुकै सोंचबाट प्रभावित भए पनि गीत, संगीत, कला र साहित्यबाट प्रभावित नहुने कुरै हुदैन । रेडियोमा बजिरहेको मधुर स्वरको गीतले जतिसुकै तनावमा रहेको मानिसको मनलाई पनि शान्त पारिदिन्छ । तनावमा भौतारिएको मानिस आफ्नो कला र भेषभुषाले सजिएकी सुन्दर युवती देख्दा उनको सुन्दरताबाट जो कोही पनि मोहित भैहाल्छ र सारा तनावबाट उ केहि समयका लागि मुक्त हुन्छ । पढ्ने र अध्ययनशिल मानिसहरूका लागि कथा, कविता र उपन्यासका पुस्तकहरू ज्ञान र आनन्द दुबै प्राप्त गर्ने माध्यम बन्छन् । यसबाट मानिसमा बौद्धिक खुराक प्राप्त हुन्छ, मानिस तनाव वा चिन्ताबाट मुक्त हुन्छ । त्यसैले भनिएको छ "साहित्य, संगीत, कलाविहिन साक्षात पशु पुच्छर सिङ्हिन ।" वास्तवमै मनमा अलिकति पनि साहित्य संगीत र कलाप्रति रुची नभएको मानिस सिङ् र पुच्छर नभएको पशु जस्तै हो भनिएको छ । मधुर स्वरमा वाचन गरिएका लयात्मक कविताहरूले कस्को मनलाई छुदैन र ? यस्तै यस्तै साहित्यमा अभिरुची राख्ने केहि व्यक्तिहरूको सम्बन्धका कारण पोखराथोक साहित्य संगमको जन्म भएको हो ।

**स्थापना**

पोखराथोक साहित्य संगमको स्थापनाको प्रसङ्ग उल्लेख गर्नु पर्दा स्व. कृष्ण पहारीको नाम अग्रपङ्क्तीमा आउँछ । २०५५ सालतिर देखि नै कृष्ण पहारीले मसँग भेट हुँदा पोखराथोकमा एउटा साहित्यिक संस्थाको स्थापना गरौं भनिरहनुहुन्थ्यो । यो कुरा उहाँले धेरै जना व्यक्तिहरूलाई भन्नुभएछ । त्यतिबेला उहाँको यो कुराको सुनुवाई कसैबाट भएन । तथापी २०५७ को वर्षायामताका मसँगको प्रत्येक भेटमा कृष्ण पहारीले यति कुरा भनिरहनु भयो । म पनि साहित्यमा रुची राख्ने व्यक्ति भएकाले उहाँको यो विचारलाई मनन गरि यहि कुरा तत् समयमा विष्णु मा.वि. मा नेपाली विषय अध्यापन गर्ने गुरु गंगानाथ कोइरालासँग राखें र उहाँबाट पनि सकारात्मक सल्लाह पाइयो । मित्र विश्वनाथ गैरेसँग पनि यस विषयमा सल्लाह भयो । संस्था गठन गर्नको लागि मान्छे जुटाउने जिम्मा मलाई दिइयो । त्यसै अनुसार मैले तीन वटा सूचना पत्र (पम्पलेट) लेखी २०५७ साल घटस्थापनाका दिन तत्कालिन पोखराथोक गा.वि.स. भवन नजिकै

रहेको आँपको फेदमा भेला हुन भनि, तत्कालिन गा.वि.स. भवनको भित्तामा, विद्यालयको भित्तामा र पोखराथोकको बस प्रतिक्षालयको भित्तामा गरि तीन ठाउँमा सूचना टाँस गरे। उक्त सूचना अनुसार २०५७ आश्विन १२ गते घटस्थापनाका दिन साहित्यमा अभिरुची राख्ने २३ जना व्यक्तिहरूको उपस्थिति रह्यो। उपस्थित व्यक्तिहरूको राय, सल्लाह र सुझावबाट “पोखराथोक साहित्य संगम” नामक साहित्यिक संस्थाको स्थापना भएको हो। सो भेलामा उपस्थित व्यक्तिहरूको नामावली (रेकर्ड अनुसार) ‘वाटिका’ वर्ष १६ अङ्क १७ मा उल्लेख गरेको छु। उक्त भेलाले त्यसै दिन गंगानाथ कोइराला अध्यक्ष रहेको संस्था सञ्चालनको लागि कार्यकारी समितिको गठन गऱ्यो। अन्य सदस्यहरूमा कृष्ण पहारी, पिताम्बर काफ्ले, गोविन्द गैरे, राजेन्द्र श्रेष्ठ, विश्वनाथ गैरे तथा हरि प्रसाद भट्टराई (म) लाई तत्कालिन भेलाले सचिव पदको जिम्मेवारी दियो। समय अनुसार सदस्यहरूमा फेरवदल भइरह्यो। संगमले बेलाबेलामा साहित्यिक कार्यक्रमहरूको पनि आयोजना गर्दैरह्यो। ती साहित्यिक कार्यक्रमहरूको समाचार कृष्ण पहारीले सामुदायिक रेडियो मदनपोखरा र गाउँले देउरालीमा पठाइरहनु हुन्थ्यो। रेडियोबाट समाचारमा आउँदा र पत्रिकामा समाचार छापिदा हामीहरूमा झन् उत्साह थपिन्थ्यो। २०६० देखि ‘वाटिका’ साहित्यिक पत्रिका प्रकाशन आरम्भ भयो। संस्थाको स्थापना र वाटिका प्रकाशनको कामले यस भेगकै साहित्यिक उत्थानमा महत्त्वपूर्ण योगदान गर्दै आइरहेको छ।

### संस्थाका उद्देश्यहरू

पोखराथोक साहित्य संगम एउटा नितान्त साहित्यिक संस्था भएकाले यसका उद्देश्यहरू पनि साहित्यिक गतिविधिहरूसँग सम्बन्धित् नै छन्।

❖ कुनै निश्चित दिन महिना वा साहित्यिक पर्वहरूमा वा कुनै राष्ट्रिय साहित्यकारका जन्म दिन वा स्मृति दिवसमा साहित्यिक कार्यक्रम, रचना वाचन, साहित्यिक भेला वा विमर्श कार्यक्रम आयोजना गर्ने।

❖ संस्थामा कुनै पनि साहित्यिक क्षेत्रमा योगदान पुऱ्याउने सर्जकहरूलाई पुरस्कृत तथा सम्मानित गर्न अक्षयकोषको स्थापना गर्न पहल गर्ने।

❖ वार्षिक रूपमा वाटिका साहित्यिक संगालो प्रकाशित गर्ने।

❖ समय समयमा गजल लेखन प्रशिक्षण, छन्दमा काव्य रचना सम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने।

❖ साहित्यमा अभिरुची राख्ने तथा साहित्यकारहरू यस संस्थामा आवद्ध हुन चाहेमा आजीवन सदस्यता प्रदान गर्ने।

❖ पोखराथोक साहित्य संगममा आवद्ध रहि वा पोखराथोक साहित्य संगमलाई माथि उठाउने कार्यमा महत्वपूर्ण योगदान गर्ने, पाल्पा वा पाल्पा बाहिर रहेर वाटिकामा उत्कृष्ट रचना पठाउने, उत्कृष्ण छन्दवद्ध कविता रचना गर्ने, पाल्पालाई कर्मथलो बनाई साहित्य सिर्जना गर्ने, जिल्ला वा जिल्ला बाहिर रहेर साहित्यिक उन्नयनमा महत्त्वपूर्ण योगदान गर्ने सर्जकहरूलाई संगममा स्थापित कोषहरूबाट सम्मानित तथा पुरस्कृत गर्ने।

❖ संस्थाले आयोजना गरेका साहित्यिक कार्यक्रमहरूमा साहित्यकारहरूलाई भेला गराई साहित्यिक कार्यक्रम आयोजना गर्ने र अन्य साहित्यिक संस्थाहरूले आयोजना गरेका कार्यक्रमहरूमा पोखराथोक साहित्य संगमको तर्फबाट प्रतिनिधित्व गर्दै सहभागिता जनाउने।

❖ संस्थाको आर्थिक कारोबार दुरुस्त राखी लेखापरीक्षण गराउने। जिल्ला प्रशासन कार्यालयबाट संस्थाको निरन्तर नविकरण गराउने र संस्थालाई जिवन्तता प्रदान गर्ने।

❖ संस्थामा आवश्यकता अनुसार बैठक बसी निर्णयहरू गर्ने।

यी माथि उल्लिखित काम र क्रियाकलापहरू यथासमयमा नै सम्पन्न गर्ने संस्थाको उद्देश्य रहेको छ।

### वाटिका प्रकाशनको आरम्भ

संस्था स्थापना मात्रै पनि महत्त्वपूर्ण काम थिएन। संस्थालाई जिवन्तता दिनु र उद्देश्य अनुसार काम गर्नु पनि उत्तिकै चुनौतीपूर्ण थियो। संस्थाको उद्देश्य अनुसार साहित्यिक कार्यक्रमहरू त्रैमासिक रूपमा भैरहे पनि त्यसको अभिलेखिकरण महत्त्वपूर्ण कार्य थियो। साहित्यिक रचनाहरूको अभिलेखीकरण भनेको साहित्यिक संगालो प्रकाशन नै थियो। त्यसका लागि संस्थाले आधिकारिकता प्राप्त गर्नु पहिलो सर्त थियो भने, दोस्रो सर्त आर्थिक समस्या हलको थियो। संस्थाको आधिकारिकता पुरा गर्न हामीले संस्थागत नियम पुरा गरी विधानको निर्माण गरी जिल्ला प्रशासन कार्यालय पाल्पामा दर्ता गऱ्यौं। आर्थिक समस्या हल गर्न, सदस्यहरूले मासिक रूपमा रकम संकलन गर्ने, आजिवन सदस्यता शुल्क निर्धारण गरी सदस्यता बढाई रकम संकलन गर्ने, भित्तेपात्रो प्रकाशन गरी बिक्रि गरेर रकम संकलन गर्ने, चिठ्ठा खोली पुरस्कार वितरण गरी केहि रकम सञ्चय गर्ने गरेर वाटिका प्रकाशनको लागि रकमको जोहो गऱ्यौं। यसरी संस्थाको चौथो स्थापना दिवसको कार्यक्रम आयोजना गर्दा २०६० मा ‘वाटिका’ को पहिलो अङ्क प्रकाशित गर्न सफल भयौं। वि.सं. २०६० मा नै ‘वाटिका’ को दोस्रो अङ्क प्रकाशित गऱ्यौं। तर यस संस्थामा आवद्ध भएका धेरै सदस्यहरू रोजगारीको सिलसिलामा विभिन्न पेशामा आवद्ध रहनु पर्ने र पर्याप्त समय दिन नसक्नुको कारण २०६१ देखि वार्षिक अङ्ककै रूपमा वाटिका प्रकाशनको कार्यलाई निरन्तरता दियौं। प्रकाशनको यो क्रमलाई २०७८ सालसम्म आइपुग्दा ‘वाटिका’ २० औं अङ्कसम्म निरन्तर रूपमा प्रकाशित भैरहेको छ। हालसम्म २ वटा लघुकथा विशेषाङ्क र ‘वाटिका’ १९ औं अङ्क गजल विशेषाङ्क गरी जम्मा तीन वटा अङ्क विशेषाङ्कको रूपमा प्रकाशित भएका हुन्। वाटिका अङ्क १ देखि १६ औं अङ्कसम्म कृष्ण प्रसाद कोइरालाले

सम्पादकको भूमिका वहन गर्नु भयो भने अङ्क १७ देखि अङ्क २० सम्म मैले सम्पादनको जिम्मेवारी पुरा गरिरहेको छु। संस्थागत नेतृत्वको कुरा गर्दा २०५७ सालदेखि २०७३ सालसम्म गंगानाथ कोइरालाले अध्यक्षको जिम्मेवारी वहन गर्नुभयो भने २०७३ देखि कृष्ण पहारी अध्यक्ष बन्नु भयो तर उहाँको असमायिक निधनपश्चात मैले १ (एक) वर्ष कार्यवाहक भई जिम्मेवारी पुरा गरैं। २०७४ सालदेखि हालसम्म मेरो नेतृत्वमा संगमले आफ्ना गतिविधिहरू अगाडि बढाइरहेको छ।

### संगमका अन्य प्रकाशनहरू

पोखराथोक साहित्य संगमले प्रकाशित गर्ने 'वाटिका' सामुहिक प्रकाशन हो। यसमा धेरै भन्दा धेरै साहित्यकारहरूको लेख रचनाहरू समावेश गरिन्छ। सिकारु लेखक तथा रचनाकारदेखि अनुभवी र खारिएका साहित्यकारहरूका लेख, रचना समावेश हुन्छन्। वाटिकाबाहेक पनि संगमले अन्य लेखक, साहित्यकारहरूका कविता संग्रह, गजल संग्रह, हास्यव्यङ्ग्य संग्रह, मुक्तक काव्य, खण्डकाव्य, उपन्यास, स्मृति ग्रन्थजस्ता पुस्तकहरू प्रकाशन गर्दै आइरहेको छ। संगमले हालसम्म विभिन्न साहित्यकारहरूका १६ वटा कृतिहरू प्रकाशित गरिसकेको छ। आगामी दिनमा पनि संगमले यस्ता कार्यहरूलाई निरन्तरता दिइरहने छ।

### सम्मान तथा पुरस्कार

पोखराथोक साहित्य संगमले स्थायित्व र कानुनी मान्यता पाएसँगै यस संस्थामा विभिन्न व्यक्तित्वहरूबाट अक्षयकोषको स्थापना गर्ने क्रम शुरु भयो। हालसम्म यस संस्थामा देहाय अनुसारका आठ वटा अक्षयकोषहरू स्थापना भइसकेका छन्।

संगमले माथी उल्लिखित अक्षयकोषहरूबाट तथा संगमकै तर्फबाट गरी पाल्पा तथा पाल्पा बाहिर रहेर भाषा साहित्यको विकास र उन्नतिमा निरन्तर सक्रिय रहेका ५९ जना साहित्यकारहरूलाई सम्मानित एवं पुरस्कृत गरिसकिएको छ। यो कार्य आगामी दिनमा पनि निरन्तर जारी रहने छ।

### साहित्य संगम र आर्थिक सहयोग

पोखराथोक साहित्य संगमले हालसम्म, सदस्यता शुल्क वापत, चन्दा संकलन वापत, भित्तेपात्रो छपाई तथा विक्रीबाट प्राप्त नाफाबाट, चिठ्ठा खोली पुरस्कार वितरणबाट बाँकी रहेको रकम, आजिवन सदस्यता शुल्कबाट उठेको रकम, अक्षयकोष स्थापनाबाट प्राप्त हुने रकम, विज्ञापनबाट प्राप्त हुने शुल्क, आदि पोखराथोक साहित्य संगमका आम्दानीका स्रोतहरू हुन्। यसबाहेक संस्थागत रूपमा बगनासकाली गाउँपालिका २ नं. वडा कार्यालय पोखराथोकबाट प्राप्त सहयोग तथा बगनासकाली गाउँपालिकाबाट प्राप्त सहयोग रकम नै साहित्य संगमका आर्थिक स्रोतहरू हुन्।

संस्थाका आम्दानीका स्रोतहरू माथी उल्लेख गरेजस्तै खर्चका शीर्षकहरू पनि छन्। हाम्रो मूख्य खर्च भनेको 'वाटिका' छपाईमा हुने खर्च नै हो। त्यस बाहेक संस्थाद्वारा हुने साहित्यिक कार्यक्रममा जलपान खर्च, लेखापरीक्षण खर्च, कर तिर्नु, जिल्ला प्रशासन कार्यालयमा संस्था नविकरणमा लाग्ने खर्चहरू संस्थाबाट हुने मूख्य खर्चका शीर्षकहरू हुन्।

### बगनासकालीको साहित्यिक धरोहरको रूपमा पोखराथोक साहित्य संगम

कुनै पनि वडा, गाउँ, नगर, जिल्ला र समग्र प्रदेशको उन्नति प्रगति हुन त्यस क्षेत्रको चौतर्फी विकास हुनु अत्यावश्यक छ। यातायात, स्वास्थ्य, शिक्षा, सञ्चार, कृषि, वाणिज्य आदि क्षेत्रको विकाससँगै त्यहाँको कला, संस्कृति र साहित्यको विकास हुनु जरुरी छ। सम्पूर्ण विकास भए तापनि कला, संस्कृति र साहित्यको विकासमा ध्यान दिइएन वा भएन भने त्यो विकास अपुरो वा अपाङ्गजस्तै हुन्छ भनि वौद्धिक व्यक्तित्वहरूबाट टिप्पणी गरेको सुन्न पाइन्छ। त्यसैले यस गाउँपालिका भित्रको समग्र भाषिक, सांस्कृतिक कला र साहित्यको विकासमा यस संगमले विगत देखि नै सक्दो भूमिका निर्वाह गर्दै आइरहेको छ। आगामी दिनमा पनि यस संगमले बगनासकाली गाउँपालिकाको कला, संस्कृति र साहित्यलाई थप प्रकाशमा ल्याउन वा उजागर गर्न यस क्षेत्रका विद्वान, जनप्रतिनिधि, साहित्यिक व्यक्तित्वहरूसँग सरसल्लाह र राय, सुझाव लिई यस संगमलाई समग्र गाउँपालिकाकै धरोहरको रूपमा विकास गर्न सम्बन्धित् पक्षहरूले अग्रसरता लिनुपर्छ। पोखराथोक साहित्य संगमलाई समग्र गाउँपालिकाकै सम्पत्ति बनाउन हामी सबै गाउँपालिकाबासी लागि पर्नु जरुरी छ। हो, पोखराथोक साहित्य संगम पहिले पोखराथोकमै स्थापना भएको हो। यसो भन्दैमा वाटिका भित्र केबल पोखराथोक बासीका मात्रै रचना वा लेखहरू समावेश भएका छैनन्। हामी त वडा, गाउँपालिका, जिल्ला, अञ्चल तथा सातै प्रदेश, पूर्व मेचीदेखि पश्चिम कालीसम्मका समस्त सर्जकहरूलाई उचित स्थान दिइरहेका छौं। हो वास्तविक जस लिने एउटा निकाय हुनुपर्छ। देश

| सि.नं. | कोषको नाम | संस्थापक | कोष राशी |
|---|---|---|---|
| १. | हरिहर रेग्मी स्मृति कोष | दिपेन्द्र कुमार रेग्मी | रु.५,०००।- |
| २. | तुलाराम स्मृति कोष | फणिश्वरा मुडभरी | रु.५,०००।- |
| ३. | पवित्रा ढकाल स्मृति कोष | मथुरा ढकाल (थपिदै जाने) | रु.१५,१३६।- |
| ४. | यादवनाथ कोइराला स्मृति कोष | चन्द्रिका कोइराला | रु.१०,०००।- |
| ५. | भाष्कर शान्ति नेपाल साहित्य पुरस्कार | भाष्कर नेपाल | रु.१५,०००।- |
| ६. | राधा वद्रि, अम्विका स्मृति प्रतिभा सम्मान पुरस्कार | पुष्कर/सुशिला रेग्मी | रु.७,०००।- |
| ७. | डुकुल राज/लोकमाया काफ्ले स्मृति कोष | होमनाथ शर्मा/महेश्वरी देवी शर्मा | रु.२०,०००।- |
| ८. | कृष्ण पहारी स्मृति अक्षयकोष | श्रीमती विष्णु पहारी छोरा विशाल छोरीहरू विद्या/सम्झना | रु.५०,०००।- |

संघीयतामा जानु पूर्व गाउँ विकास समिति थियो, त्यतिबेला त्यो जस र जिम्मेवारी पोखराथोक गा.वि.स.ले लिन्थ्यो तर हाल देश संघीयतामा गैसकेको अवस्थामा पुरानो पोखराथोक गा.वि.स. हाल बगनासकाली गाउँपालिकामा समाहित भएको अवस्थामा पोखराथोक साहित्य संगमले गरेका हरेक क्रियाकलापहरूलाई बगनासकाली गाउँपालिकाले आफ्नो सम्झेर अझ व्यापक बनाउँनका लागि काम र कर्तव्य पुरा गर्नु पर्छ। यो पोखराथोक साहित्य संगम बगनासकाली गाउँपालिकाको साझा सम्पत्ति हो। अब साहित्य संगमको उन्नति, प्रगति र विकासको सम्पूर्ण चरणमा यस बगनासकाली गाउँपालिका सदा सर्वदा संगमकै साथमा रहिरहनेछ भन्ने अपेक्षा लिएका छौं।■

# न्यायिक समितिमा परेका उजुरीको प्रकृति

| क्र. सं. | मुद्दाको प्रकृति | आ.व. २०७४।०७५ | आ.व. २०७५।०७६ | आ.व. २०७६।०७७ | आ.व. २०७७।०७८ |
|---|---|---|---|---|---|
| १ | आधीधुर, बाँ पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग १ (क) | | ३ | १ | |
| २ | नाबालक छोरा छोरी वा पति पत्नीलाई इज्जत ामद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको १ (छ) | | १ | | २ |
| ३ | सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्काले चापी, मिची वा घुसाई खाएको २ (क) | १ | २ | १ | १ |
| ४ | पति पत्नीबीचको सम्बन्धबिच्छेद २ (ग) | २ | ३ | १ | २ |
| ५ | गाली बेइज्जती २ (ङ) | १ | १ | २ | |
| ६ | लुटपिट २ (च) | १ | | | |
| ७ | अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको | १ | ५ | ३ | |
| ८ | महिला हिंसासम्बन्धी | ६ | १ | १ | १ |
| ९ | ज्याला भाडा रकम लेनदेन सम्बन्धी | | | | |
| | जम्मा | १४ | १९ | ११ | ६ |

# बगनासकाली गाउँपालिका शिक्षा समितिका पदाधिकारीहरू

| क्र. सं. | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | कृष्णप्रसाद बस्याल | अध्यक्ष | ९८५७०६०७५० |
| २ | सुरेश घिमिरे | सदस्य | ९८५७०६८८६८ |
| ३ | ठानेश्वर तिमिल्सिना | सदस्य | ९८५७०६०११८ |
| ४ | टिकाबहादुर थापा | सदस्य | ९८४७०४५१७३ |
| ५ | सीता नेपाली | सदस्य | ९८४७११७१५६ |
| ६ | डिल्लिराज पाण्डे | सदस्य | ९८४७०६८११६ |
| ७ | केशवबहादुर रायमाझी | सदस्य | ९८५७०६२६४१ |
| ८ | मुक्तिराम अधिकारी | सदस्य | ९८४७४३८८५६ |
| ९ | वामदेव बस्याल | सदस्य | ९८४७०४३१२९ |
| १० | देवीप्रसाद न्यौपाने | सदस्य | ९८४७०६८९८० |
| ११ | डा. शंकरप्रसाद गैरे | | |
| १२ | गुनाराम खनाल | स.सचिव | |
| | **आमन्त्रित सदस्यहरू** | | |
| १ | सरस्वती चिदी | उपाध्यक्ष | |
| २ | टंकप्रसाद भट्टराई | सहप्राध्यापक | |
| ३ | हुमप्रसाद कोइराला | पूर्व प्रो.व्य. | |
| ४ | शिवप्रसाद घिमिरे | अध्यक्ष (शिक्षक महासंघ) | ९८५७०६९१०६ |

# सामाजिक सुरक्षा भत्ता कार्यक्रम : चुनौती र प्रभाव



✍भोजराज भट्टराई

## सामाजिक सुरक्षा भत्ताको शुरूवात

सामाजिक सुरक्षा वृहत अभ्यास हो। अनौपचारिक तथा संस्थागत व्यवस्थापनद्वारा वृद्धवृद्धालाई जीवनमा प्रत्यक्षमा परिर्वतनको अनुभूति दिलाउन सामाजिक सुरक्षा प्रणालीको विकास विश्वमा धेरै अगाडिदेखि शुरु भएको देखिन्छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्र (१९४८) र नागरिकका राजनीतिक, आर्थिक तथा सामाजिक अधिकारसम्बन्धी अनुबन्ध (१९६६) ले सामाजिक सुरक्षालाई मानव अधिकारको अंगको रूपमा लिएको पाइन्छ। औपचारिक रूपमा सर्वप्रथम सामाजिक सुरक्षा कार्यक्रमको थालनी जर्मनीले सन् १८८० को दशकदेखि बिरामी कामदारको स्वास्थ्यबिमाबाट, फ्रान्सले सन् १९०५ देखि बेरोजगारी भत्ता व्यवस्थापनबाट, बेलायतले सन् १९९१ देखि स्वास्थ्यबीमा, बेरोजगारी भत्ता र जेष्ठ नागरिकको बिमा वा भत्ता कार्यक्रमबाट र तत्कालिन सोभियत संघले सन् १९२२ देखि बृहत सामाजिक सुरक्षाको व्यवस्था कायम गरेपश्चात् व्यवहारमा देखिन थालेको हो।

## नेपालमा अभ्यास

नेपालको संविधानको धारा ४३ ले कानून बमोजिम सामाजिक सुरक्षाको हकको व्यवस्था गरेको छ। सामाजिक सुरक्षा भत्ता वितरण अभ्यासको सन्दर्भमा नेपालमा वि.सं. ०५१/५२ मा मनमोहन अधिकारीको नेतृत्वको नौमहिने शासनकालमा तत्कालीन सरकारले ७५ वर्ष पूरा गरेका नेपाली नागरिकलाई सामाजिक सुरक्षा भत्ताका रूपमा मासिक सय रूपैँया प्रदान गर्ने व्यवस्था गरेको थियो। यो अभियान सामाजिक सुरक्षाका दृष्टिले जनमानसका लागि हितकारी र राष्ट्रियताप्रतिको झुकाव बढाउने नविनतम सुरुवात रह्यो।

७५ हिँउद कटेका वृद्धवृद्धालाई दिदै आएको सानो तर हितकारी अभियान आजसम्म आइपुग्दा चार हजार रूपैंया पुगेको छ। नेपाल सरकारको मिति २०७१।६।३० को निर्णयअनुसार केन्द्रीय पञ्जिकरण विभागको गठन गरी यसलाई थप प्रभावकारी बनाउन सवै स्थानीय तहमा व्यक्तिगत घट्ना तथा तथा सामाजिक सुरक्षा सुदृढीकरण अयोजना सञ्चालन गरको छ। सामाजिक सुरक्षा भत्ताका साथसाथै जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइजस्ता व्यक्तिगत घटनाहरूको दर्ता व्यवस्थापन एवम नियन्त्रण र सामाजिक सुरक्षा कार्यक्रमको सञ्चालन र व्यवस्थापनको प्रमुख जिम्मेवारी रहेको छ।

सामाजिक सुरक्षालाई प्रभावकारी बनाउन नेपालमा वि.सं. २०७१ साल चैत ११ गतेबाट राष्टिय परिचयपत्र तथा पञ्जिकरण विभाग सञ्चालनमा आएको छ। व्यक्तिगत घटना (दर्ता ऐन), २०३३ को कार्यान्वियन वि.सं. २०३४ वैशाख १ बाट प्रारम्भ हुँदा तत्कालिन गृह पञ्चायत मन्त्रालय अर्न्तगत विभागस्तरको छुट्टै कार्यालयको रूपमा पञ्जीकाधिकारी (रजिष्ट्रार) को कार्यालयको संस्थागत व्यवस्था भई पञ्जीकरण सम्बन्धी कामको नेपालमा विधिवत शुरुवात भएको हो। सोही विभागमा काम कारवाहीहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि यस बगनासकाली गाउँपालिकामा यस शाखाको सुरुवात भएको हो। व्यक्तिगत घट्ना दर्ता र सामाजिक सुरक्षा भत्ताको क्षेत्रमा कार्यसम्पादन गर्दै आएको सेवा इकाईको कामको सन्दर्भमा यहाँ सामाजिक सुरक्षा भत्ताको विषयलाई केही सन्दर्भस्रोतसहितका जानकारी प्रस्तुत गरिएको छ।

## हाल प्रदान गरिने सामाजिक सुरक्षा भत्ता दर

हाल नेपाल सरकारले अशक्त, असहाय, सीमान्तकृत, गरिब, पिडिएका वर्ग, लोपोन्मुख तथा सबै एकल महिला र वृद्धवृद्धालाई राज्यकोषबाट प्रदान गरिने मौद्रिक सहयोगले उनीहरूको जीवनमा

| क्र.सं. | लाभान्वित वर्ग | भत्ता प्राप्त गर्न योग्य उमेर र अवस्था | मासिक रकम |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक | ७० वर्ष उमेर पुगेको | ४००० |
| २ | अन्य जेष्ठ नागरिक | ६० वर्ष उमेर पुगेका कर्णालीका जिल्लाहरूमा नागरिक र देशभरिका दलित नागरिक | २६६० |
| ३ | एकल महिला | विवाह नगरी बसेका ६० वर्ष उमेर पुगेका महिला, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेका ६० वर्ष उमेर पुगेका र पतिको मृत्यु भएका ६० वर्ष उमेर पुगेका | २६६० |
| ४ | विधवा | पतिको मृत्यु भएका जुनसुकै उमेरका | २६६० |
| ५ | पूर्ण अपाङ्गता भएका | सम्बन्धित निकायबाट क वर्ग अर्थात् रातो रंगको अपाङ्गता परिचय पत्र प्राप्त गरेका जुनसुकै उमेरका नागरिकहरू | ३९९० |
| ६ | अति अशक्त अपाङ्गता | सम्बन्धित निकायबाट ख वर्ग अर्थात् नीलो रंगको अपाङ्ता परिचयपत्र प्राप्त गरेका जुनसुकै उमेरका नागरिकहरू | २१२८ |

| क्र.सं. | लाभान्वित वर्ग | भत्ता प्राप्त गर्न योग्य उमेर र अवस्था | मासिक रकम |
|---|---|---|---|
| ७ | लोपोन्मुख आदिवासी/जनजाति | कुसुण्डा, बनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे र कुसवडिया, पत्थरकट्टा, सिलकट, कुशवधिया, कुचबधिया | ३९९० |
| ८ | बालबालिका (दलित बालपोषण) | अनुसूची ५ बमोजिम नेपाल सरकारले तोकेका क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका आमाबाट जन्मिएका बढीमा दुई सन्तानलाई | ५३२ |

सहज तुल्याएको छ। हाल सरकारले विभिन्न लाभाविन्त वर्गका लागि भत्ता प्राप्त गर्न योग्य उमेर र अवस्था अनुसार निम्नानुसार मासिक रकम प्रदान गर्दै आएको छ।

नेपाल सरकारले प्रदान गर्दै आएको वृद्धभत्ता व्यक्तिगत र घरायसी दुवै काममा खर्च हुने गरेको देखिन्छ। यद्यपि केही अन्य विदेशी पेन्सनरले परिवारका सदस्यलाई दिएको निष्कर्षसहित धेरैभन्दा धेरै लाभार्थी सन्तुष्ट रहेको विभिन्न संघसंस्था तथा अनुसन्धानकर्ताले गरेको वस्तुनिष्ठ अध्ययनले देखाएको छ।

**बगनासकालीमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राही**

पाल्पा जिल्लाका १० स्थानीय तहमध्ये बगनासकाली गाउँपालिकामा २०७८ फागुन सम्मको तथ्याङ्कलाई हेर्दा निम्नानुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राही रहेका छन्।

**सामाजिक सुरक्षा भत्ता कार्यक्रम सञ्चालनका समस्या/चुनौती**

| क्र. सं. | लक्षित वर्ग | जम्मा संख्या | कैफियत |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक भत्ता (७० वर्षमाथि) | १४८० | २०७८ माघसम्मको लाभग्राही अनुसार पालिकाका नौ वटै वार्डको एकमुष्ट विवरण। |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | १५८ | |
| ३ | जेष्ठ नागरिक एकल (महिला) | ३९० | |
| ४ | विधवा | ४०९ | |
| ५ | पूर्ण अपाङ्गता भक्ता | ५३ | |
| ६ | अति अशक्त अपाङ्गता | १२४ | |
| ७ | दलित बालबालिका | २३१ | |
| | जम्मा | २८४५ | |

सदरमुकाम तानसेनबाट नजिक रहेको यस गाउँपालिकाको मुख्य आम्दानीको स्रोत कृषि र पशुपालन हो। बगनासकाली गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लक्षित वर्ग पहिचान गरी सामाजिक सुरक्षा भत्तालाई प्रभावकारी बनाउन बैंकिङ्ग प्रमाणीमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ। यद्यपि सामाजिक सुरक्षा भत्ता थप प्रभावकारी बनाउन केही चुनौती रहेका छन्।

- ७५ वर्षमाथिका जेष्ठ नागरिक र पूर्ण अपाङ्गता भत्तालाई घरदैलोमा सेवा प्रवाह गर्नु।
- सबै वार्डबाट एकै समयमा सामाजिक सुरक्षा भत्ता प्रदान नसकिनु।
- नयाँ थप हुने लाभग्राहीले समयमा बैंकमा खाता नखोल्नु।
- लाभग्राहीमा पर्याप्त बैंकिङ्ग अभ्यास र साक्षरताको कमी हुनु।
- लाभग्राहीको विगतमा सिस्टममा दर्ता भएका विवरण अस्पष्ट हुनु।

**समाधानको उपाय**

- बैंक, वडा र पालिका र सम्बन्धित सेवा इकाइको समन्वयमा बैंकसम्म पुग्न नसक्ने लाभग्राहीको लागि घरदैलोबाट सेवा प्रवाहको वातावरण मिलाउनु।
- लाभग्राहीको विवरण शुद्धीकरण, बैंक खाता सञ्चालन र लगतकट्टलाई प्रभावकारी बनाउने।
- पायक पर्ने स्थानमा बैंकले सेवा शाखारहित सेवा विस्तार गरी पायक पर्ने स्थानमा नगद शिविरहरू सञ्चालन गर्नु।
- सामाजिक सुरक्षा भत्ता प्रणालीलाई प्रभावकारी बनाउन जनस्तरमा बैङ्कीङ्ग साक्षरतको वृद्धि गर्न सूचना तथा सञ्चार अभियानमार्फत प्रचार प्रसार गर्ने।

**निष्कर्ष** :

स्थानीय तहमा हाल सामाजिक सुरक्षा भत्तामा लगानी भएको रकम सम्पूर्ण पूँजीगत खर्चको २२ प्रतिशत छ। यो तत्कालको विश्लेषण हो। भत्ता बढ्ने प्रक्रिया र लाभग्राहीको संख्यामा हुने वृद्धिबाट यो प्रतिशत थप बढ्ने देखिन्छ। सामाजिक सुरक्षा भत्तादरमै पूँजीगत खर्च देखिनुले बजेटमा वितरणमुखी संस्कार देखिन्छ। यद्यपि सामाजिक सुरक्षा भत्ताले समुदायमा सरकारको प्रभाकारी भूमिका रहेको देखिन्छ। यसले नागरिकलाई आर्थिक, सामाजिक रूपमा सहयोग पुऱ्याउँदै आएको छ। सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई योगदानमा आधारित बनाउँदै अगाडि बढाउन सकेमा यसको थप सार्थकता हुने देखिन्छ। हाल जारी भएको विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी प्रक्रियालाई प्रभावकारी बनाउन जनप्रतिनिधि, कर्मचारी र लाभग्राहीबीच त्रिकोणात्मक समन्वय आवश्यक देखिन्छ। पालिका, बैंक, वडा, सेवा इकाई र लाभग्राहीबीच आवश्यक समयमा परामर्श, छलफल तथा प्रचारप्रसार अभियालाई व्यवस्थित बनाउन सकिएमा बैंकिङ्ग प्रणालीमार्फत भुक्तानी गरिने सामाजिक सुरक्षा भत्ता कार्यक्रम थप प्रभावकारी हुने देखिन्छ।

*(लेखक : बगनासकाली गाउँपालिकामा सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घट्ना दर्ता सुदृढिकरण आयोजना (सेवा इकाई) का एम.आइ.एस.अपरेटर हुन्।)*

स्रोत/सन्दर्भ :

- मालाकार इन्द्र माली र सापकोटा भवदत्त (२०७८) : सामाजिक सुरक्षा भत्ताको औचित्य : नयाँ पत्रिका दैनिक वर्ष फागुन : काठमाडौ ।
- मालारानी बुलेटिन (२०७७) : मालारानी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय खनदह अर्घाखाँची ।
- भारद्वाज विशाल (२०७४) : संकट निम्त्याउने बाटोमा सामाजिक सुरक्षा भत्ता : टिप्पणी हिमाल खबर काठमाडौं : ८ मंसिर ।
- www.ss.donidcr.gov.np
- www.donidcr.gov.np
- बगनासकाली गाउँकार्यपालिबाट प्रकाशित सामग्री ।
- विभिन्न पत्रपत्रिकाहरू ।




# सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धी वार्डस्तरीय सचेतना कार्यक्रम



१० श्रावण, २०७८। सामाजिक सुरक्षा परिचय पत्र नवीकरण र वितरण प्रणालीलाई सहज र प्रभावकारी बनाउने उद्देश्यसहित गाउँपालिकाका सवै वार्डमा सचेतना अभियान सम्पन्न भयो। सामाजिक सुरक्षा तथा व्यक्तिगत घट्ना दर्ता सुदृढीकरण आयोजना अन्तर्गत पालिकामा रहेको सेवा इकाइले जनप्रतिनिधि र वार्डका कर्मचारीको सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको हो।

कार्यक्रमका सहभागीहरूले सामाजिक सुरक्षा कार्यक्रमबारे अस्पष्टता कम गर्न, लाभग्राहीलाई सहज र सरल ढंगले सेवा दिलाउन कार्यक्रमले सहयोग गर्ने धारणा राख्नुभयो। छलफलमा सामाजिक सुरक्षा कार्यक्रम, लाभग्राहीले नाम दर्ता र नविकरण गर्ने प्रक्रिया, सामाजिक सुरक्षा भत्ताको निमित्त आवश्यक मापदण्ड, नविकरणका लागि आवश्यक पर्ने कागजात लगायतका विषयमा सेवा इकाइका एम.आई.एस. अपरेटर भोजराज भट्टराई र एम.आई.एस. फिल्ड सहायक प्रेमबहादुर बगालेले सहजीकरण गर्नुभएको थियो।

गाउँपालिकाका सवै (नौ वटै) वार्डमा सामाजिक सुरक्षा नविकरणको लागि व्यानर, लिफलेट, ब्रोसर लगायतका सामग्रीसहित अन्तरक्रियात्मक कार्यक्रम आयोजना गरिएको थियो। छलफलमा सहभागीले बैंकीङ्ग प्रणालीको अभ्यासका कारण लाभग्राहीले भुक्तानी प्रक्रियामा दुःख पाउने गरेको, गुनासो सुनुवाईको अभिलेखको अभ्यास कम भएको र वार्डमा समयमा नवीकरण नगर्दा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य केही लाभग्राही छुट्ने गरेको धारणा राख्नुभएको थियो। समयमै नवीकरण गराउन, बैंकिङ्ग प्रणालीबाट कारोबारमा अभ्यास बढाउन र नीतिगत व्यवस्थाका विषयमा प्रष्ट हुन छलफलले सहयोग गरेको सहभागीको भनाई थियो।

सो अवसरमा श्रावण १ देखि भाद्र मसान्तभित्रमा जेष्ठ नागरिक, एकल महिला, असक्त/अपाङ्ग, लोपोन्मुख जाती, बालबालिकाको सामाजिक सुरक्षा परिचय पत्र नविकरण गर्न गाउँपालिकाले वार्डहरूमा अनुरोधसहित प्रचारप्रसारका कार्यक्रम समेत सञ्चालन गरेको थियो। ■

# बगनासकालीको आफ्नै लोगो

गाउँपालिकाले आफ्नो लोगो बनाएर प्रयोगमा ल्याएको छ। दैनिक कार्य सम्पादनमा लोगो प्रयोगमा ल्याएसँगै बगनसकाली पाल्पामा स्थानीयतहमा लोगो प्रयोगमा ल्याउने पहिलो पालिका बनेको छ। स्थानीय सरकारले आफ्नो पहिचान झल्किने गरी प्रतीक चिन्ह लोगो बनाउन पाउने व्यवस्था अनुसार गाउँपालिकाको पहिचान झल्किने खालको लोगो तयार पारी प्रयोगमा ल्याएको गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले जानकारी दिनुभयो।

गाउँपालिकाको १०९ औं बैठकको निर्णय अनुसार खुला प्रतिस्पर्धाबाट निर्माण गरिएको लोगोमा राष्ट्रिय झण्डा राष्ट्रको शान तथा राष्ट्रिय एकताको प्रतीक समावेश गरिएको उपाध्यक्ष सरस्वती चिदीको भनाइ छ। क्षितिजको भाग बगनास क्षेत्रबाट देखिने मनोरम तथा कञ्चन आकाश, हरियो पहाडी क्षेत्र गाउँपालिका नामाकरणको मुख्य स्थान बगनास डाडाँ, बगनासथोक, बनजंगल, जडिबुटी, बन्यजन्तु पाइने क्षेत्र तथा पहाडी क्षेत्रको प्रतीक समेटिएको प्रमुख प्रशासकीय अधिकृत विष्णु घर्तीले बताउनुभयो।

प्रशासकीय अधिकृत घर्तीका अनुसार बगनासको कला, सांस्कृतिक, धार्मिक स्थल, धर्म, संस्कार, संस्कृतिको महत्त्व रहेका स्थानहरू, मठमन्दिर, धार्मिक, सांस्कृतिक महत्वको दर्लम महाकालीलगायत सम्पूर्ण गुम्बा, शान्तिमय धार्मिक महत्त्व रहेको बौद्ध धर्मको प्रतीक आस्थाको धरोहर तथा स्थानीय लोककलाको झलक लोगोमा संलग्न गरिएको छ।

त्यस्तैगरी कृषि उत्पादन, भाषा, कला, पुस्तक र दीयो सचेतना, भरोसा, प्रगति, शान्ति र समृद्धिको प्रतीक, ढाका र करुवा पाल्पा जिल्लाको मुख्य पहिचानको प्रतीक, रहेको लोगो बनाएर लागु गरिएको घर्तीले बताउनुभयो। जिल्लामा अन्य पालिकाले आफ्नै लोगो निर्माण गर्ने प्रयास गरिरहँदा बगनासकाली पहिलो लोगो निर्माण गर्ने पालिका बनेको हो।■

# प्रशासकीय अधिकृत घिमिरेको विदाइपछि घर्तीको स्वागत

पाल्पा १४ श्रावण। बगनासकाली गाउँपालिकामा प्रशासकीय अधिकृत सुरेश घिमिरेको विदाइपछि नयाँ प्रशासकीय अधिकृत विष्णु घर्तीले जिम्मेवारी सम्हाल्नुभएको छ। यस अघिका प्रमुख प्रशासकीय अधिकृत सुरेश घिमिरे प्रधानमन्त्रीको कार्यालयमा सरुवा भई गएपछि गुल्मीको इस्मा गाउँपालिकाबाट सरुवा भई नयाँ प्रमुख प्रशासकीय अधिकृतको रूपमा विष्णु घर्ति आउनुभएको छ। सोमबार घिमिरेको बिदाई र विहिबार घर्तीको सम्मानमा गाउँपालिकाले कार्यक्रम आयोजना गरेको हो।






घिमिरेको विदाइ कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले प्रमुख प्रशासकीय अधिकृतको काम गर्ने शैलीको प्रसंसा गर्दै छोटो समयमै धेरै महत्वपूर्ण कार्यसम्पादन गरेकोमा बधाई तथा शुभकामना व्यक्त गर्नुभयो। उपाध्यक्ष सरस्वती चिदी दर्लामी, शिक्षा शाखा प्रमुख गुनाराम खनालले बगनासकालीमा जस्तै नयाँ कार्यक्षेत्रका थप सफलताको शुभकामना व्यक्त गर्नुभयो।

प्रमुख प्रशासकीय अधिकृत घिमिरेले गाउँपालिकामा आउँदा जनप्रतिनिधि र कर्मचारीको समन्वयले आफूलाई थप परिपक्व बनाएको भन्दै सबैको समान सहयोग मिलेको कारण कार्यसम्पादनका क्रममा कुनै गुनासो गर्नुपर्ने अवस्था नआएको बताउनुभयो। सोही अवसरमा रूपन्देही सरुवा भएका खानेपानी टेक्निसियन अमित लोहागुनले बगनासकाली गाउँपलिकामा सुगम र सहज भएको पालिकाप्रतिको सहकार्यमा आफू जहाँ रहेपनि तयार रहने विश्वास दिलाउनुभयो।

सो अवसरमा प्रमुख प्रशासकिय अधिकृत घिमिरे र खानेपानी टेक्नीसियन लोहागुनलाई मायाको चिनो सहित विदाइ गरिएको थियो। गाउँपालिका प्रवक्ता, वडाध्यक्ष, कार्यपालिकाका सदस्य, न्यायिक समिति सदस्य, गाउँपालिकाका कर्मचारीको उपस्थितिमा भएको विदाइ कार्यक्रमको सञ्चालन एम.आइ.एस. अपरेटर भोजराज भट्टराइले गर्नुभएको थियो।

यसैबीच साउन १४ गते बिहीबार नयाँ प्रमुख प्रशासकीय अधिकतृ विष्णु घर्तीलाई गाउँपालिकामा स्वागत गरिएको छ। गुल्मीको इस्मा गाउँपालिकाबाट आउनुभएका घर्तीलाई गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्याल र उपाध्यक्ष सरस्वती चिदीले पाल्पाली टोपी, खादा, अविर र फूलसहित स्वागत गर्नुभयो। सो अवसरमा बोल्दै अध्यक्ष बस्यालले नयाँ प्रमुख प्रशासकीय अधिकृतलाई सबै जनप्रतिनिधिले कार्यसम्पादनमा सहज वातावरण बनाउने विश्वास दिलाउनुभयो। उहाँले बगनासकाली सुगम र धार्मिक पर्यटनको सम्भावना भएको पालिका भएकोले जनप्रतिनिधि र कर्मचारीको सहकार्यबाट मात्र गाउँपालिकाको सवैखालको विकास सम्भव हुनेमा जोड दिनुभयो।

भर्खरै जिम्मेवारी सम्हालेका प्रमुख प्रशासकीय अधिकृत घर्तीले आफूले आफ्नो अनुभव र क्षमतालाई सरकारको म्याण्डेट अनुसार गाउँपालिकाको समग्र विकास, काम र सेवा प्रवाहमा गुणस्तरीय सुधार ल्याउने प्रतिवद्धता व्यक्त गर्नुभयो। उहाँले कार्यसम्पादन समुहमा सहज हुने भन्दै कर्मचारी र जनप्रतिनिधिहरूबीच निरन्तर सहयोग अनुभव आदानप्रदान हुनुपर्नेमा बताउनुभयो। सो अवसरमा बाल्दै कर्मचारीको तर्फबाट कार्यसम्पादनमा सहजता ल्याउने शिक्षा शाखा प्रमुख गुनाराम खनालले प्रतिवद्धता जनाउनुभयो। स्वागत कार्यक्रमको सञ्चालन आलेप शाखा अधिकृत यादव न्यौपानेले गर्नुभएको थियो। ■

# रेडक्रस पाल्पाद्वारा स्वास्थ्य सामग्री हस्तान्तरण




पाल्पा १२, श्रावण। नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाले बगनासकाली गाउँपालिकालाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ। कोभिड-१९ नियन्त्रणका लागि रेडक्रस सोसाइटीले मास्क, आइ वास प्रोटेक्ट सहितका स्वास्थ्य सामग्री हस्तान्तरण गरेको हो।

यस अघि रेडक्रसले तानसेनको पाल्पा अस्पताल, रामपुर अस्पताल र ताहुँ स्वास्थ्य चौकीमा अक्सिन कन्सनट्रेटर, सिलिण्डर सहितका स्वास्थ्य सामग्री हस्तान्तरण गरेको रेडक्रस पाल्पा शाखा सभापति बुद्धिप्रसाद शर्माले बताउनुभयो। गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्याललाई सामग्री हस्तान्तरण गर्दै सभापति शर्माले कोभिड न्यूनीकरणका लागि रेडक्रसले उपशाखा, स्थानीय तह लगायतमा गरी ३६ वटा स्वास्थ्य सामग्री वितरण अभियान सञ्चालन गरिसकेको जनाउनुभयो।

गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले कोभिड न्यूनीकरण सवैको साझा प्रयासबाट सम्भव रहेको उल्लेख गर्दै रेडक्रसप्रति आभार प्रकट गर्नुभयो। उहाँले रेडक्रस पाल्पाको टिमले पालिकामै आएर महत्वपूर्ण सामग्री हस्तान्तरण गरेको भन्दै प्राप्त सामग्री सही सदुपयोग गर्ने प्रतिवद्धता जनाउनुभयो। सो अवसरमा गाउँपालिकाका उपाध्यक्ष, स्वास्थ्य शाखाका प्रमुख रेडक्रस पाल्पाका कर्मचारी लगायतको सहभागिता रहेको थियो। ■

# बालदिवसमा वक्तृत्वकला

पाल्पा २९, भाद्र। ५७ औं राष्ट्रिय बालदिवसको अवसरमा 'बालमैत्री गाउँपालिकाको दीगोपनाको लागि सरोकारवालाहरूको भूमिका' विषयमा यहाँको बगनासकाली गाउँपालिकामा वक्तृत्वकता प्रतियोगिता सम्पन्न भयो। कार्यक्रम शिक्षाको लागि राष्ट्रिय अभियान जिल्ला समन्वय समिति पाल्पासँग समन्वय गरि आयोजना गरिएको हो।

प्रतियोगितामा प्रमुख प्रशासकीय अधिकृत विष्णु घर्ती, शिक्षाको लागि राष्ट्रिय अभियान पाल्पाका सदस्य सचिव माधव अर्याल र गाउँपालिकाका एम.आई.एस. अपरेटर भोजराज भट्टराईले मूल्याङ्कन गर्नुभएको थियो। वक्तृत्वकला प्रतियोगितामा प्रतिक्षा गैरे प्रथम, सुप्रिया बस्याल द्वितीय र दिनेश सारु तृतीय भएका थिए। वक्तृत्वकता प्रतियोगितामा ६ वडाका बालसमन्वय समितिबाट प्रतिनिधित्व रहेको थियो। प्रथम, द्वितीय र तृतीय प्रतियोगिलाई नगद, प्रमाण पत्रसहित पुरस्कारको व्यवस्था गरिएको बालमैत्री फोकल पर्सन एवम् शिक्षा शाखा प्रमुख गुनाराम खनालले जानकारी दिनुभयो।

कार्यक्रममा प्रमुख अतिथि गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले बालमैत्री दिगोपना सुनिश्चितताको लागि गाउँपालिकाले प्राप्त सुझावलाई अक्षरस पालना गरेर अगाडि बढ्ने बताउनुभयो। उहाँले बालमैत्री गाउँपालिका घोषणा भइसकेको अवस्थामा अव कार्यान्वय पक्षलाई प्रभावकारी बनाउनेगरी गाउँपालिकाले नीति तथा कार्यक्रम बनाएको जानकारी दिनुभयो।

गाउँपालिका उपाध्यक्ष सरस्वती चिदी दर्लामीले सहभागी बालबालिकालाई शुभकामना दिदै बालबालिकाको क्षमता, अभिवृद्धि र सशक्तिकरणको लागि सचेतनाका कार्यक्रमलाई नियमितता दिइने जनाउनुभयो। कार्यक्रमका अन्य वक्ताहरूले सञ्जालमा आवद्ध किशोरकिशोरीलाई अतिरिक्त क्रियाकलापमा सहभागी भएर अगाडि बढ्न र रचनात्मक बन्न आग्रह गर्नुभएको थियो। बगनासकाली गाउँपालिकास्तरीय बालसञ्जालका अध्यक्ष इन्दु गाहाको अध्यक्षतामा चलेको कार्यक्रमको सञ्चालन बालमैत्री फोकल पर्सन गुनाराम खनालले गर्नुभएको थियो। बगनासकाली गाउँपालिकालाई गत चैत्र १४ गते लुम्बिनी प्रदेशकै पहिलो बालमैत्री गाउँपालिका घोषणा गरिएको छ। ■

# कोभिड–१९ प्रतिकार्यका लागि 'नागरिक सहायता कक्ष' शुरु




पाल्पा ६, असोज।

यहाँको बगनासकाली गाउँपालिमा कोभिड–१९ प्रतिकार्यका लागि सूचना सम्प्रेषण गर्ने उद्देश्यले नागरिक सहायताकक्ष शुरु गरिएको छ। बुधबार गाउँपालिका उपाध्यक्ष सरस्वती चिदीले सेवाग्राहीलाई माक्स र स्यानिटाइजर वितरण गरी सहायता कक्षको शुभारम्भ गर्नुभयो। बगनासकाली युवा संगम पाल्पाले स्वास्थ्य शाखासँग समन्वय गरी बुधबारबाट सेवा सुचारु गरेको हो।

सो अवसरमा बोल्दै गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले नागरिकका सुझाव समेटेर सेवाप्रवाहमा जुट्न आग्रह गर्नुभयो। कोभिड खोप सम्बन्धी स्वास्थ्य परामर्श, कोभिडको समयमा स्वास्थ्य सुरक्षा मापदण्डबारे निःशुल्क टोलफ्री नम्बर सेवा लगायत अन्य नागरिकका नियमित सामान्य प्रशासनिक काममा समेत सहजीकरण गर्नेगरी नागरिक सहायकता कक्ष (हेल्प डेक्स) सुचारु गरिएको बगनासकाली युवा संगमका अध्यक्ष मिनबहादुर रानाले बताउनुभयो। उहाँले बुधबारदेखि सञ्चालन गरिएको हेल्प डेक्स हाल ३ महिनाको लागि सञ्चालन हुने र पछि आवश्यकता महशुस भएमा पालिकाको समन्वयमा थप गर्न सकिने जानकारी दिनुभयो। ■

# स्वास्थ्यकर्मीको लागि क्षमता विकास तालिम



पाल्पा १४, असोज।

पाल्पाको बगनासकाली गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्यकर्मीहरूको क्षमता विकासका लागि सात दिने तालिम आजदेखि शुरु भएको छ। पोषण सम्बन्धी ज्ञान, सीप अभिवृद्धिसँगै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा सहज होस् भन्ने उद्देश्यले शुरु गरिएको हो।

तालिम शुभारम्भको अवसरमा गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले समुदायस्तरमा उपलब्ध अर्गानिक पोषणसामग्री प्रयोग गराउँदै गाउँपालिकाका नागरिकमा सहज स्वास्थ्य सेवा प्रवाहका लागि तालिमले भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो। उहाँले बजेट सक्नेगरी कार्यक्रम गर्नुभन्दा पनि कार्यान्वयन पक्षलाई फलदायी बनाउन सकिएमा तालिमको औचित्य रहने धारणा राख्नुभयो। अध्यक्ष बस्यालले गाउँपालिकामा सहज स्वास्थ्य सेवामा स्वास्थ्यकर्मीको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो। स्वास्थ्य सेवाको अभावमा गाउँपालिका भित्रका कोही पनि नागरिक ग्रस्त हुनु पर्दैन भन्ने सन्देश प्रवाह गर्नेगरी स्वास्थ्यकर्मी लाग्नुपर्ने बस्यालको भनाई थियो।

शुभारम्भ कार्यक्रममा स्वास्थ्य कार्यालय पाल्पाका प्रतिनिधि प्रभास पन्थी, प्रमुख प्रशासकीय अधिकृत विष्णु घर्ती, शिक्षा शाखा प्रमुख गुनाराम खनाल, स्वास्थ्य शाखा प्रमुख मणिराम अधिकारीले बच्चाको पोषण अवस्था सुधार गर्दै कुपोषण कम गर्न तालिमले सहयोग पुऱ्याउने अपेक्षाराख्दै सिकेका कुरा व्यवहारमा लागु गर्न स्वास्थ्यकर्मीलाई सुझाव दिनुभयो।

सुआहाराको सहयोग, स्वास्थ्य कार्यालयको समन्वय र बगनासकाली गाउँपालिकाको आयोजनामा भएको बृहत पोषण विशेष कार्यक्रम सम्बन्धी स्वास्थ्यकर्मीहरूको क्षमता विकास तालिम सात दिनसम्म चल्नेछ। तालिममा गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थामा कार्यरत २५ जना स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको स्वास्थ्य शाखा प्रमुख मणिराम अधिकारीले जानकारी दिनुभयो। ■

# एघारौं गाउँसभा सम्पन्न








**सुनिल कार्की**

पाल्पा। २७ पौष। जिल्लाको बगनासकाली गाउँपालिकाले ११ औं गाउँसभा सम्पन्न गरेको छ। गाउँपालिकाको सभा हलमा आयोजित गाउँसभामा विभिन्न विधेयक,ऐन,नियम,कार्यविधि र गाउँकार्यपालिकाले गरेका निर्णयहरू माथि छलफल गरि सभा मार्फत अनुमोदन गरिएको हो। संसदिय अभ्यास मार्फत सञ्चालन गरिएको गाउँसभामा गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत विष्णु घर्तीले गाउँपालिकाको आर्थिक वर्ष ०७८/०७९ को हाल सम्मको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। गाउँपालिकामा भएका असल अभ्यास, योजना कार्यान्वयनचरण, देखा परेका समस्या र समाधानको उपायको बारेमा समेत प्रमुख प्रशासकीय अधिकृत घर्तीले प्रस्तुत गर्नुभएको थियो।

सभामा गाउँपालिका उपाध्यक्ष सरस्वती चिदिले चालु आर्थिक वर्षको बजेट, योजना संशोधन सभामा प्रस्तुत गर्नुभएको थियो। चालु आर्थिक वर्षमा काम हुन नसक्ने योजना र कार्यक्रमलाई संशोधन गरि बजेटको सतप्रतिशत कार्यन्वयनको लागि पालिकाले काम गरेको समेत उपाध्यक्ष चिदिले बताउनुभयो।

सभामा विधेयक समितिका संयोजक गणेश प्रसाद बस्यालले बगनासकाली गाउँपालिकाको कर्मचारी व्यवस्थापन गर्न बनेको विधेयक २०७८ सभामा प्रस्तुत गर्नुभएको थियो। तत्कालिन जिल्ला विकास समितिबाट सरुवा भई आएका कर्मचारी, गाउँपालिकामा सुरु देखि नियुक्त भएका कर्मचारी, कार्यालय सहयोगी लगायतको एक तह बढुवा र ग्रेड वृद्धि सम्बन्धी विधेयक सभाबाट अनुमोदन भएको छ। यसै गरि यही भदौं देखि हाल सम्म पारित भएका ऐन, नियम, कार्यविधि लगायतका कानूनहरू समेत अनुमोदन भएको गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत विष्णु घर्तीले बताउनुभयो।

सम्मानित सभामा गाउँकार्यपालिकाका निर्णयहरू अनुमोदन तथा अन्य समसामयिक महत्वपूर्ण प्रस्तावहरूको जवाफ गाउँपालिका अध्यक्ष कृष्ण प्रसाद बस्यालले दिनुभएको थियो। सभामा उठेका जिज्ञासको जवाफ दिर्दै गाउँपालिका अध्यक्ष बस्यालले समृद्ध र सफल बगनासकाली बनाउन जनप्रतिनिधि र कर्मचारीतन्त्रले खेलको भुमिकाको प्रशंसा गर्नुयो। साथै नागरिक समाज, मिडिया र राजनैतिक दलले पालिकाको सम्रग विकासमा बलियो साथ दिएको भन्दै धन्यवाद समेत दिनुभयो। बगनासकाली गाउँपालिका पाल्पामै नमुना पालिक भएको भन्दै पालिकाले जिल्लामै सबैभन्दा धेरै ऐन नियमहरू निर्माण गरि पालिकालाई सक्षम, जवाफदेही र पारदर्शी बनाउन सफल भएको दावी गर्नुभयो। सभाको अवसरमा पालिकामा उत्कृष्ट काम गर्ने ५ जना कर्मचारीहरूलाई सम्मान समेत गरिएको थियो।■

# खानिगाउँमा बर्थिङ सेन्टर सुरु



**विष्णु घिमिरे**

पाल्पा। २१ माघ, बगनासकाली गाउँपालिकाका विभिन्न वडाहरूमा बर्थिङ सेन्टरहरू संचालन भएका छन्। गाउँपालिकाका नागरिकहरूलाई घरदैलोमै प्रसुती सेवा दिने उदेश्यले पालिकाका ४ वटा वडाहरूबाट बर्थिङ सेन्टरको सुविधा सुरु भएका छन्।

बगनासकाली गाउँपालिकाका अध्यक्ष कृष्ण प्रसाद बस्यालले गाउँपालिकाको दर्लम र यम्घामा पनि बर्थिङ सेन्टर सुरु गर्न लागिएको बताउदै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा दिन गाउँपालिकाले कुनै कसुर वाँकी नराखेको उल्लेख गर्नुभयो। यस अघि गाउँपालिकाका वडा नं. ९ चापपानी, वडा नं. ४ खानिछाँप र वडा नं. ३ नायरनमतलेसमा बर्थिङ सेन्टर संचालन हुँदै आएका छन्।

स्थानीय तहको निर्वाचनको ५ वर्षे संघारमा बगनासकाली गाउँपालिकाले पालिकाका ९ वटा वडाहरू मध्ये ६ वटामा बर्थिङ सेन्टर सहितको स्वास्थ्यचौकी निर्माण गरेको हो। अहिले बगनासकाली गाउँपालिकामा ९ वडाहरू मध्ये ४ वटामा बर्थिङ सेन्टर संचालन भएका छन् भने २ वटा वडाहरूमा संचालनको अन्तिम तयारी भएको छ। त्यस्तै ९ वटा वडाहरू मध्ये वडा नं. ८ बराङ्दी वाहेक सबै वडाहरूमा आधुनिक भवन सहितको स्वास्थ्यचौकी निर्माण सम्पन्न भएको छ।

**खानिगाउँमा बर्थिङ सेन्टर, प्रसुती सेवाका लागि अन्यत्र जानुपर्ने अवस्था हटयो**

बगनासकाली ७ खानिगाउँमा बर्थिङ सेन्टर सुरु भएको छ। बगनासकाली गाउँपालिकाले स्थानीय नागरिकहरूलाई प्रसुती सेवा दिने उदेश्यले विहिवारदेखी खानिगाउँमा बर्थिङ सेन्टर सुरु भएको हो। विहिवार एक कार्यक्रमको आयोजना गर्दै गाउँपालिका अध्यक्ष कृष्ण प्रसाद बस्यालले ५ वर्षको कार्यकाल सकिन लागेको स्मरण गर्दै आफ्नो नेतृत्वले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरेको बताउनुभयो।

बर्थिङ सेन्टरको उद्घाटन गर्दै बगनासकाली गाउँपालिकाका अध्यक्ष कृष्ण प्रसाद बस्यालले गाउँपालिकाका ४ वटा वडाहरूमा बर्थिङ सेन्टर संचालन भएको बताउनुभयो।

खानिगाउँमा आयोजित बर्थिङ सेन्टरको शुभारम्भ कार्यक्रममा वोल्दै नेकपा एमाले बगनासकालीका अध्यक्ष हरि प्रसाद पाठकले स्वास्थ्यकर्मीहरूले जनताको मन जित्नुपर्ने बताउनुभयो। बगनासकाली गाउँपालिकाले संचालनमा ल्याएको बर्थिङ सेन्टरले जनतालाई फाइदा पुऱ्याउने उल्लेख गर्दै पाठकले स्वास्थ्यकर्मीले मन जिते मात्रै बर्थिङ सेन्टरको औचित्य पुरा हुने बताउनुभयो। गाउँपालिकाकी उपाध्यक्ष सरस्वती चिदीले घरछेउको प्रसुती केन्द्र छाडेर सदरमुकाम जान नपर्ने भन्दै, दक्ष स्वास्थ्यकर्मी र प्रविधिको प्रयोग गर्न आग्रह गर्नुभयो। गाउँपालिकाका प्रमुख प्रशाशकीय अधिकृत विष्णु बहादुर घर्तीले गाउँपालिकाका नागरिकलाई पायक पर्ने स्थानमा सेवा दिन आफुहरू खटिएको उल्लेख गर्नुभयो।

एक वर्ष अगाडी नै संचालनमा आएको खानिगाउँ स्वास्थ्य चौकीमा तालिम प्राप्त स्वास्थ्यकर्मीको व्यवस्थापन भएपछी बर्थिङ सेन्टर सुरु गरिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख मणिराम अधिकारीले जानकारी दिनुभयो। अधिकारीका अनुसार बर्थिङ सेन्टरमा तालिम प्राप्त स्वास्थ्यकर्मीको २४ घण्टे सेवाको साथै गुणस्तरीय प्रविधि प्रयोग गरिएको छ।

कुमारी बुढाथोकी लगायतले प्रसुती कार्यमा स्वास्थ्य स्वंय सेविकाहरूको महत्वपूर्ण भुमिका हुने बताउनुभयो। जिल्ला सदरमुकाम तानसेनबाट ९ किलोमिटर उत्तरमा रहेको खानिगाउँमा वार्षिक ५० वढी गर्भवतीहरू तानसेन तथा अन्य स्थानहरूमा गई सुत्केरी हुने गरेको स्वास्थ्यचौकीको तथ्याङकमा रहेको छ।■

## राष्ट्रिय सभा, प्रतिनिधि सभा र प्रदेश सभाका सदस्यहरू

| क्र. सं. | नाम, थर | दलको नाम | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | दलबहादुर राना | प्रतिनिधि सभा | ९८४१५४१९२० |
| २ | सोमप्रसाद पाण्डे | प्रतिनिधि सभा | ९८५१०८६६६५ |
| ३ | युवराज खनाल | प्रदेश सभा | ९८५७०६२६९९ |
| ४ | नारायण प्रसाद आचार्य | प्रदेश सभा | ९८५७०६०५८४ |
| ५ | तुलाराम घर्तीमगर (बसन्त) | प्रदेश सभा | ९८४७०८५४९८ |
| ६ | पुरन मान बज्राचार्य | प्रदेश सभा | ९८४७०९९२३३ |
| ७ | विर बहादुर राना | प्रदेश सभा | ९८५७०६०७७५ |
| ८ | रमा घर्ती | प्रदेश सभा | ९८४७००४६७ |
| ९ | पूर्मीत ढेंगा | प्रदेश सभा | ९८५१०७१८७० |

## गाउँ कार्यपालिकाका पदाधिकारीहरू

| क्र.सं. | नाम, थर | पद | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | कृष्णप्रसाद बस्याल | अध्यक्ष | बगनासकाली गा.पा. | ९८५७०६०७५० |
| २ | सरस्वती दर्लामी (चिदी) | उपाध्यक्ष | बगनासकाली गा.पा. | ९८४७०४२२६६ |
| ३ | सोमबहादुर भेंडी | वडाध्यक्ष | वडा नं. १ चिर्तुङ्गधारा | ९८४७३३६८५९ |
| ४ | टेकनाथ शर्मा (गहिरे) | वडाध्यक्ष | वडा नं. २, पोखराथोक | ९८५७०३३५६१ |
| ५ | टीकाबहादुर थापा | वडाध्यक्ष | वडा नं. ३, नायर | ९८४७०४५१७३ |
| ६ | हुतमान सिंह दर्लामी | वडाध्यक्ष | वडा नं. ४, खानीछाप | ९८४७५२५२१५ |
| ७ | ईश्वरकुमार राना | वडाध्यक्ष | वडा नं. ५, दर्लमडाडाँ | ९८५७०६२११८ |
| ८ | लक्ष्मीप्रसाद अधिकारी | प्रवक्ता/वडाध्यक्ष | गा.पा./वडा नं. ६ यम्घा | ९८६७२१४६५८ |
| ९ | गुनबहादुर बुढाथोकी | वडाध्यक्ष | वडा नं. ७ खानीगाउँ | ९८६७९५२११२ |
| १० | गणेशप्रसाद बस्याल | वडाध्यक्ष | वडा नं. ८ यम्घा | ९८६७०४१२७४ |
| ११ | ठानेश्वर तिमिल्सिना | वडाध्यक्ष | वडा नं. ९ चापपानी | ९८५७०६०११८ |
| १२ | पबिसरा दर्लामी | का.पा.सदस्य | वडा नं. ४ खानीछाप | ९८४७१७१७२७ |
| १३ | खुमादेवी भट्टराई | का.पा.सदस्य | वडा नं. ५ दर्लमडाँडा | ९८४७३४७५०७ |
| १४ | बसन्ती थापा | का.पा.सदस्य | वडा नं. ३ नायर | ९८४७२२६२५८ |
| १५ | सीता नेपाली | का.पा.सदस्य | वडा नं. २ पोखराथोक | ९८४७११७५१६ |
| १६ | तेजप्रसाद रसाली | का.पा.सदस्य | वडा नं. ३ नायर | ९८१५४९३११९ |
| १७ | बिजुली विश्वकर्मा | का.पा.सदस्य | वडा नं. ६ यम्घा | ९८४७०९८९९० |

## गाउँसभाका सदस्यहरू

| क्र.सं | नाम, थर | पद | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | खुमकान्ति राना | सदस्य वार्ड १ | वार्ड नं. १ चिर्तुङ्गधारा | ९८४७०४३०८८ |
| २ | हेमा सार्की | | वार्ड नं. १ चिर्तुङ्गधारा | ९८४७११५३९९ |
| ३ | कुलप्रसाद ढुङ्गाना | | वार्ड नं. १ चिर्तुङ्गधारा | ९८४७१००३२० |
| ४ | मानबहादुर राना | | वार्ड नं. १ चिर्तुङ्गधारा | ९८४७१४००६४ |
| ५ | सीता कुमारी गहिरे | सदस्य वार्ड २ | वार्ड नं. २ पोखराथोक | ९८४७१४००६४ |
| ६ | तुल्सीराम बस्याल | | वार्ड नं. २ पोखराथोक | ९८४७०९९०१८ |
| ७ | राजेन्द्रबहादुर थापा | | वार्ड नं. २ पोखराथोक | ९८४७०६९१९२ |

| क्र.सं | नाम, थर | पद | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| ८ | आशाकुमारी वि.क. | सदस्य वार्ड ३ | वार्ड नं. ३ नायरनमतलेस | ९८६०६१५००५ |
| ९ | जुलेस थापा सारु | | वार्ड नं. ३ नायरनमतलेस | ९८४७२२३२५० |
| १० | रामप्रसाद श्रेष्ठ | | वार्ड नं. ३ नायरनमतलेस | ९८५७०६०२८५ |
| ११ | सरस्वती वि.क. | सदस्य वार्ड ४ | वार्ड नं. ४ खानीछाप | ९८११९४४६६२ |
| १२ | जितबहादुर कनौजे | | वार्ड नं. ४ खानीछाप | ९८४७३३०९७५ |
| १३ | धर्मराज अधिकारी | | वार्ड नं. ४ खानीछाप | ९८५७०६५८९७ |
| १४ | शान्ति नेपाली | सदस्य वार्ड ५ | वार्ड नं. ५ दर्लमडाडाँ | ९८६७१५२१२८ |
| १५ | छविलाल गैरे | | वार्ड नं. ५ दर्लमडाडाँ | ९८४७०६७५७८ |
| १६ | टोपबहादुर न्यौपाने | | वार्ड नं. ५ दर्लमडाडाँ | ९८५७०६५२०५ |
| १७ | नेत्राकुमारी न्यौपाने | सदस्य वार्ड ६ | वार्ड नं. ६ यम्घा | ९८४७३४९७७७ |
| १८ | सीता वि.क. | | वार्ड नं. ६ यम्घा | ९८४७०६७९९३ |
| १९ | झपेन्द्र खनाल | | वार्ड नं. ६ यम्घा | ९८४७१३७५८६ |
| २० | मीना कुमारी कनौजे | सदस्य वार्ड ७ | वार्ड नं. ७ खानीगाउँ | ९८४७१४०२६६ |
| २१ | सीता कामी | | वार्ड नं. ७ खानीगाउँ | ९८४७४५६३१४ |
| २२ | रामबहादुर साठीघरे | | वार्ड नं. ७ खानीगाउँ | ९८४७११३९७१ |
| २३ | रीता देवी भट्टराई | | वार्ड नं. ७ खानीगाउँ | ९८६७२६३१५८ |
| २४ | भगवती देवी घिमिरे | सदस्य वार्ड ८ | वार्ड नं. ८ बराङ्दी | ९८४७०४३५६४ |
| २५ | सुमित्रा/सुनिता वि.क. | | वार्ड नं. ८ बराङ्दी | ९८४७३९७०३१ |
| २६ | ठानेश्वर बस्याल | | वार्ड नं. ८ बराङ्दी | ९८४७४१०१६२ |
| २७ | मिनप्रसाद न्यौपाने | | वार्ड नं. ८ बराङ्दी | ९८४४७१९९७९ |
| २८ | दीपा सारु | सदस्य वार्ड ९ | वार्ड नं. ९ चापपानी | ९८४७१५८४७४ |
| २९ | बाटुली वि.क. | | वार्ड नं. ९ चापपानी | ९८४७१५८४७४ |
| ३० | कमल विक्रम खाँण | | वार्ड नं. ९ चापपानी | ९८४४७९२०५६ |
| ३१ | पीताम्बर गाहा | | वार्ड नं. ९ चापपानी | ९८४७१२८२५३ |

# गाउँपालिकास्तरीय राजनीतिक दलका प्रमुखहरू

| क्र. सं. | नाम, थर | दलको नाम | ठेगाना | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | हरि प्रसाद पाठक | ने. क. पा. (एमाले) | वडा नं. ७, खानीगाऊ | ९८४७०९९४७७ |
| २ | थानेश्वर तिमिल्सिना | नेपाली कांग्रेस | वडा नं. ९,चापपानी | ९८५७०६०११८ |
| ३ | कृष्ण प्रसाद भुसाल | ने.क.पा. (माओवादी) | वडा नं. ९, चापपानी | ९८५७०६०६६५ |
| ४ | कमल प्रसाद पाण्डे | ने.क.पा. (समाजवादी) | वडा नं. १ चिर्तुङ्गधारा | ९८४७०९८९६८ |
| ५ | कपिल ढुङ्गाना | राष्ट्रिय प्र. पार्टी | वडा नं. १ चिर्तुङ्गधारा | ९८५७०६०४१३ |
| ६ | नारायण व. कुवँर | राष्ट्रिय जनमुक्ति पार्टी | वडा नं. ३, नायर | ९८५७०६०२८२ |

# जि.स.स. र स्थानीय तहका मूख्य अधिकारीहरू

| क्र.सं. | नाम र थर | स्थानीय तह | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | मिरा मरासिनी | जिल्ला समन्वय समिति | कार्यबहाक प्रमुख | ९८५७०६८७४२ |
| २ | | | जिल्ला समन्वय अधिकारी | |
| ३ | अशोक कुमार शाही | तानसेन नगरपालिका | प्रमुख | ९८५७०६०५५२ |
| ४ | लक्ष्मीदेवी पाठक | | उपप्रमुख | ९८४७०९९३३७ |
| ५ | पिताम्बर पाण्डे | | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०७४१११ |
| ६ | रमण थापा | रामपुर नगरपालिका | प्रमुख | ९८५७०६२५५० |
| ७ | विष्णुदेवी आचार्य | | उपप्रमुख | ९८१९४५०५३५ |
| ८ | ऋषिराम अर्याल | | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०७५१११ |
| ९ | कृष्णप्रसाद बस्याल | बगनासकाली गाउँपालिका | अध्यक्ष | ९८५७०६०७५० |
| १० | सरस्वती दर्लामी (चिदी) | | उपाध्यक्ष | ९८४७०४२२६६ |
| ११ | विष्णु घर्ती | | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०६८८६८ |
| १२ | सन्तोष कुमार थापा | माथागढी गाउँपालिका | अध्यक्ष | ९८५७०६२४४९ |
| १३ | निर्मला भट्टराई | | उपाध्यक्ष | ९८११४१७२९७ |
| १४ | दिनेश पन्थी | | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०६८५६८ |
| १५ | ओमबहादुर घर्ती मगर | तिनाउ गाउँपालिका | अध्यक्ष | ९८४७०२८४९५ |
| १६ | दमयन्ती थापा | | उपाध्यक्ष | ९८४७०१५७४६ |
| १७ | सुन्दरप्रसाद श्रेष्ठ | | प्रमुख प्रशासकीय अधिकृत | ९८४७०२८०९० |
| १८ | नुनबहादुर थापा | पूर्वखोला गाउँपालिका | अध्यक्ष | ९८५७०६९०४५ |
| १९ | भागिरथी भट्टराई | | उपाध्यक्ष | ९८४७२२४३१४ |
| २० | ज्ञानु पनेरु | | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०६८५७५ |
| २१ | विष्णु प्रसाद भण्डारी | रम्भा गाउँपालिका | अध्यक्ष | ९८४७२२५७७९ |
| २२ | राधा कुमारी श्रेष्ठ | | उपाध्यक्ष | ९८४७४९७०४३ |
| २३ | कृष्णप्रसाद ढकाल | | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०६८७७० |
| २४ | मुक्तबहादुर सारु | निस्दी गाउँपालिका | अध्यक्ष | ९८५७०६८०१२ |
| २५ | रिता कु. खनाल (अर्याल) | | उपाध्यक्ष | ९८४७५६९४९७ |
| २६ | भगवान भक्त अर्याल | | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०४८०९९ |
| २७ | नारायण बहादुर जिसी | रिब्दीकोट गाउँपालिका | अध्यक्ष | ९८४७०६५६२६ |
| २८ | लक्ष्मी खनाल | | उपाध्यक्ष | ९८५७०६५६२६ |
| २९ | मणि खनाल | | प्रमुख प्रशासकीय अधिकृत | ९८५११३४१३१ |
| ३० | रामबहादुर कार्की | रैनादेवीछहरा गाउँपालिका | अध्यक्ष | ९८५७०६०८९१ |
| ३१ | चेतकुमारी थापा | | उपाध्यक्ष | ९८५७०७०२२६ |
| ३२ | इन्द्रबहादुर खत्री | | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०७२०२५ |

# गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीहरू

| क्र.सं. | नाम, थर | पद | शाखा/जिम्मेवारी | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | विष्णु घर्ती | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिकाको कार्यालय | ९८५७०६८८६८ |
| २ | गुनाराम खनाल | अधिकृतस्तर आठौं | शिक्षा, युवा तथा खेलकुद | ९८५७०६५८८० |
| ३ | यादवप्रसाद न्यौपाने | अधिकृतस्तर सातौं | आ.ले.प./सहकारी | ९८४७०२९२१४ |
| ४ | कोशलराज पौडेल | अधिकृतस्तर सातौं | आर्थिक प्रशासन | ९८४५५६७४३५ |
| ५ | मणिराम अधिकारी | हे.अ. छैठौं | स्वास्थ्य | ९८५७०६२१६८ |
| ६ | भरतराज घिमिरे | अधिकृतस्तर छैठौं | योजना तथा अनुगमन | ९८४७०२९४०४ |
| ७ | सुजन घिमिरे | अधिकृतस्तर छैठौं | प्रशासन | ९८५७०६५४४८ |
| ८ | सीता गौतम | सि.अ.न.मि. छैठौं | स्वास्थ्य | ९८४१२७२५५२ |
| ९ | धिरज पराजुली | वैद्य निरिक्षक छैठौं | आयुर्वेद | ९८४७०९३७६० |
| १० | विपिन ढकाल | इन्जिनियर छैठौं | पूर्वाधार विकास | ९८४३००४६५९ |
| ११ | ध्रुव पराजुली | सूचना प्रविधि अधिकृत | सूचना प्रविधि/उद्यम विकास | ९८५६०५१२४१ |
| १२ | विशाल गौतम | कृषि अधिकृत छैठौं | कृषि विकास शाखा | ९८५७०८१८१७ |
| १३ | सरीता पाण्डे | रोजगार संयोजक | प्र.म.रोजगार | ९८४७५५०६४३ |
| १४ | कृष्णबहादुर थापा | सहायकस्तर पाँचौं | प्रशासन/राजश्व | ९८६७५४४००८ |
| १५ | गणेश नेपाली | प.स्वा.प्रा. पाँचौं | पशुपंछी विकास | ९८४६७२४७९९ |
| १६ | देवीप्रसाद अर्याल | लेखा सहायक पाँचौं | आर्थिक प्रशासन | ९८६७२२८६४१ |
| १७ | सिता लम्तरी | सव. इन्जिनियर पाँचौं | घरनक्सा/भवन निर्माण | ९८४७३३४६३९ |
| १८ | कल्याण सिंह पाण्डे | सव. इन्जिनियर पाँचौं | पूर्वाधार विकास | ९८४७०२८३३४ |
| १९ | सन्दिप के.सी. | सव. इन्जिनियर पाँचौं | पूर्वाधार विकास | ९८४७३८७७६० |
| २० | नरेश ढकाल | सव. इन्जिनियर पाँचौं | पूर्वाधार विकास | ९८४७५६९२५४ |
| २१ | शर्मिला न्यौपाने | सव. इन्जिनियर पाँचौं | पूर्वाधार विकास | ९८४४७२०६०८ |
| २२ | भोजराज भट्टराई | :क्ष्व इउभचबतभच | पञ्जिकरण/सा.सु. | ९८५७०५२४३३ |
| २३ | हेमराज घिमिरे | कम्प्युटर अपरेटर पाँचौं | योजना तथा अनुगमन | ९८४७४३७२३१ |
| २४ | पुरुषोत्तम न्यौपाने | प्राविधिक सहायक पाँचौं | प्र.म.रोजगार | ९८६३७७००३९ |
| २५ | टिकाराम पौडेल | सहायकस्तर चौथो | भण्डार/मु.म.कार्यक्रम | ९८४१७२६२०९ |
| २६ | धनकुमारी राना | स.म.वि.नि. चौथो | सामाजिक विकास | ९८४७११३०६५ |
| २७ | अरूण श्रेष्ठ | अ.सव.इन्जिनियर | पूर्वाधार विकास | ९८४७१७०००३ |
| २८ | बुद्ध नेपाली | अमिन चौथो | घरनक्सा/भवन निर्माण | ९८४२८४४२२५ |
| २९ | उमादेवी भट्टराई | अ.हे.व. चौथो | स्वास्थ्य/बालमैत्री | ९८४७५१६३२१ |
| ३० | प्रेमबहादुर बगाले | फिल्ड सहायक | पञ्जिकरण/सा.सु. | ९८४७१७६५९२ |
| ३१ | शर्मिला वि.क. | उद्यम विकास सहजकर्ता | उद्यम विकास | ९८४८१०६२३९ |
| ३२ | राजन कार्की | उद्यम विकास सहजकर्ता | उद्यम विकास | ९८४४९०९१२३ |
| ३३ | गणेश कुँवर | सवारी चालक | प्रशासन | ९८६१०६४४६८ |
| ३४ | मेघराज तिमिल्सिना | का.स. | प्रशासन | ९८४७१०२४२९ |
| ३५ | शारदा कुमाल | का.स. | प्रशासन | ९८४७१०११३० |

# वडा कार्यालयका सचिवहरू

| क्र.सं. | नाम, थर | पद | शाखा/जिम्मेवारी | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | विराट गैरे | सहायकस्तर पाँचौं | १ नं. चिर्तुङ्गधारा | ९८४७०६७९०२ |
| २ | हरिहर गैरे | सहायकस्तर पाँचौं | २ नं. पोखराथोक | ९८५७०६०१३८ |
| ३ | नारायण प्रसाद गैरे | सहायकस्तर चौथो | ३ नं. नायरनम्तलेस | ९८४७१६८१०८ |
| ४ | माधव भण्डारी | सहायकस्तर चौथो | ४ नं. खानीछाप | ९८६६१३०४९३ |
| ५ | गोपाल प्रसाद न्यौपाने | सहायकस्तर पाँचौं | ५ नं. दर्लमडाडाँ | ९८५७०६५८८४ |
| ६ | युवराज पाण्डेय | सहायकस्तर पाँचौं | ६ नं. यम्घा | ९८५७०१२६०० |
| ७ | हरि प्रसाद बस्याल | सहायकस्तर पाँचौं | ७ नं. खानीगाउँ | ९८४७११३९१६ |
| ८ | नारायण प्रसाद आचार्य | सहायकस्तर पाँचौं | ८ नं. बराङ्दी | ९८४७२३२३२० |
| ९ | तिलक बहादुर बुचा | सहायकस्तर चौथो | ९ नं. चापपानी | ४९४७१२७८१९ |

# स्वास्थ्य संस्थाका प्रमुखहरू

| क्र.सं. | नाम, थर | पद | शाखा/जिम्मेवारी | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | नोद प्रसाद बस्याल | सि.अ.हे.व.छैठौं | चिर्तुङ्गधारा स्वास्थ्य चौंकी | ९८५७०६२७१५ |
| २ | सरोज काफ्ले | ज.स्वा.नि.छैठौं | पोखराथोक स्वास्थ्य चौकी | ९८४७०३६०८४ |
| ३ | शशिकला रेष्मी | सि.अ.हे.व.पाँचौ | नायरनम्तलेस स्वास्थ्य चौकी | ९८४७१८०६८३ |
| ४ | केशव दर्नाल | सि.अ.हे.व.छैठौं | खानीछाप स्वास्थ्य चौकी | ९८४७०४३७८१ |
| ५ | रेष्मीराज न्यौपाने | सि.अ.हे.व.छैठौं | दर्लमडाडाँ स्वास्थ्य चौकी | ९८६७३९४९३५ |
| ६ | रामप्रसाद न्यौपाने | अ.हे.व.चौथौ | यम्घा स्वास्थ्य चौकी | ९८४७३०७०८८ |
| ७ | जिवलाल बस्याल | सि.अ.हे.व.छैठौं | खानीगाउँ स्वास्थ्य चौकी | ९८४७११९१६७ |
| ८ | गोमबहादुर क्षेत्री | सि.अ.हे.व.छैठौं | बराङ्दी स्वास्थ्य चौकी | ९८५७०६५७२२ |
| ९ | श्रृजना चापागाईं | सि.अ.हे.व.छैठौं | चापपानी स्वास्थ्य चौकी | ९८४७२४४३२५ |
| १० | सृजना के.सी. | हे.अ.पाँचौं | आयुर्वेद औषधालय बराङ्दी | ९८५७०८२५४० |
| ११ | नाओमी गौतम | अ.हे.व.चौथो | दर्पुक सामुदायिक स्वास्थ्य इ. यम्घा | ९८४७५२५४११ |

# पशु सेवा कर्मचारीहरू

| क्र.सं. | नाम, थर | पद | शाखा/जिम्मेवारी | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | अमर बहादुर कार्की | ना.प्र.स.चौथो | वडा नं. ४ र ९ | ९८४७११२३८१ |
| २ | कमलादेवी खनाल | ना.प्र.स.चौथो | वडा नं. ३ | ९८६७२०२१२५ |
| ३ | रेष्मीराज बस्याल | ना.प्र.स.चौथो | वडा नं. ५ र ६ | ९६१७९९१८१० |
| ४ | शुशिल आचार्य | ना.प्र.स.चौथो | वडा नं. ७ र ८ | ९८६००७८३४० |
| ५ | विमल पल्ली | ना.प्र.स.चौथो | वडा नं. १ र २ | ९८६७४६६०३८ |
| ६ | लिला वल्लभ भट्टराई | का.स. | वडा नं. ९ | ९८४७३३३३४४ |

# कृषि सेवा कर्मचारीहरू

| क्र.सं. | नाम, थर | पद | शाखा/जिम्मेवारी | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | निशा मरासिनी | ना.प्र.स.चौथो | वडा नं. १ र कृषि विकास शाखा | ९८५७०८३५७४ |
| २ | नारायण न्यौपाने | ना.प्र.स.चौथो | वडा नं. २ र ३ | ९८६७११४१७७ |
| ३ | खिमराज कोइराला | ना.प्र.स.चौथो | वडा नं. ४ र ५ | ९८४४७१९१६४ |
| ४ | सुमन बस्याल | ना.प्र.स.चौथो | वडा नं. ६ | ९८६७२४४१०५ |
| ५ | विष्णुकुमारी पौडेल | ना.प्र.स.चौथो | वडा नं. ७ र ८ | ९८४४७२१०३० |
| ६ | जन्जुका ज्ञवाली | ना.प्र.स.चौथो | वडा नं. ९ | ९८६७१४२८८६ |

# वडा कार्यालयका कर्मचारीहरू

| क्र.सं. | नाम, थर | पद | शाखा/जिम्मेवारी | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | नन्दा चिदी | का. सहायक | वडा नं. १ | ९८४७११५८११ |
| | दिलु गाहा | का. सहयोगी | | ९८४०५७०६६५ |
| २ | सनु खड्का | स.क.अ. | वडा नं. २ | ९८६७११६७२६८ |
| | सिंह बहादुर कुमाल | का. सहयोगी | | ९८४७१६९१५५ |
| ३ | गोविन्द प्रसाद न्यौपाने | का. सहायक | वडा नं. ३ | ९८४७१२७८९७ |
| | हुमन बगाले | का. सहयोगी | | ९८४७०६९८३७ |
| ४ | हिमराज न्यौपाने | का.सहायक | वडा नं. ४ | ९८४७११८१५५ |
| | देउकी सुर्यवंशी | का. सहयोगी | | ९८६७२६१८६४ |
| ५ | मदनलाल न्यौपाने | का. सहायक | वडा नं. ५ | ९८४६८०८१०३ |
| | यनलाल बस्याल | का. सहयोगी | | ९८४७१२६७६८ |
| ६ | कोपिला खनाल | वास संयोजक | वडा नं. ६ | ९८४७१०३३७३ |
| | बल बहादुर घर्ति | का. सहयोगी | | ९८४७१७४४३७ |
| ७ | गोपाल बहादुर सोमरे | का. सहायक | वडा नं. ७ | ९८४७१७३८३१ |
| | गोमता भट्टराई | का. सहयोगी | | ९८४७२२७७२६ |
| ८ | बुधमाया वि.क. | का. सहायक | वडा नं. ८ | ९८६७४६८३७५ |
| | यज्ञ प्रसाद पाण्डे | का. सहयोगी | | ९८६७७५०४६२ |
| ९ | विष्णु तिमिल्सिना | का. सहायक | वडा नं. ९ | ९८६७३५४४७३ |
| | विन्दु बस्याल | का. सहयोगी | | ९८०२६४३८१६ |

# स्वास्थ्य संस्थाका कर्मचारीहरू

| क्र.स. | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्यकर्मीहरूको नाम | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | बगनासकालीगाउँपालिका पाल्पा | सीता गौताम | सि.अ.न.मी. निरिक्षण | ९८४१२७२५५२ |
| २ | बगनासकालीगाउँपालिका पाल्पा | धिरज पराजुली | बैद्य निरिक्षक | ९८४७०९३७६० |
| ३ | बगनासकालीगाउँपालिका पाल्पा | उमा भट्टराइ | अ.हे.व. | ९८४७५१६३२१ |
| ४ | बगनासकालीगाउँपालिका पाल्पा | चादनी राना | अ.हे.व. | ९८६७२०२१०३ |
| ५ | चिर्तुङ्गधारा स्वास्थ्य चौकी | महेश ढुङ्गाना | सि.अ.हे.व | ९८४७०६९४९६ |
| ६ | चिर्तुङ्गधारा स्वास्थ्य चौकी | मन्दिर ज्ञवाली | सि.अ.न.मी. | ९८४७१६८१३८ |
| ७ | चिर्तुङ्गधारा स्वास्थ्य चौकी | चम्पा ढुङ्गाना | सि.अ.न.मी. | ९८४४७६०७७० |
| ८ | चिर्तुङ्गधारा स्वास्थ्य चौकी | लक्ष्मी खनाल बस्याल | सि.अ.न.मी. | ९८४७२२१८९६ |
| ९ | चिर्तुङ्गधारा स्वास्थ्य चौकी | विण्णु कुमारी चिदि | का.स. | ९८४७१४७६३० |
| १० | पोखराथोक स्वास्थ्य चौकी | टिकासरा चिदी | सि.अ.न.मी. | ९८६०३११९११ |
| ११ | पोखराथोक स्वास्थ्य चौकी | डालिमाया राना | सि.अ.न.मी. | ९८४७०५९६५० |
| १२ | पोखराथोक स्वास्थ्य चौकी | भावना न्यौपाने | अ.हे.व. | ९८६७७२६६२८ |
| १३ | पोखराथोक स्वास्थ्य चौकी | काशीराम कुमाल | का.स. | ९८४७४२४०७८ |
| १४ | नायरनमतलेस स्वास्थ्य चौकी | पूर्णिमा खड्का | सि.अ.न.मी. | ९८४७१७११०८ |
| १५ | नायरनमतलेस स्वास्थ्य चौकी | संगिता थापा | सि.अ.न.मी. | ९८४७०४३६८९ |
| १६ | नायरनमतलेस स्वास्थ्य चौकी | विमला खाम्चा | अ.हे.व. | ९८४७५९९५५३ |
| १७ | नायरनमतलेस स्वास्थ्य चौकी | अस्मिता कुमाल | अ.न.मी. | ९८४४७२०५७५ |
| १८ | नायरनमतलेस स्वास्थ्य चौकी | तिल कुमारी राना | ल्याब असिस्टेन्ट | ९८४७११४०८६ |
| १९ | नायरनमतलेस स्वास्थ्य चौकी | गोविन्द बहादुर गाहा | का.स. | ९८४७०६९८२४ |
| २० | खानीछाप स्वास्थ्य चौकी | सरस्वती अर्याल | सि.अ.न.मी. | ९८४७३९९४३० |
| २१ | खानीछाप स्वास्थ्य चौकी | गिता कुमारी श्रेष्ठ | अ.न.मी. | ९८४७१९४१२७ |

| क्र.स. | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्यकर्मीहरूको नाम | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| २२ | खानीछाप स्वास्थ्य चौकी | देबका सोमै | अ.हे.व. | ९८४४७१९८५५ |
| २३ | खानीछाप स्वास्थ्य चौकी | देबी गाहा मगर | का.स. | ९८४७१७१६०८ |
| २४ | दर्लम स्वास्थ्य चौकी | भूवन थापा मगर | सि.अ.हे.व. | ९८४७३०७३८३ |
| २५ | दर्लम स्वास्थ्य चौकी | थानीसरा गैरे | सि.अ.न.मी. | ९८४७११३७२४ |
| २६ | दर्लम स्वास्थ्य चौकी | अनिता गुरुङ | अ.न.मी. | ९८६७४०७९४४ |
| २७ | दर्लम स्वास्थ्य चौकी | पद्मा भटराई | अ.न.मी. | ९८४२७८८४८७ |
| २८ | दर्लम स्वास्थ्य चौकी | लक्ष्मी कँवर खाम्चा | का.स. | ९८६९९४१८४० |
| २९ | यम्घा स्वास्थ्य चौकी | कमला भटराई | सि.अ.न.मी. | ९८४७३९८५९३ |
| ३० | यम्घा स्वास्थ्य चौकी | लक्ष्मी गैरे | अ.हे.व. | ९८४७५८०२४२ |
| ३१ | यम्घा स्वास्थ्य चौकी | रञ्जना खरेल | अ.न.मी. | ९८४७२३०६०१ |
| ३२ | यम्घा स्वास्थ्य चौकी | सुजिता नायक | हे.अ. | ९८४७५२४३१० |
| ३३ | यम्घा स्वास्थ्य चौकी | नमकला पाण्डे | का.स. | ९८४७१७६५५९ |
| ३४ | खानीगाँउ स्वास्थ्य चौकी | सीता खाती | सि.अ.हे.व. | ९८४४७२१९२० |
| ३५ | खानीगाँउ स्वास्थ्य चौकी | कमला राना | सि.अ.न.मी. | ९८४२७८८२७३ |
| ३६ | खानीगाँउ स्वास्थ्य चौकी | सँगीता थापा मगर | अ.न.मी. | ९८४७४३७९८९ |
| ३७ | खानीगाँउ स्वास्थ्य चौकी | शान्ती खराल | अ.हे.व. | ९८४७३०५३२८ |
| ३८ | खानीगाँउ स्वास्थ्य चौकी | पुजा जि.सी. | अ.न.मी. | ९८४७००३५०५ |
| ३९ | खानीगाँउ स्वास्थ्य चौकी | कल्पना बगाले | का.स. | ९८४४७७२८३७ |
| ४० | बराङ्दी स्वास्थ्य चौकी | निलकण्ठ न्यौपाने | ज.स्वा.नि.छैठौ | ९८४७०६७३११ |
| ४१ | बराङ्दी स्वास्थ्य चौकी | सुनिता अधिकारी | अ.हे.व. | ९८४७३०६३०२ |
| ४२ | बराङ्दी स्वास्थ्य चौकी | सुमा थापा | अ.न.मी. | ९८४७१६८६९३ |
| ४३ | बराङ्दी स्वास्थ्य चौकी | रिता घिमिरे | का.स. | ९८६१७५०३३३ |
| ४४ | चापपानी स्वास्थ्य चौकी | मोहनलाल घिमिरे | सि.अ.हे.व. | ९८४७२१९४२७ |
| ४५ | चापपानी स्वास्थ्य चौकी | गीतादेवी श्रेष्ठ | सि.अ.न.मी. | ९८६७१३३१७० |
| ४६ | चापपानी स्वास्थ्य चौकी | प्रेमकली पचभैया | अ.न.मी. | ९८४७०९९९९६ |
| ४७ | चापपानी स्वास्थ्य चौकी | भुमा थापा | अ.न.मी. | ९८४७१२५४५६ |
| ४८ | चापपानी स्वास्थ्य चौकी | मनिषा थापा | ल्याब असिस्टेन्ट | ९८६२२७२८५४ |
| ४९ | चापपानी स्वास्थ्य चौकी | मुना बयम्बु | स्टाफ नर्स | ९८६८३२९०९० |
| ५० | चापपानी स्वास्थ्य चौकी | मोहनीलाल भटराई | का.स. | ९८४७१००७८९ |
| ५१ | दर्पुक सामुदायिक स्वास्थ्य चौकी | नाओमी गौतम | अ.हे.व. | ९८४७५२५४११ |
| ५२ | दर्पुक सामुदायिक स्वास्थ्य चौकी | राधिका बोटे | का.स. | ९८६७२४३७९५ |
| ५३ | दर्पुक सामुदायिक स्वास्थ्य चौकी | प्रमिला चिदि | अ.हे.व. | ९८४७११८८०८ |

## बगनासकाली गाउँपालिकामा रहेका विद्यालयहरू

| क्र.सं | विद्यालयको नाम | वडा नं. | ठेगाना | प्र.अ.को नामथर | फोन नम्बर | वि.व्य.स. अध्यक्षको नाम | वार्षिक उत्सव |
|---|---|---|---|---|---|---|---|
| १ | कालीगण्डकी बोर्डिङ्ग स्कूल | ८ | देउराली | गणेशप्रसाद बस्याल | ९८४७१५५५३१ | बामदेव बस्याल | मंसिर १५ |
| २ | बेद मा.वि. | ८ | ढावखोला | थानेश्वर भट्टराई | ९८५७०६०४०७ | गणेश बस्याल | मंसिर २ |
| ३ | कालिका आ.वि. | ९ | भिरभञ्ज्याङ्ग | जीवराज घिमिरे | ९८५७०६९८०२ | भगवान भुसाल | बैशाख ३ |
| ४ | वसन्त आ.वि. | ९ | बभादी | तेजप्रसाद शर्मा | ९८४७११४४३९ | मुक्तिराम तिमिल्सिना | बैशाख १३ |
| ५ | वसन्त प्रा.वि. | ९ | बगनास | पुष्पादेवी थापा | ९८४७०९८०६२ | रामलाल श्रेष्ठ | माघ २५ |
| ६ | चन्द्र मा.वि. | ९ | चापपानी | यमबहादुर रास्कोटी | ९८४७०६७५१७ | चिन्तामणी बस्याल | दशैं पूर्णिमा |
| ७ | ज्योति बोर्डिङ्ग स्कूल | १ | बगनास | मिना हितङ्गा | ९८४७०६७३९७ | जितबहादुर नेपाली | भाद्र ६ |
| ८ | जनप्रिय प्रा.वि. | १ | पिप्ले | छविलाल पाठक | ९८५७०६५५८५ | नरबहादुर थापा | माघ २१ |
| ९ | राम आ.वि. | १ | घोरबन्दा | गुनबहादुर गाहा | ९८४७१०२९४४ | मुक्तिराम बस्याल | कार्तिक १ |

| क्र.सं | विद्यालयको नाम | वडा नं. | ठेगाना | प्र.अ.को नामथर | फोन नम्बर | वि.व्य.स. अध्यक्षको नाम | वार्षिक उत्सव |
|---|---|---|---|---|---|---|---|
| १० | ग्राम्य मा.वि. | १ | गाप्टुङ्ग | शालिकराम ढुंगाना | ९८४०४५८३५० | खिमानन्द पाण्डे (कमल) | कार्तिक ८ |
| ११ | बुद्धशान्ति सामुदायिक स्कूल | १ | खोरबारी | डोलराज रेश्मी | ९८६७०१६३६९ | चन्द्रविर थापा | बैशाख ११ |
| १२ | पिप्लेकालिका बोर्डिङ स्कूल | १ | पिप्ले | माया बस्याल | ९८४७१३९११० | खिमलाल बस्याल | बैशाख ७ |
| १३ | सरस्वती आ.वि. | ५ | गरन्डाँडा | हुमकला गैरे | ९८४७०६९२३० | | श्रीपञ्चमी |
| १४ | दर्लमडाँडा मा.वि. | ५ | दर्लमडाँडा | थमनसिंह थापा | ९८४७४२४२०१ | कोशलराज न्यौपाने | आश्विन १ |
| १५ | नर्थप्वाइन्ट बोर्डिङ स्कूल | ५ | मिलनचोक | प्रकाश भट्टराई | ९८४७११२३४४ | मिनबहादुर राना | माघ १५ |
| १६ | हिमालय प्रा.वि. | ४ | महछाप | राजु न्यौपाने | ९८४७०४३१९१ | देवबहादुर गाहा | पौष १४ |
| १७ | हिमालय आ.वि. | ४ | खानीछाप | सूर्यप्रसाद अर्याल | ९८४७१०२७५८ | रूपा गाहा | बैशाख १० |
| १८ | राम्दी प्रा.वि. | ४ | राम्दी | शिवप्रसाद अधिकारी | ९८४७२२७२३८ | नन्दकिशोर अमात्य | फागुन १ |
| १९ | गंगादेवी प्रा.वि. | ४ | भालेवास | निलकण्ठ न्यौपाने | ९८४७५६४५६३ | हुतमानसिंह दर्लामी | जेठ १ |
| २० | राम मा.वि. | ५ | राम्दी/मलेङ | डोलराज बस्याल | ९८५७०६२८०६ | ईश्वरीप्रसाद न्यौपाने | फागुन ८ |
| २१ | दैलातुङ्ग आ.वि. | ७ | दैलातुङ्ग | केशवराज खराल | ९८५७०६२२९५ | यज्ञमूर्ति खराल | फागुन १२ |
| २२ | खानीगाउँ मा.वि. | ७ | राम बगैंचा | कल्पना कु. भुसाल | ९८४७०९९६२३ | रेश्मीराज गैरे | पौष १४ |
| २३ | खानीगाउँ आ.वि. | ७ | कल्लाबारी | नलबहादुर साठीघरे | ९८४७५६३४७९ | रामबहादुर साठिघरे | फागुन ५ |
| २४ | नारायण प्रा.वि. | ३ | नम्तलेस | डिल्लिसिंह कवर | ९८४७१०२३४१ | अमरप्रसाद श्रेष्ठ | फागुन १५ |
| २५ | बालविकास प्रा.वि. | ३ | आफरडाँडा | नारायणी देवी खनाल | ९८४७०६७८१५ | आशा वि.क. | बैशाख २६ |
| २६ | सिद्धि मा.वि. | ३ | आर्यभञ्ज्याङ्ग | ध्रुव न्यौपाने | ९८४७०९८७०९ | केशव बहादुर रायमाझी | पौष ८ |
| २७ | चण्डेश्वरी प्रा.वि. | ३ | चौपारी | खड्कबहादुर झेंडी | ९८४७११२०३५ | यमकुमारी कँवर | फागुन १ |
| २८ | सगरमाथा सा.शै.प्र. | ३ | सिंचास | यमबहादुर दर्लामी | ९८४७१७४५१४ | रामप्रसाद श्रेष्ठ | फागुन ५ |
| २९ | जनता प्रा.वि. | २ | लालपाटी | विश्वनाथ गैरे | ९८४७०२८३७१ | विष्णुकमारी कुमाल | वैशाख २० |
| ३० | विष्णु मा.वि. | २ | पोखराथोक | चुरामणि ढकाल | ९८४७३८७७५५ | तिर्थप्रसाद भट्टराई | पौष १० |
| ३१ | ज्ञानज्योती सामुदायिक स्कूल | २ | पोखराथोक | बालकृष्ण गैरे | ९८४७१३९३९१ | देवीप्रसाद न्यौपाने | जेठ ३ |
| ३२ | कानुङ प्रा.वि. | ६ | दाङ्गसिङ्गा | लीला बराल मगर | ९८४७११८४७३ | रनबहादुर कवँर | असोज २७ |
| ३३ | भगवती आ.वि. | ६ | दर्पुक | बेदप्रसाद न्यौपाने | ९८४७११९४७२ | मेघलाल पराजुली | बैशाख १० |
| ३४ | बालज्योति प्रा.वि. | ६ | भक्तपोखरा | गोविन्द प्रसाद पन्थी | ९८४७१३८३१० | मानबहादुर सोमै | पौष ८ |
| ३५ | अरनिको आ.वि. | ६ | लाम्दी | थानेश्वर बस्याल | ९८४७१७६३७२ | राजेन्द्र प्रसाद बस्याल | वैशाख ८ |
| ३६ | गुँगा मा.वि. | ६ | गुँगा | जनार्दन अधिकारी | ९८४७५०४८६८ | ऋषिकेशव अधिकारी | भाद्र २९ |
| ३७ | सीता मा.वि. | ६ | ठूलापोखरा | तेजराज पाण्डेय | ९८४४७२०१४२ | जयराम बस्याल | आश्विन १० |

## बगनासकाली गाउँपालिका अन्तर्गतका सहकारी संस्थाहरू

| क्र.सं. | संस्थाको नाम | वडा नं. | नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | ग्रामिण महिला वहुउद्देशीय सहकारी सं.लि. | १ | थलिसरा गाहा | ९८४७१७८१६१ |
| २ | जनसहारा कृषि वहुउद्देशीय सहकारी सं.लि. | १ | जितेन्द्र गाहा | ९८५७०६०८११ |
| ३ | हरिकला महिला वहुउद्देशीय सहकारी सं.लि. | २ | सरस्वती खनाल | ९८४७३८३२५७ |
| ४ | तिलोत्तमा कषि सहकारी संस्था लिमिटेड | २ | रेश्मीराज गहिरे | ९८४७१४००६४ |
| ५ | शिवशक्ति बीउ विजन सहकारी सं.लि. | २ | लेखनाथ गैरे | ९८४७१५५३०४ |
| ६ | बगनासकाली साना किसान कृषि सहकारी संस्था लि. | २ | नैना पाण्डे | ९८४७४१७२२५ |

| क्र.सं. | संस्थाको नाम | वडा नं. | नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| ७ | चण्डेश्वरी महिला वहुउद्देशीय सहकारी सं.लि. | ३ | चन्द्रकला न्यौपाने | ९८४७०६९४१७ |
| ८ | नायर नमतलेस कृषि सहकारी सं.लि. | ३ | बसन्त व. कँवर | ९८४७०२८७११ |
| ९ | अन्नपूर्ण सामुदायिक विकास कृषि सहकारी सं.लि. | ४ | चन्द्र वहादुर सारु | ९८४७४९८३०३ |
| १० | खानीछाप सामाजिक उद्यमीमहिला सहकारी सं.लि. | ४ | मिनु दर्लामी | ९८६७११२०८७ |
| ११ | जागरुक महिला कृषि सहकारी सं.लि. | ५ | लक्ष्मी कोइराला | ९८४७३०६१७३ |
| १२ | गरनडाडा दूग्ध उत्पादक स.स.लि. | ५ | छविलाल गैरे | ९८४७०६७५७८ |
| १३ | एकता अदुवा उत्पादक स.स.लि. | ५ | भेषराज तिमिल्सिना | ९८५७०६२५९० |
| १४ | गरादी वचत तथा ऋण सहकारी सं.लि. | ५ | लछुमन खाम्चा | ९८४७५०५००६ |
| १५ | षट्कोण स्वास्थ्य बचत तथा ऋण सहकारी सं.लि. | ६ | बालकृष्ण पराजुली | ९८६७०३६४०६ |
| १६ | अमृतधारा दुग्ध उत्पादक सहकारी सं.लि. | ६ | तुल्सीराम बस्याल | ९८६७३४१६९२ |
| १७ | किरण दुग्ध उत्पादक सहकारी सं.लि. | ६ | जयराम वश्याल | ९८६७०१७४०६ |
| १८ | जुनतारा कृषि सहकारी सं.लि. | ६ | मिन वहादुर वि.क. | ९८४७११६८१५ |
| १९ | ठुलापोखरा महिला कृषि स.स.लि. | ६ | नेत्रा कुमारी पाण्डेय | ९८४७३४९७७७ |
| २० | चण्डीदेवी महिला जागृति वहुउद्देशीय सहकारी सं.लि. | ७ | धन कुमारी पाठक | ९८४७१६८१५६ |
| २१ | खाणदेवी स्वस्थ्य बचत तथा ऋण सहकारी सं.लि. | ७ | अम्बरराज भट्टराई | ९८४७१६८८७२ |
| २२ | गोरेटो कृषि सहकारी संस्था लि. | ७ | गिर बहादुर सारु | ९८४७००८१३५ |
| २३ | सूर्यमुखि कृषि तथा पशुविकास स.स.लि. | ७ | पम्फा गैरे | ९८४७१३८८२३ |
| २४ | बगनासकाली बहुउद्देशीय सहकारी संस्था लि. | ८ | कृष्ण भुसाल | ९८५७०६०६६५ |
| २५ | शिवासन कृषि स.स.लि. | ८ | पशुपति बस्याल | ९८४७०२८६८० |
| २६ | मालारानी वचत तथा ऋण सहकारी सं.लि. | ९ | चिन्तामणि बस्याल | ९८४७१७७९३५ |
| २७ | चापपानी कफि उत्पादक स.स.लि. | ९ | रुक बहादुर शाही | ९८४७१६८७८१ |

## स्थानीय सञ्चार माध्यमहरू

| क्र.संख्या | सञ्चारमाध्यमको नाम | कार्यालयको नाम |
|---|---|---|
| १ | नव जनचेतना दैनिक | ०७५-५२०६०१ |
| २ | करुवा अर्ध साप्ताहिक | ०७५-५२२६९५ |
| २ | पाल्पा टाइम्स साप्ताहिक | ०७५-५२०४५० |
| ४ | गाउँले देउराली साप्ताहिक | ०७५-५२०७६४ |
| ५ | नव संवाद साप्ताहिक | ०७५५२२४४१ |
| ६ | पाल्पा समाचारपत्र साप्ताहिक | ९८४७०६९७३९ |
| ७ | परेवा पाक्षिक | ०७५५२०५८९ |
| ८ | सामुदायिक रेडियो मदनपोखरा | ०७४४१२०५५/५६ |
| ७ | सामुदायिक रेडियो मुक्तिनाथ | ०७५५२१७३५ |

| क्र.संख्या | सञ्चारमाध्यमको नाम | कार्यालयको नाम |
|---|---|---|
| ८ | श्रीनगर एफ.एम. प्रा.लि. | ०७५५२१६६० |
| ९ | युनिक एफ.एम. प्रा.लि. | ०७५५२१४६४ |
| १० | रेडियो कुटुम्ब | ०७५५२०४७१ |
| ११ | सामुदायिक रेडियो रामपुर | ०७५४००१६५ |
| १२ | पाल्पा एफ.एम. रामपुर | ०७५४००३५६ |
| १३ | श्रीनगर टेलिभिजन | ०७५५२१६२६ |
| १४ | सनराइज टेलिभिजन | ०७५५२०७१३ |
| १५ | पश्चिमाञ्चल एफ.एम. प्रा.लि. | ०७१६९३२०१ |

# जिल्लामा क्रियाशील पत्रकारहरू

| क्र.सं. | नाम र थर | संस्था | मोवाइल नम्बर |
|---|---|---|---|
| १ | रेखीराम राना | नेपाल पत्रकार महासंघ पाल्पा, अध्यक्ष<br>गोरखापत्र/नवसंवाद साप्ताहिक | ९८५७०६०६९८ |
| २ | मेघराज शर्मा | गाउँले देउराली साप्ताहिक | ९८४७०२९१५२ |
| ३ | जगदीश भट्टराई | नव जनचेतना दैनिक | ९८५७०६०३०१ |
| ४ | भरत शर्मा | नेपाल टेलिभिजन | ९८४७०२९६९२ |
| ५ | माधव अर्याल | कान्तिपुर दैनिक | ९८५७०६०३७७ |
| ६ | झपेन्द्र गहिरे | पाल्पा टाइम्स | ९८५७०६००३३ |
| ७ | मुक्तिप्रसाद न्यौपाने | नागरिक दैनिक/सेरोफेरो अनलाइन | ९८५७०६००९० |
| ८ | कृष्ण पोखरेल | अन्नपूर्ण दैनिक | ९८४७०२९४६० |
| ९ | राजेशकुमार अर्याल | सामुदायिक रेडियो मदनपोखरा | ९८५७०६०२०२ |
| १० | देव पचभैया | श्रीनगर एफ एम/उज्यालो एफएम | ९८४७१०३४३२ |
| ११ | कृष्ण कार्की | करुवा अर्ध साप्ताहिक | ९८५७०६०८५८ |
| १२ | गोविन्द भट्टराई | गाउँले देउराली साप्ताहिक | ९८४७३२६७६० |
| १३ | प्रकाश नेपाल | बुटवल टुडे | ९८४७०६७४२९ |
| १४ | भगवान भण्डारी | पाल्पा समाचारपत्र | ९८५७०६०१६३ |
| १५ | भोजराज भट्टराई | आदर्श समाज दैनिक/परेवा पाक्षिक | ९८५७०५२४३३ |
| ११ | कृष्ण दर्नाल | रासस | ९८५७०६२९१७ |
| १२ | यज्ञमूर्ति तिमिल्सिना | पाल्पा समाचारपत्र | ९८५७०६५८३९ |
| १३ | सन्तोष बस्याल | सनराइज टेलिभिजन | ९८४७०२८१७७ |
| १४ | भुवन रायमाझी | सामुदायिक रेडियो मुक्तिनाथ | ९८५७०६२६७० |
| १५ | किरण कौशल | राजधानी/सगरमाथा टेलिभिजन | ९८५७०६०९०७ |
| १६ | विष्णु घिमिरे | पाल्पा पाटी | ९८४७०६०७६१ |
| १७ | नेत्र गैरे | मेचीकाली दैनिक | ९८५७०६२५९७ |
| १८ | सुनिल कार्की | श्रीनगर एफएम/नाइस टेलिभिजन | ९८६७१७३३०५ |
| १९ | सीता डोटेल | दैनिक पत्र/रेडियो रामपुर | ९८४७१७०२८५ |
| २० | नारायण न्यौपाने | कुटुम्ब एफएम/नयाँ पत्रिका दैनिक | ९८५७०६०६८१ |
| २१ | भविन्द्र गौतम | यातायात टेलिभिजन/यातायात टाइम्स | ९८५७०६२८४६ |
| २२ | दुर्गेस मल्ल | रेडियो पाल्पा | ९८५७०६८५९३ |
| २३ | कमल अधिकारी | नेपाल टेलिभिजन | ९८४७२१९००६ |
| २४ | धातानन्द शर्मा | गाउँले देउराली साप्ताहिक | ९८४७०२९७८५ |
| २५ | अमृत अधिकारी | इरानीमहल | ९८५७०६००४७ |
| २६ | राजेन्द्र लिगल | सनराइज टेलिभिजन | ९८४७०२८०५६ |
| २७ | अनिल लिगल | एभीन्यूज टेलिभिजन | ९८४७०२८२३७ |
| २८ | मिलन वि.क. | थाहा खबर अनलाइन | ९८४७०३८९६४ |
| २९ | विजय बौडेल | रेडियो मदनपोखरा | ९८५७०६५८६५ |
| ३० | कमलराज तिमिल्सिना | श्रीनटर सामुदायिक टेलिभिजन | ९८५७०६८११९ |
| ३१ | रामचन्द्र रायमाझी | नवजनचेतना दैनिक | ९८४७४९२२२६ |
| ३२ | विष्णु खनाल | रेडियो नेपाल | ९८५७०३१२७५ |
| ३३ | दयाराज न्यौपाने | श्रीनगर सामुदायिक टेलिभिजन | ९८४७०९८९८७ |
| ३४ | सुमन कार्की | न्यूज 24 | ९८४७०२९९२८ |

## बगनासकाली गाउँपालिकाको न्यायिक समिति

| क्र.स. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | श्री सरस्वती चिदी | संयोजक | ९८४७०४२२६६ |
| २. | श्री कुल प्रसाद ढुंगाना | सदस्य | ९८४७१००३२० |
| ३. | श्री राम बहादुर साठिघरे | सदस्य | ९८४७११३९७१ |
| ४. | श्री विराट गैरे | सदस्य सचिव | ९८४७०६७९०२ |

## वडास्तरीय मेल मिलापकर्ताहरूको विवरण

| सि.नं. | मेलमिलापकर्ताको नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | विष्णु प्रसाद खनाल | बगनासकाली १ | ९८४७०९९७६४ |
| २ | दुर्गा कुमारी राना | बगनासकाली १ | ९८६७२४४१०४ |
| ३ | शेर बहादुर चिदी | बगनासकाली १ | ९८४७०४३१०६ |
| ४ | सुनिता खाती | बगनासकाली १ | ९८४७१६८३७४ |
| ५ | मुना डम्बरपाल | बगनासकाली १ | |
| ६ | मथुरा देवी ढुंगाना | बगनासकाली १ | ९८४७१०२५२४ |
| ७ | निम नारायण ढुंगाना | बगनासकाली १ | ९८५७०६०८८४ |
| ८ | हान विर राना | बगनासकाली १ | ९८६७१६७९७२ |
| ९ | ज्ञानु अर्याल पाण्डे | बगनासकाली १ | ९८४७५७८५१७ |
| १० | माधव प्रसाद ढुंगाना | बगनासकाली २ | ९८४७१०३६६२ |
| ११ | नरेश नेपाल | बगनासकाली २ | ९८५७०६०१८७ |
| १२ | दुर्गा पाण्डे | बगनासकाली २ | ९८४७२१९०२२ |
| १३ | गीता रेग्मी | बगनासकाली २ | ९८४७११३१२० |
| १४ | रेश्मीराज गहिरे | बगनासकाली २ | ९८४७१४००६४ |
| १५ | दुर्गा प्रसाद अर्याल | बगनासकाली २ | ९८४७०४३१९० |
| १६ | यमुना शर्मा | बगनासकाली २ | ९८६१००३३२४ |
| १७ | विनिता कुमाल | बगनासकाली २ | ९८४७०४३१०७ |
| १८ | बुद्धिमान वि.क. | बगनासकाली २ | ९८६९३८८०६९ |
| १९ | शोभा कुमाल | बगनासकाली २ | ९८६७१६७०१९ |
| २० | चन्द्रकला न्यौपाने | बगनासकाली ३ | ९८४७०६९४१७ |
| २१ | शारदा न्यौपाने | बगनासकाली ३ | ९८६७०२०७५५ |
| २२ | सिद्ध बहादुर कवर | बगनासकाली ३ | ९८४७०३०४३७ |
| २३ | केशव बहादुर रायमाझी | बगनासकाली ३ | ९८५७०६२६४१ |
| २४ | धन प्रसाद श्रेष्ठ | बगनासकाली ३ | ९८६७३४०७५३ |
| २५ | सिता टलाङ्मी | बगनासकाली ३ | ९८४७५२७२०८ |
| २६ | राज कुमार न्यौपाने | बगनासकाली ४ | ९८६७२६०७८८ |
| २७ | हुमीसरा सारु | बगनासकाली ४ | ९८६७२३९५१५ |
| २८ | छक्क वहादुर गाहा | बगनासकाली ४ | ९८६३७९७२३८ |
| २९ | भोजराज भण्डारी | बगनासकाली ४ | ९८४६०४३४२५ |
| ३० | पिताम्बर अधिकारी | बगनासकाली ४ | ९८४२३४४७७५ |
| ३१ | हिमकला तिमेल्सेना | बगनासकाली ४ | ९८६७२६६२१४ |
| ३२ | चन्द्र बहादुर चोहान | बगनासकाली ४ | ९८६७९३९७३८ |
| ३३ | मुक्तिराम शर्मा | बगनासकाली ५ | ९८५११६३३३७ |
| ३४ | लक्ष्मी भट्टराई | बगनासकाली ५ | ९८६०६०३६६७ |
| ३५ | हुम प्रसाद कोइराला | बगनासकाली ५ | ९८५७०६२३७३ |
| ३६ | देवी बस्याल | बगनासकाली ५ | ९८४११४९०७७ |
| ३७ | थर्कराज गैरे | बगनासकाली ५ | ९८४७०६७९३७ |
| ३८ | सविना बस्याल | बगनासकाली ५ | ९८६९१४९३३४ |
| ३९ | प्रकाश न्यौपाने | बगनासकाली ५ | ९८४७११५१४० |
| ४० | ओम प्रकाश गैरे | बगनासकाली ५ | ९८५७०६५५२४ |
| ४१ | पेमीसरा आले | बगनासकाली ५ | ९८६६६७१९५१ |
| ४२ | मोहनलाल बस्याल | बगनासकाली ६ | ९८६७२६०३९६ |
| ४३ | गोमता वस्याल | बगनासकाली ६ | ९८४७४५६२८२ |
| ४४ | टंकनाथ न्यौपाने | बगनासकाली ६ | ९८४७०६९२३६क |
| ४५ | जानका पोखरेल | बगनासकाली ६ | ९८४७१३०८५० |
| ४६ | कमला पराजुली | बगनासकाली ६ | ९८४७२३०४६७ |
| ४७ | रूपा गैह्रे भट्टराई | बगनासकाली ६ | ९८४६९३७७८४ |
| ४८ | इश्वरी प्रसाद बस्याल | बगनासकाली ६ | |
| ४९ | रेनुका वि.क. | बगनासकाली ६ | |
| ५० | प्रेम प्रसाद उपाध्याय | बगनासकाली ७ | ९८४७४१०२३८ |
| ५१ | धन वहादुर गैरे क्षेत्री | बगनासकाली ७ | ९८१७५२४६४१ |
| ५२ | गंगा नेपाल | बगनासकाली ७ | ९८४७१४०८२३ |
| ५३ | अम्बिका बस्याल | बगनासकाली ७ | ९८४७३०५८८० |
| ५४ | पुष्पा खाम्चा | बगनासकाली ७ | ९८६६६२९७३० |
| ५५ | तुल्सा कनौजे | बगनासकाली ७ | ९८७०७९२५८८ |
| ५६ | यमकला राना | बगनासकाली ७ | ९८७०८९१४७३ |
| ५७ | चन्द्रकला भट्टराई | बगनासकाली ७ | ९८७०२१०२७० |
| ५८ | धन कुमारी पाठक | बगनासकाली ७ | ९८४७१६८१५६ |
| ५९ | विष्णु देवी बस्याल | बगनासकाली ७ | ९८४७५६९३७० |
| ६० | वुद्धि प्रसाद वस्याल | बगनासकाली ८ | ९८४७५६७९९२ |
| ६१ | तारा प्रसाद घिमिरे | बगनासकाली ८ | ९८४७०२९९९२ |
| ६२ | रूपा बस्याल | बगनासकाली ८ | |
| ६३ | सजना बस्याल | बगनासकाली ८ | |
| ६४ | तुल्सी गैरे घिमिरे | बगनासकाली ८ | ९८४७११४२३३ |
| ६५ | राम प्रसाद बस्याल | बगनासकाली ८ | ९८६९४५६८१२ |
| ६६ | लक्ष्मण घिमिरे | बगनासकाली ८ | ९८४७३९७६३४ |
| ६७ | तारा प्रसाद बस्याल | बगनासकाली ८ | ९८४७०६९९५८ |
| ६८ | एकदेव बस्याल | बगनासकाली ८ | ९८४९६२८४२१ |
| ६९ | भोजराज तिमिल्सिना | बगनासकाली ९ | ९८४७०९८८५१ |
| ७० | हरिकला घिमिरे | बगनासकाली ९ | ९८४७४९७७७५ |
| ७१ | जित वहादुर गाहा | बगनासकाली ९ | ९८४१७५७५३८ |
| ७२ | विशाल सिंजाली मगर | बगनासकाली ९ | ९८६५०९६०७८ |
| ७३ | गिर बहादुर थापा | बगनासकाली ९ | ९८४३४९३९५६ |
| ७४ | चेत बहादुर राना | बगनासकाली ९ | ९८४७०६७३६५ |

## बगनासकाली गाउँपालिकाको सार्वजनिक सुनुवाइ सम्पन्न



मुख्य समाचार

ानीय तहले खानीले पुऱ्याएको असरबारे अध्ययन् गर्न सकेनन् ! || पाल्पामा सिजि कम्पनीको २३ रोपनी जग्गा विप्लव नेकपा

रानीमहल संवाददाता || २१ पुष २०७८,बुधबार १२:५२

**पाल्पा** – पाल्पा जिल्लाको बगनासकाली गाउँपालिकाले आर्थिक वर्ष २०७८।७९ को कार्यक्रम तथा योजनाको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ ।सार्वजनिक सुनुवाई कार्यक्रममा सेवाग्राहीले कृषि कार्यक्रम प्रभावकारी संचालन हुनुपर्ने, योजना निर्माणमा ढिलो सुस्ति

Wed. Feb 2nd, 2022 12:01:14 PM

ताजा समाचार र विश्लेषणको साथी **पाल्पापाटी**

मास्कको अनिवार्य प्रयोग गरौं। साबुनपानी अथवा सेनिटाइजरले हात सफा गरौं ॥ दुरी कायम गरौं ॥। नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड अपनाऔं। कोरोनाबाट बचौं र बचाऔं ॥ तिनाउ गाउँकार्यपालिका तिनाउ गाउ पाल्पा

तानसेन | रिब्दीकोट | रैनादेवी | तिनाउ | बगनासकाली | माथागढी | रम्भा | पूर्वखोला | निस्दी | रामपुर | लेख/अन्तर्वार्ता

## बगनासकालीको वार्षिक समिक्षा वित्तिय प्रगती ८२ दशमलव २० प्रतिशत

SEP 18, 2021




SeroferoNews

२० माघ २०७८, बिहिवार

मास्क लगाउनुहोस

गृहपृष्ठ | मुख्य समाचार | राजनीति | आर्थिक | अन्तर्वार्ता | कृषि | मनोरञ्जन | अन्तर्राष्ट्रिय | खेल | प्रदेश | सम्पा

होमपेज / पाल्पा सेरोफेरो / बगनासकाली गाउपालिका / स्वास्थ्यकर्मीको लागि क्षमता विकास तालिम

## स्वास्थ्यकर्मीको लागि क्षमता विकास तालि

सेरोफेरोन्यूज | 3 SHARES




पाल्पा, असोज १४

पाल्पाको बगनासकाली गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्यकर्मीहरुको क्षमता विकासका लागि सात दिने तालिम आजदेखि शुरु भएको छ । पोषण सम्बन्धी ज्ञान, सीप अभिवृद्धिसँगै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा सहज होस् भन्ने उद्देश्यले शुरु गरिएको बताइएको छ ।

तालिम शुभारम्भको अवसरमा गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले समुदायस्तरमा उपलब्ध अर्गानिक पोषणसामग्री प्रयोग गराउँदै गाउँपालिकाका नागरिकमा सहज स्वास्थ्य सेवा प्रवाहका लागि तालिमले भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो । उहाँले बजेट सक्नेगरी कार्यक्रम गर्नुभन्दा पनि कार्यान्वयन पक्षलाई फलदायी बनाउन सकिएमा तालिमको औचित्य रहने धारणा राख्नुभयो । अध्यक्ष बस्यालले गाउँपालिकामा सहज स्वास्थ्य सेवामा स्वास्थ्यकर्मीको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो । स्वास्थ्य सेवाको अभावमा गाउँपालिका भित्रका कोही पनि नागरिक ग्रस्त हुनु पर्दैन भन्ने सन्देश प्रवाह गर्नेगरी स्वास्थ्यकर्मी लाग्नुपर्ने बस्यालको भनाई थियो ।

Palpasamachar.com

सामाजिक रुपान्तरणको संबाह **पाल्पा स** Palpa Sa

HOME | शीर्ष समाचार | अर्थतन्त्र | कला संस्कृति/साहित्य /सृजना | कृषि/पर्यटन | खेलकुद | प्रवासी | प्रविधि | बिचा

Home › शिक्षा-स्वास्थ्य › बगनासकालीका जनप्रतिनिधिलाई कोभिडबारे सचेतना र जोखिम न्यूनीकरण तालिम



शिक्षा-स्वास्थ्य | शीर्ष समाचार

## बगनासकालीका जनप्रतिनिधिलाई कोभिडबारे सचेतना र जोखिम न्यूनीकरण तालिम

SeroferoNews

२० माघ २०७८, बिहिवार

मास्क लगाउनुहोस

गृहपृष्ठ | मुख्य समाचार | राजनीति | आर्थिक | अन्तर्वार्ता | कृषि | मनोरञ्जन | अन्तर्राष्ट्रिय | खेल | प्रदेश | सम्पाद

होमपेज / uncategorized / समाजसेबी बस्यालद्धारा बिद्यार्थीलाई न्यानो कपडा बितरण

## समाजसेबी बस्यालद्धारा बिद्यार्थीलाई न्यानो बितरण

सेरोफेरो संवाददाता | 4 SHARES



किशोर भट्टराई

पाल्पा,पस २२




BHAIRABKHABAR.COM

## बगनासकाली गाउँपालिकाको ११ औं गाउँसभा सम्पन्न

जनजनचेतना दैनिक वर्ष २७ अंक १९१

# बगनासकाली सरकारको आफ्नै लोगो

**पाल्पा,** माघ १८/जिल्लाको बगनासकाली गाउँ सरकारले आफ्नै लोगो बनाएको छ । उसले लोगो बनाएर अहिले प्रयोगमा ल्याएको छ ।

दैनिक कार्यसम्पादनमा लोगो प्रयोगमा ल्याएसँगै बगनसकाली जिल्लामै लोगो प्रयोगमा ल्याउने पहिलो पालिका बनेको छ । स्थानीय सरकारले आफ्नो पहिचान झल्किने गरी प्रतीक चिन्ह लोगो बनाउन पाउने व्यवस्था अनुसार गाउँपालिकाले आफ्नो पहिचान झल्किने खालको लोगो तयार पारी प्रयोगमा ल्याएको प्रमुख प्रशासकीय अधिकृत विष्णु घर्तीले बताए । गाउँपालिकाको १०९ औं बैठकको निर्णय अनुसार खुला प्रतिस्पर्धाबाट निर्माण गरिएको लोगोमा राष्ट्रिय झण्डा राष्ट्रको शान तथा राष्ट्रिय एकताको प्रतीक समावेश गरिएको छ । क्षितिजको भाग बगनास क्षेत्रबाट देखिने मनोरम तथा कन्चन आकाश, हरियो पहाडी क्षेत्र गाउँपालिका नामाकरणको मुख्य स्थान बगनास डाडाँ, बगनासथोक, बन जंगल, जडिबुटी, बन्यजन्तु पाइने क्षेत्र तथा पहाडी क्षेत्रको प्रतीक लोगोमा समेटिएको प्रमुख प्रशासकीय अधिकृत घर्तीले बताए । यस्तै बगनासको कला, सांस्कृतिक, धार्मिक स्थल, धर्म, संस्कार, संस्कृतिको महत्व रहेका स्थानहरू, मठमन्दिर, धार्मिक, सांस्कृतिक महत्वको दर्लम महाकालीलगायत सम्पूर्ण गुम्बा, शान्तिमय धार्मिक महत्व रहेको बौद्ध धर्मको प्रतिक आस्थाको धरोहर तथा स्थानीय लोककलाको झलक लोगोमा संलग्न गरिएको छ । त्यस्तैगरी कृषि उत्पादन, भाषा, कला, पुस्तक र दीयो सचेतना, भरोसा, प्रगति, शान्ति र समृद्धिको प्रतीक, ढाका र करुवा पाल्पा जिल्लाको मुख्य पहिचानको प्रतीक, रहेको लोगो बनाएर लागु गरिएको घर्तीले बताए ।

# स्वास्थ्य स्वयंसेविकालाई गाउँका डाक्टरका रुपमा हेरिनुपर्ने

**हाम्रा संवाददाता**

**पाल्पा,** २० मंसिर/ग्रामीण भेगमा रहेर स्वास्थ्य क्षेत्रमा उल्लेखनीय काम गर्दै आएका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई गाउँका डाक्टरका रुपमा हेरिनुपर्ने आवाज उठेको छ । सरकारी स्वास्थ्य क्षेत्रमा सेवाप्रवाह प्रभावकारी हुन नसकेको आरोप लागि रहेका बेला पाल्पा बगनासकाली गाउँपालिकाका स्थानीयहरुले भने ग्रामीण क्षेत्रमा स्वास्थ्य स्वयंसेवीहरुको योगदान महत्वपूर्ण रहेको भन्दै उनीहरुलाई डाक्टरको रुपमा हेरिनुपर्ने बताएका छन् ।

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको अवसरमा बगनासकाली गाउँपालिका १ चिर्तुङ्धारा स्वास्थ्य संस्थामा भएको कार्यक्रममा बोल्ने अधिकांश वक्तहरुले महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई गाउँका डाक्टरका रुपमा हेरिनुपर्ने आवाज उठाएका हुन् । कार्यक्रमका सहभागीले आधारभूत प्राथमिक स्वास्थ्य सेवाभित्र पर्ने सुरक्षित मातृत्व, परिवार नियोजन, बालस्वास्थ्य तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमको प्रवर्द्धन गर्ने शिलशिलामा वडाभित्रका नागरिकलाई स्वास्थ्य सन्देश फैलाउने काममा स्वास्थ्य स्वयंसेविकाले प्रभावकारी भूमिका खेलेकाले उनीहरुलाई गाउँका डाक्टरको रूपमा हेरिनुपर्नेमा जोड दिए । कार्यक्रममा गाउँपलिकाका न्यायिक समिति सदस्य कूलप्रसाद बुढ्ढानाले स्वास्थ्य क्षेत्रमा डाक्टरले सरह स्वास्थ्य स्वयंसेविकाले काम गर्दै आएको बताए । उनले स्वयंसेविकाको योगदान डाक्टरकै सरह भएपनि उनीहरुलाई अझै पनि भोलिन्टियरका रुपमा लिइनु गलत भएको धारणा व्यक्त गरे । सरकारी स्वास्थ्य सेवा राम्रोसँग प्रवाह हुन नसकेको भनेर आरोप लगाउनेहरुलाई स्वयंसेविकाहरुले प्रकाबकारी काम गरेर उदाहरण प्रस्तुत गरेको उल्लेख गर्दै उनले उर्जा जगाएर सामाजिक सेवामा स्वयंसेविहरुलाई थप सक्रिय बनाउन प्रोत्साहन गर्नुपर्नेमा जोड दिए । १ का वडा अध्यक्ष सोमबहादुर झैंडी, वडा सदस्य मानबहादुर राना, स्वास्थ्य शाखा प्रमुख मणिराम अधिकारी, स्वास्थ्य चौकीका कर्मचारी चम्पा बुढ्ढाना, एमआईएस अपरेटर भोजराज भट्टराई लगायतले महिला स्वयंसेविकाहरूले बाल तथा मातृसेवामा उल्लेखनीय योगदान पुऱ्याएको उल्लेख गरे । कार्यक्रममा स्वयंसेविकाहरू मथुरा ढकाल, दुर्गा राना, पेमा चिदीले कोभिड नियन्त्रण, बाल तथा मातृ मृत्युदर घटाउन समुदायमा स्वयंसेविकाको उल्लेख्य भूमिका हुने भन्दै स्थानीय तहले आवश्यक सहजीकरण गर्दै उत्प्रेरणा जगाउने कार्यक्रम बनाउनुपर्नेमा जोड दिए । सोही अवसरमा महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मान समेत गरिएको छ ।

सन् १९९० तिर सफा-स्वच्छ खानेपानी बारे चेतना फैलाउने उद्देश्यले बडास्तरमा छनोट थालिएपछि नेपालमा भिटामिन 'ए' र पोलियो विरुद्धको काममा सफलता मिलेको थियो । स्वास्थ्य स्वयंसेविकाहरुको पहलमा अहिले गाँउभरीका गर्भवती महिला पत्ता लगाएर तिनीहरुलाई स्वास्थ्य केन्द्रसम्म पुऱ्याउने अभियाननै चलाइएको छ । गाँउघरमा स्वास्थ्य सेवाका मेरुदण्ड बनेका उनीहरूले खासै सहयोग भने राज्यबाट पाउन नसकेको गुनासो गरेका छन् । स्वास्थ्य स्वयंसेविकाहरुको पहलमा मातृ तथा शिशु मृत्युदर कम गराउन निकै सहयोगी भएपनि राज्यको तवरबाट उचित सेवा सुविधा नभएको स्वयंसेविहरु बताउँछन् । ***-पत्रकार भोजराज भट्टराईको सहयोगमा***



सम्मानित भएपछि सामूहिक तस्वीर खिचाउँदै महिला स्वास्थ्य स्वयंसेविका ।

३ मूख्य उपायहरु एस.एम.एस. (SMS)

# बगनासकालीमा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता

पाल्पा, मंसिर १६/जिल्लाको बगनासकाली गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिएको छ । विगतका वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत सयौंलाई रोजगार प्रदान गरिसकेको गाउँपालिकाले यस वर्ष पनि उक्त कार्यक्रमलाई निरन्तरता दिएको हो ।

गाउँपालिकाले यस चालु आर्थिक वर्षको यो कार्यक्रमको शुभारम्भ वडा १ बाट गरेको छ । कार्यक्रमको गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्याल र प्रमुख प्रशासकिय अधिकृत विष्णु घर्तीले संयुक्त रुपमा बाटो खनेर शुभारम्भ गरेका हन् । 'कर्मशील जनशक्ति बगनासकालीको सम्पत्ति' भन्ने नाराका साथ गाउँपालिकाले उक्त कार्यक्रमलाई निरन्तरता दिएको हो । कार्यक्रमको शुभारम्भ गर्दै गाउँपालिका अध्यक्ष बस्यालले छनोटमा परेका रोजगारमा संलग्न व्यक्तिहरूलाई बधाई तथा शुभकामना दिँदै कामलाई प्रभावकारी बनाउन आग्रह गरे । उनले गाउँपालिकाको विकासका लागि उर्जाशील श्रमिकको सदुपयोग महत्वपूर्ण हुने भन्दै पालिकाले विगतदेखि नै श्रमप्रतिको उच्च सम्मान गर्दै आएको धारणा व्यक्त गरे । अध्यक्ष बस्यालले स्थानीयस्तरमै कम्तीमा पनि सय दिनको रोजगारी दिने गरी गाउँपालिकाले काम गरेको बताए । १ का वडा अध्यक्ष सोमबहादुर झेंडीले गुनासो नआउने गरी कामलाई व्यवस्थित गर्न सुझाव दिएका छन् । उनले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना अन्तर्गत वडा १ मा २ वटा योजना रहेको बताए । वडा १ मा ११ जनाले उक्त कार्यक्रममार्फत तत्काल रोजगारी पाएको रोजगार संयोजक सरिता पाण्डेले बताइन् । रोजगार शाखाका प्रविधिक पुरुषोत्तम न्यौपानले वडा १ पहिलो चरणमा ४१ दिनको नाली निर्माणको काम सकिएपछि ५९ दिनको अर्को योजनाको काम थालिने बताए । उक्त कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष सरस्वती चिदी, प्रमुख प्रशासकीय अधिकृत विष्ण घर्ती, गाउँपालिकाका विभिन्न शाखाका कर्मचारी रोजगारमा संलग्न व्यक्तिहरूको सहभागिता रहेको थियो । यहाँ गाउँपालिका १ को गावटुङ्गदेखि नायरसम्म जाने मोटरबाटोको नाली निर्माण योजनाको थालनीसँगै रोजगार कार्यक्रमको शुभारम्भ गरिएको हो । संघ, प्रदेश र स्थानीय तहको समन्वयमा स्थानीयस्तरमै रोजगार सिर्जना गर्ने गरी २०७५ मा नेपाल सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम ल्याएको थियो । बेरोजगारी र गरिबीको समस्या सम्बोधन गर्न सरकारले यो कार्यक्रम ल्याएको हो ।

सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्न प्रत्येक स्थानीय तहमा रोजगार संयोजक तोकेको छ । प्रत्येक स्थानीय तहमा अहिले रोजगार संयोजक मार्फत कार्यक्रम सञ्चालन भइरहेका छन् । सरकारले न्यूनतम एक सय दिनका लागि रोजगारी ग्यारेन्टी गर्नेगरी प्रधानमन्त्री रोजगार कार्यक्रम ल्याएको हो । जिल्लाका अन्य स्थानीय सरकारहरुले पनि श्रमप्रति सम्मान गर्दै कम्तीमा न्यूनतम रोजगारको ग्यारेन्टी गर्ने गरी प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरिरहेका छन् ।



बाटो खनेर प्रधानमन्त्री रोजगार कार्यक्रमको शुभारम्भ गर्दै गाउँपालिका अध्यक्ष कृष्ण बस्याल र प्रमुख प्रशासकीय अधिकृत विष्णु घर्ती ।

# बगनासकालीलाई स्वास्थ्य सामाग्री



पाल्पा (करुवा)। नेपाली कांग्रेस तानसेन नगर समितिले बगनासकाली गाउँपालिका लाई स्वास्थ्य सामाग्री प्रदान गरेको छ । तानसेन नगर कमिटीले कोरोना परिक्षण गर्ने कीट, मास्क, सेनिटाइजर, जुत्ता लगायतका सामाग्री गाउँपालिका लाई हस्तान्तरण गरेको नगर उपसभापति सागरमान महर्जनले बताए ।

महर्जनले विश्वमा महामारीको रूपमा फैलिरहेको कोरोना भाइरस कोभिड १९ को जोखिम यथावत रहेकाले गाउँपालिका लाई स्वास्थ्य सामाग्री हस्तान्तरण गरेको बताए । गाउँपालिका अध्यक्ष कृष्ण प्रसाद बस्यालले कोभिडको विषम परिस्थितिका बेला स्वास्थ्य सामाग्री प्रदान गरेकोमा धन्यवाद दिए । स्वास्थ्य सामाग्रीको पूर्ण रूपमा सदुपयोग गर्ने अध्यक्ष बस्यालले बताए ।

नगर कमिटि सचिव लक्ष्मण खड्का, सहसचिव अर्जुन कार्की, कोषाध्यक्ष अमन श्रेष्ठ, सदस्य पुर्ण राज शाक्य, नेपाल तरूण दल उपाध्यक्ष सुनिल बस्याल, समीर मान सिंह, बाबु रत्न शाक्य लगायतले प्रदान गरिएका सामाग्रीको सही सदुपयोग हुनुपर्ने बताए । नेपाली कांग्रेस तानसेन नगर कार्य समितिले बगनासकाली गाउँपालिका स्थित वृद्ध शान्ति सामुदायिक विद्या मन्दिरका विद्यार्थीहरूलाई स्वास्थ्य सामाग्री हस्तान्तरण गरेको छ । नगर कार्य समितिले कोभिड माहामारीको विषम परिस्थितिबाट विद्यार्थीहरूको शैक्षिक गतिविधि सहज होस् भनी फैससिल, सेनिटाइजर, मास्क वितरण गरेको हो ।

तानसेन नगर कमिटीका उपसभापति महर्जनले जोखिम कायमै रहेकाले नगर कमिटीले विद्यार्थीहरूको स्वास्थ्य मध्ये नजर गरि स्वास्थ्य सामाग्री वितरण गरेको जानकारी गराए । चाडपर्व नजिकिँदै गर्दा कोभिडको महामारी फैलिने सम्भावना भएकोले सबैले सुरक्षाका विधि अपनाउन आग्रह गरे । कार्यक्रम विद्यालय प्रधानाध्यापक ढोल राज रेश्मीले विषम परिस्थितिमा विद्यालयलाई स्वास्थ्य सामाग्री दिएकामा धन्यवाद दिए । विद्यालयको नयाँ भवन निर्माण कार्य भइरहेको उनले बताए । कार्यक्रम सहसचिव अर्जुन कार्कीको संचालनमा सम्पन्न भएको हो ।

परेवा वर्ष ७ अंक १२ पूर्णाङ्क १४५

स्वास्थ्य

# कोरोना जोखिमबाट जोगाउन बगनासकालीमा सचेतना अभियान

**पाल्पा,परेवा**/बगनासकाली गाउँपालिकाभित्र कोरोना संक्रमणको उच्च जोखिमबाट समुदायलाई सुरक्षित राख्ने उद्देश्यले सचेतना अभियान चलाइएको छ । बगनासकाली बहुउद्देश्यीय सहकारी संस्थाले पालिकाभित्रका जनप्रतिनिधि, शिक्षक, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका तथा सहकारीका पदाधिकारीलाई कोरोनाबाट सुरक्षित राख्न सचेतना अभियान सञ्चालन गरेको जानकारी दिएको छ ।

कोरोना भाइरसका नयां भेरियण्ट देखिएको बेला सहकारीले सहकारीले साताव्यापी अभियान गरी नागरिकलाई कोरोना जोखिमबाट जोगाउन अभियान सञ्चालन गरेको हो । सहकारीका अध्यक्ष कृष्ण भुसालले कोरोनाको पहिलो र दोस्रो लहरमा बगनासकाली गाउँपालिकामा उच्च जोखिम रही धेरैले ज्यान गुमाउनु परेको भन्दै संक्रमणबाट समुदायलाई जोगाउन जोखिम न्यूनीकरण सम्बन्धी अभियान सञ्चालन गरिएको बताउनुभयो ।

सोही अवसरमा स्वास्थ्य कार्यालय पाल्पाका निमित्त प्रमुख विश्वमणि न्यौपानेले कोभिड १९ को नयाँ स्वरुप, कोरोना भाइरस सर्ने तरिका सचेतना गरिएको सञ्चारकर्मीलाई बताउनुभयो । बगनासकाली बहुउद्देश्यीय सहकारीले गाउँपालिका भित्रका स्वास्थ्य संस्थालाई कोरोना परीक्षणलाई प्रभावकारी बनाउन स्वास्थ्य सामग्री वितरण गरेको थियो । अभियानका क्रममा कोरोना संक्रमणको उच्च जोखिमबाट जोगिन स्वास्थ्य सामग्री तथा अक्सिजन लगायतका सामग्री वितरण गरिएको थियो । सचेतना अभियानमा खोप लगाए पनि मास्क, सेनिटाइजर तथा साबुनपानीले हात सफा गर्ने, सामाजिक दूरी पालना गर्नलाई अनिवार्य गर्दा संक्रमण कम हुने भन्दै स्वास्थ्य सुरक्षा मापदण्डलाई पालना गर्न सहभागीलाई सुझाव दिइएको आयोजकले जनाएको छ ।

करुवा २०७८ भदौ ३१ गते बिहिबार

# बगनासकालीमा वक्तृत्वकला प्रतियोगिता



पाल्पा (करुवा)। बगनासकाली गाउँपालिकामा वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ। ५७ औं राष्ट्रिय बाल दिवसको अवसरमा प्रतियोगिता आयोजना गरेको हो। 'बालमैत्री गाउँपालिकाको दीगोपनाको लागि सरोकारवालाहरूको भूमिका' विषयमा गाउँपालिकास्तरीय वक्तृत्वकला प्रतियोगिता राखेको हो।

बगनासकाली गाउँपालिका र शिक्षाको लागि राष्ट्रिय अभियान जिल्ला समन्वय समिति पाल्पाको सहकार्यमा आयोजित प्रतियोगितामा ६ वडाबाट सहभागिता रहेको थियो।

वक्तृत्वकला प्रतियोगितामा दर्लमडाँडा माविकी प्रतिक्षा गैरे प्रथम, वेदमावि बराङ्दीकी सुप्रिया बस्याल द्वितीय र सिद्धि मावि आर्यभन्ज्याङ नायरनमतलेसका दिपेश सारु तृतीय भएका थिए। वक्तृत्वकता प्रतियोगितामा ६ वडाका बालसमन्वय समितिबाट प्रतिनिधित्व रहेको शिक्षा शाखा

अभियान पाल्पाका सदस्य सचिव माधव अर्याल र गाउँपालिकाका एमआइएस भोजराज भट्टराईले मूल्याङ्कन गरेका थिए।

कार्यक्रममा पुरस्कार वितरण गर्दै प्रमुख अतिथि बगनासकाली गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले बालमैत्री दिगोपना सुनिश्चितताको लागि गाउँपालिका

को क्षमता, अभिवृद्धि र सशक्तिकरणको लागि सचेतनाका कार्यक्रमलाई नियमितता दिइने बताइन्। कार्यक्रममा वडा अध्यक्षहरु सोमबहादुर दर्लामी, टिकाबहादुर थापा, न्यायिक समिति सदस्य कुलप्रसाद ढुंगाना, रुम टु रिड बेस नेपालका भुपाल आले लगायतले सञ्जालमा आवद्ध

गत चैत्र १४ गते लुम्बिनी प्रदेशकै पहिलो बालमैत्री गाउँपालिका घोषणा गरिएको थियो। यसैबीच, राष्ट्रिय बालदिवसको अवसरमा माथागढी गाउँपालिकाले चित्रकला तथा निबन्ध लेखन प्रतियोगिता आयोजना गरेको छ।

अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराई नव प्रतिभाहरुको खोजी

# बगनासकालीमा पोषण तालिम

पाल्पा (करुवा)। बगनासकाली गाउँपालिकामा पोषण तालिम संचालन गरिएको छ। गाउँपालिका सबै स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि तालिम सञ्चालन भएको हो।

स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धिका लागि एक हप्ते तालिम सञ्चालन गरिएको स्वास्थ्य शाखा प्रमुख मणीराम अधिकारीले बताए। तालिममा पोषण सम्बन्धी ज्ञान, सीप अभिवृद्धिसँगै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा सहजताका लागि तालिम चलाइएको हो।



तालिमको गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले शुभारम्भ गरे। अध्यक्ष बस्यालले समुदायस्तरमा उपलब्ध अर्गानिक पोषण सामग्री प्रयोग गराउँदै गाउँपालिकाका नागरिकमा सहज स्वास्थ्य सेवा प्रवाहका लागि तालिमले भूमिका खेल्नुपर्ने बताए। उनले बजेट सक्ने गरी कार्यक्रम गर्नुभन्दा पनि कार्यान्वयन पक्षलाई फलदायी बनाउन सकिएमा तालिमको औचित्य रहने धारणा व्यक्त गरे। अध्यक्ष बस्यालले गाउँपालिकामा सहज स्वास्थ्य सेवामा स्वास्थ्यकर्मीको भूमिका महत्वपूर्ण रहेको बताए। स्वास्थ्य सेवाको अभावमा गाउँपालिका भित्रका कोही पनि नागरिक ग्रस्त हुनु पर्दैन भन्ने सन्देश प्रवाह गर्नेगरी स्वास्थ्यकर्मी लाग्नुपर्ने बस्यालको भनाई थियो।

शुभारम्भ कार्यक्रममा स्वास्थ्य कार्यालय पाल्पाका प्रतिनिधि प्रभास पन्थी, प्रमुख प्रशासकीय अधिकृत विष्णु घर्ती, शिक्षा शाखा प्रमुख गुनाराम खनाल, स्वास्थ्य शाखा प्रमुख मणिराम अधिकारीले बच्चाको पोषण अवस्था सुधार गर्दै कुपोषण कम गर्न तालिमले महत्वपूर्ण टेवा पुग्नेमा विश्वास व्यक्त गरे। तालिममा सिकेका कुराहरुलाई व्यवहारमा लागु गर्न समेत उनीहरुले स्वास्थ्यकर्मीलाई सुझाव दिए। सुआहाराको सहयोग, स्वास्थ्य कार्यालयको समन्वय र बगनासकाली गाउँपालिकाको आयोजनामा भएको बृहत पोषण विशेष कार्यक्रम सम्बन्धी स्वास्थ्यकर्मीहरूको क्षमता विकास तालिम सात दिनसम्म चल्ने छ। तालिममा गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थामा कार्यरत २५ जना स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको स्वास्थ्य शाखा प्रमुख मणिराम अधिकारीले जानकारी दिए।

# बगनासकालीमा बजार अनुगमन



पाल्पा (करुवा)। पछिल्लो समयमा बजार अनुगमनको चटारो सुरु भएको छ। हरेक वर्ष दशैं तिहारका बेला बजार अनुगमन हुन्छ। तानसेन नगरपालिकाले बजार अनुगमन गरेको केही दिनमा बगनासकाली गाउँपालिकाले गरेको छ। बगनासकाली भित्रका बजार क्षेत्रमा अनुगमन गरिएको गाउँपालिकाले जनाएको छ।

चाडपर्व नजिकिएसँगै बजारमा लेबल नभएका र म्याद नाघेका म्याद नाघेका सामग्री बिक्री गरेको भेटिएको छ। मूल्यसूची नराखेका पसलमा अविलम्ब उपभोक्तालाई देखिने गरी मूल्यसूची राख्न, होर्डिङ बोर्ड नराखेका पसलहरुमा तत्काल राख्न अनुगमन समितिले आग्रह गरेको छ। अर्कोपटक अनुगमन गर्दा यस्तो नगरेको पाइएमा थप कडा कारवाही गरिनेछ। व्यापारीलाई म्याद गुज्रेका सामग्री बिक्री नगर्न र उपभोक्तालाई

अधिकृत बिष्णु घर्तीले बताए। अनुगमनका क्रममा ७ हजार ८ सय ६० बराबरको लेबल नभएका र म्याद नाघेका सामान समेत बरामद गरी नष्ट गरिएको अनुगमन कार्यक्रमका फोकल पर्सन तथा गाउँपालिकाका शाखा अधिकृत भरत घिमिरेले बताए। उनका अनुसार विभिन्न किराना, तरकारी, मदिरा पसल तथा होटेलमा गरिएको अनुगमनमा लेबल नभएका र म्याद नाघेका

# सीपलाई सदुपयोग गर्न आग्रह

**पाल्पा,परेवा**/सीकेका सीपलाई सदुपयोग गरेर उद्यमी बन्न एक कार्यक्रममा वक्ताहरूले जोड दिनुभयो। सीप आर्जनले स्वरोजगारको अवसर प्रदान गर्नमा सहयोग पुग्ने भन्दै कार्यक्रमका वक्ताले बेरोजगार र न्यून आय भएका युवाहरूलाई सीपको माध्यमबाट आर्थिक उपार्जनमा लाग्न आग्रह गर्नुभयो।

असार ३१ गते बगनासकाली गाउँपालिका सभाहलमा भएको प्रविधि हस्तान्तरण कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले मेहनतका साथ सिकेका कुरालाई निरन्तरता दिन सकेमा सीप विकास क्षमता बढेर आत्मनिर्भर र उद्यमशिलता बढ्नेमा जोड दिनुभयो।

गरीवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा)ले सीपविकास तालिम पूरा गरेका ३५ युवालाई उपयुक्त प्रविधि हस्तान्तरण गरेको थियो। मेडपामार्फत पालिकाको वडा न. ३,४,५र६ का युवाहरूले सिलाइ कटाइ, मोटरसाइकलमर्मत, व्यूटीपार्लर, गुडिया बनाउने र मोवाइल रिपेरियङ तालिम लिएका थिए। मेडपाका कार्यक्रमका फोकल पर्सन यादव न्यौपानेले ४ वडाका ८० युवालाई तालिम प्रदान गर्ने लक्ष्य भएपनि कोभिड प्रभावका



सीपविकास तालिम पूरा गरेकी महिलालाई उपयुक्त प्रविधि हस्तान्तरण गर्दै अध्यक्ष उपाध्यक्ष लगायत।

कारण सवैलाई समावेश गर्न नसकेको बताउनुभयो।

सो कार्यक्रममा बोल्दै पालिका उपाध्यक्ष सरस्वती चिदीले सिकेका तालिमलाई थप प्रभावकारी बनाउँदै बेरोजगार युवालाई उद्यमी बनाउन पालिकाले सीप विकास तालिम पूरा गरेका युवालाई उपयुक्त प्रविधि हस्तान्तरण गरेको बताउनुभयो। उहाँले सीपलाई उद्यम व्यवसायमा लैजान प्रविधिले सहयोग गर्ने धारणा राख्नुभयो।

कार्यक्रममा प्रवक्ता लक्ष्मीप्रसाद अधिकारीले सिकेका सीपले जिविकोपार्जनमा सहयोग पुग्ने भन्दै स्वरोजगारको अवसर प्रदान गर्नमा प्रविधिले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। वडा नं. ५ का अध्यक्ष ईश्वरकुमार रानाले बेरोजगार र न्यून आय भएका युवाहरूलाई सीपको माध्यमबाट आर्थिक उपार्जनका लागि सहयोग पुऱ्याउने धारणा राख्नुभयो।

तालिमका प्रशिक्षक ज्ञानेन्द्रकाजी श्रेष्ठले सिप सिकेका युवालाई प्रविधि हस्तान्तरणले युवाहरूमा उद्यमी बन्न सहयोग पुग्ने धारणा राख्नुभयो।

# चापपानीमा वडाबाटै योजना सम्झौता

पाल्पा (करुवा)। बगनासकाली गाउँपालिकाले वडाबाटै योजना सम्झौता र बैंक खाता खोल्न थालेको छ। गाउँमा परेका योजना वडाबाटै सम्झौता गर्न पाएका हुन्।

अव उपभोक्ता समिति खाता खोल्न, योजना सम्झौता गर्न गाउँपालिका पुग्नु नपर्ने भएको चापपानीका वडाध्यक्ष थानेश्वर तिमिल्सेनाले बताए। योजना सम्झौता र भुक्तानीका लागि बैंक खाता पनि वडाबाटै खोलिएको उनले बताए।



'अब गाउँपालिका केन्द्र धाइरहनु पर्दैन,' गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बस्यालले भने, 'काम सहज होस् भनेर वडामै सम्झौता गरिएको छ।' वडा तहबाटै योजना सम्झौता गर्ने जिल्लामै पहिलो वडा चापपानी भएको छ। अन्य स्थानीय तहहरुले उपभोक्ता समितिका पदाधिकारीहरुलाई तालिम तथा प्रशिक्षण दिँदै आएका छन्। प्रमुख प्रशासकिय अधिकृत विष्णु घर्तीले उपभोक्ता समितिका अध्यक्षहरुलाई योजनाको सम्झौता फाइल हस्तान्तरण गरेर काम सुरुवात गरे। पहिलो दिनमै १५ भन्दा बढी योजना सम्झौता भएको प्रमुख प्रशासकीय अधिकृत घर्तिले बताए। गाउँपालिकाको केन्द्रमा धाइरहन पर्ने, कागजात नपुग्ने, टाढा टाढाबाट आउँदा समय खर्च हुने समस्या हटाउन वडामै योजना सम्झौता गरिएको हो। उनका अनुसार अब सबै वडाबाट योजना सम्झौताका काम गरिनेछ।

नेपाल बैंक लिमिटेडले वडामै गएर उपभोक्ता समितिको खाता खोलेको छ। योजना सम्झौता गर्न जाँदा र बैंकमा खाता सञ्चालन गर्न जाँदा धेरै खर्चिलो हुन्छ।

परेवा वर्ष ७ अंक ७ पूर्णाङ्क १४०

समाचार

# वडाबाटै सेवा पाएपछि उपभोक्ता उत्साहित



**पाल्पा, परेवा/** यहाँको बगनासकाली गाउँपालिकाले वडामै पुगेर योजना सम्झौता गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छ। वडाबाटै सेवा पाउन थालेपछि उपभोक्ता उत्साहित छन्। पालिका स्रोतका अनुसार योजना सम्झौता गर्न जाँदा र बैंकमा खाता सञ्चालन गर्न जाँदा धेरै खर्चिलो हुने भएकाले वडाबाटै योजना सम्झौता गरेको हो ।

'उपभोक्ता समितिलाई सर्वसुलभ सेवा प्रदान गर्ने र समय तथा खर्च कम गर्ने उद्देश्यले वडास्तरमा योजना सम्झौताको अभियान चलाएका हौं' प्रमुख प्रशासकीय अधिकृत विष्णु घर्तीले परेवालाई बताउनुभयो। वडाबाट उपभोक्ताको गुनासो आएपछि कार्यपालिका बैठकले वडामै योजना सम्झौता गर्ने निर्णय गरे अनुसार वडाबाटै सेवा दिएको घर्तीको भनाई छ । वडामै योजना सम्झौता भएपछि उपभोक्तालाई छिटोछरितो र छोटो समयमै योजना सञ्चालन गर्न सहज हुनेमा उहाँले विश्वास व्यक्त गर्नुभयो । गाउँपालिकाले वडामै योजना सम्झौता गर्न शुरु गरेपछि उपभोक्ता समितिलाई सहज भएको छ । 'वडाबाटै योजना सम्झौता तथा बैंक खाता खोल्ने व्यवस्था गरिएपछि उपभोक्ता समितिलाई गाउँपालिका जाने समय र खर्च बचत भएको वडा नं. ६ का भोजराज तिमिल्सिनाले बताउनुभयो । वडाहरूमा योजना सम्झौता गर्न पालिकाले सवै वडाहरूमा प्राविधिकसहितको जनशक्ति परिचालन गरेको छ । वडाबाट सिफारिस, प्राविधिक स्टिमेट, बैंक खाता सवै एकैठाउँबाट शिविरको रूपमा सञ्चालन गरिएको थियो।

नेपाल बैंकले वडामै गएर उपभोक्ता समितिको बैंक खाता खोलेको छ। वडामा उपभोक्ता समितिमार्फत गरिने चालु आर्थिक वर्षका योजनाहरूको सम्झौता र वडाबाटै बैंक खाता सञ्चालन भएपछि वडातहमा उपभोक्ताहरू उत्साहित भएका छन् । वडामै सम्झौता भएपछि उपभोक्तालाई फाइल बोकेर पालिका केन्द्र जाने र कागज नमिल्दा बेहोर्नुपर्ने सास्ती कम भएको छ।

# बगनासमा कोभिड १९ को 'नागरिक सहायता कक्ष'




**पाल्पा,** असोज ६/जिल्लाको बगनासकाली गाउँपालिमा कोभिड-१९ प्रतिकार्यका लागि नागरिक सहायता कक्ष स्थापना गरिएको छ । स्थानीय तहमा सूचना सम्प्रेषण गर्ने उद्देश्यले गाउँपालिकाले नागरिक सहायताकक्ष शुरु गरेको हो । कक्षको बुधबार गाउँपालिका उपाध्यक्ष सरस्वती चिदीले एक औपचारिक कार्यक्रमका बीच शुभारम्भ गरेकी हुन् । उनले सेवाग्राहीलाई मास्क र स्यानिटाइजर वितरण गरी सहायता कक्षको शुभारम्भ गरेको गाउँपालिकाले जनाएको छ ।

बगनासकाली युवा संगम पाल्पाले स्वास्थ्य शाखासँग समन्वय गरी यो सेवा सुचारु गरेको हो । सो अवसरमा बोल्दै गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले नागरिकका सुझाव समेटेर सेवाप्रवाहमा जुट्न आग्रह गरेका छन् । कोभिड खोप सम्बन्धी स्वास्थ्य परामर्श, कोभिडको समयमा स्वास्थ्य सुरक्षा मापदण्डबारे नि:शुल्क टोलफ्री नम्बर सेवा लगायत अन्य नागरिकका नियमित सामान्य प्रशासनिक काममा समेत सहजीकरण गर्नेगरी नागरिक सहायता कक्ष (हेल्प डेस्क) सुचारु गरिएको बगनासकाली युवा संगमका अध्यक्ष मिनबहादुर रानाले बताए । उनले बुधबारदेखि सञ्चालन गरिएको हेल्प डेस्क हाल ३ महिनाको लागि सञ्चालन हुने र पछि आवश्यकता महशुस भएमा पालिकाको समन्वयमा थप गर्न सकिने जानकारी दिए ।

# बगनासकालीमा दैनिक घन्किन्छ राष्ट्रगान



**पाल्पा, परेवा/** ठिक दश बजे राष्ट्रिय गान गुञ्जिन्छ। कोही सभाहल, कोही कार्यकक्ष जो जहाँ हुन्छन् राष्ट्रगानको सम्मानमा सरिक हुन्छन् । जिल्लाको बगनासकाली गाउँपालिकाले दैनिक राष्ट्रिय गान गुञ्जाउँछ अनिमात्र कामको थालनी गर्दछ। 'हामी राष्ट्रसेवक कर्मचारी, राष्ट्रिय गानलाई सम्मान गर्नुपर्दछ भन्ने उद्देश्यले यसलाई संस्कारको रूपमा शुरु गर्न लागेका हौं ।' प्रमुख प्रशासकिय अधिकृत विष्णु घर्तीले बताउनुभयो ।

गाउँपालिकाको नियमित कर्मचारी बैठकमा राष्ट्रिय गानमा दैनिक सरिक भइ कार्यसम्पादन थाल्दा कामप्रतिको सकारात्मक उर्जा जाग्ने र राष्ट्रिय महिमाको महत्त्व झल्किने भन्दै राष्ट्रगानलाई नियमित संस्कार बनाउन निर्देशन दिएलगत्तै यो अभ्यास शुरुवात भएको हो ।

प्रशासकीय अधिकृतले राष्ट्रिय गान हाम्रो पहिचान पनि भएकोले यसलाई नियमित गर्नुपर्नेमा जोड दिनुभयो । राष्ट्रिय गानकै सन्दर्भमा नेपालको इतिहास हेर्नेहो भने रातन्त्र रहँदासम्म राजाको वर्णन र चिरायुको कामनास्वरुप राष्ट्रिय गान राखिएको थियो । राजतन्त्र समाप्तीपश्चात गणतन्त्रमा यहाँका जाति, धर्म, संस्कृति, प्रकृति र सार्वभौमसत्ताको महिमाको वर्णन गरिएको छ । धेरै व्यक्तिबाट प्रतिस्पर्धा गराई उत्कृष्ट राष्ट्रिय गानको रूपमा प्रदीपकुमार राई (व्याकुल माइला) को सिर्जनालाई सर्वोत्कृष्ट ठहर गरियो ।

राष्ट्रगानका सन्दर्भमा राजानन्द माण्डव्य लेख्नुहुन्छ, संसदबाट राष्ट्रिय गानसम्बन्धी आचारसंहिता तथा कार्यविधि २०६६ समेत तयार गरियो । जसमा स्पष्ट लेखिएको छ कि राष्ट्रिय गान गाउँदा छातीमा हात राखिनु र शिर झुकाउनु नेपालको राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी कार्यविधि २०६६ विरुद्धको ठाडो विरोध हो। राष्ट्रिय गानको प्रयोगको लागि यसको दफा १४ मा चारवटा उपदफा छन् । जसमा राष्ट्रिय गानको प्रयोग, समय र विधिबारे उल्लेख छ ।

परेवा वर्ष ७ अंक ५ पूर्णाङ्क १३८ परेवा पाक्षिक, २०७८ साल असोज १-१५ ६

विचार / विविध

# समृद्धिका सम्बाहक उपभोक्ता समिति

*खास विकास चाहिएको गाउँमा नै हो । गाउँमा विकास गर्ने अगुवा भनेकै उपभोग गर्नेवाला नै हुन् । उपभोग गर्नेहरूमध्येबाटै उपभोक्ता समिति बन्दछ । यिनीहरूले सबै प्रकारका विकासका काम गर्दछन् । यस्ता विकासको वृद्दि उपभोक्ता समितिबाटै हुने देखिन्छ । सबै उपभोक्ता समितिहरूबाट भए, गरेका सम्पूर्ण कामहरूको समष्टी नै समृद्दिको सूचक हो ।*



विष्णु घर्ती 'भनभनेली'

समृद्दि हामी सबैको शान हो। समृद्दिका खातिर सुन्दर योजनाहरू आएका छन्। समसामयिक र समावेशी कार्यक्रम पनि ल्याइएको छ । साविकको भन्दा सबै क्षेत्रमा सकारात्मक वृद्दि भएको अवस्थालाई समृद्दि भनिन्छ। आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, सांस्कृतिक लगायतका विषयहरूमा गुणात्मक परिवर्तन आउनु पनि समृद्दि हो । समृद्दि आफै हुँदैन । समृद्दि समान हिसावले सरल पनि हुनु पर्दछ। केवल नारामा सीमित रहनु हुँदैन।

समृद्दि सारा जनताले महसुस गर्ने खालको हुनु पर्दछ । यसका लागि जनताका स–साना समूहमा साना साना कामले नै खासमा समृद्दिको जग बलियो बन्दछ। त्यस्ता समूह भनेका उपभोक्ता समूह हुन्। अहिलेका साढे सात सय बढी स्थानीय तहका छ हजार सात सय बढी वडामा उपभोक्ता समितिहरू क्रियाशील रहेका छन् । एउटा वडामा हाराहारी तीसदेखि चालिस वटाको संख्यामा उपभोक्ता समिति गठन भएको पाइन्छन् । यिनीहरूले सबैजसो विकासका कामहरू गरेकै छन् । राम्रो तरिकाले सम्पन्न भएका योजनाले गाउँ–गाउँमा समृद्दिको खाका कोरेको देखिन्छ। यस अर्थमा उपभोक्तालाई समृद्दिका सम्वाहक मान्न सकिन्छ ।

जसले जुन कुरा प्रयोग गर्ने हो, उसैको मातहतमा रही निर्माण वा कार्यान्वयन गर्ने समूह नै उपभोक्ता समूह हो । यो पहिलो गणतान्त्रिक निर्वाचित जनप्रतिनिधिको कार्यकालमा समृद्दिको जग थाप्ने काम उपभोक्ता समितिहरूले गरेका छन्। उपभोक्ता समितिलाई थुप्रै खालका आरोप नलागेका पनि होइनन् । अनेक खालका विकल्पहरू भए तापनि यसको प्रयोगमा कुनै कमी आएको छैन । समान तरिकाले सबैतिर विकास गर्दै जानु आजको आवश्यकता देखिन्छ ।

उपभोक्ता समिति भनेको उल्लेख्य रूपमा काम गर्ने स्थानीय जागरुक समूह हो। यो पक्षपातरहित ढंगबाट सञ्चलित हुन्छ । आफ्नो कामलाई भोक तिर्खा नभनी कार्यसम्पादन गर्दछ। सबैसँग तारतम्य मिलाएर अगाडि बढ्दछ भने सरसल्लाह र समन्वयलाई आत्मसात गर्दछ । तोकिएको बजेटको सीमाभित्र रहेर मितव्ययी तरिकाले खर्च व्यवस्थापनमा लाग्दछ । कार्यादेश बमोजिम तीब्र गतिमा आफ्नो जिम्मेवारी पूरा गर्दछ ।

उपभोक्ता समितिका मूख्य काम, कर्तव्यहरूमा आयोजना सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने, उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,



कार्य शुरु गर्दा कार्यालयबाट निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र शुरु गर्ने हुन। त्यसैगरी आफ्नो कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरूको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने, आफ्ना सदस्यहरुको क्षमता विकास गर्ने, सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नुपर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने तथा आयोजनाको दिगो व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने रहेका छन् ।

यसै तवरले आफ्नो दायित्व भित्र रहेर पनि केही काम कारवाही गर्नु पर्ने हुन्छ । आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार गर्ने सम्बन्धी आवश्यक कार्य गर्ने, आयोजना कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय सन्तुलन कायम गर्ने सम्बन्धी कार्य गर्ने, अन्य आयोजनाहरुसँग अन्तर सम्बन्ध कायम गर्ने, असल नागरिकको आचरण पालना गर्नु पर्ने, आफ्नो आयोजनाको फरफारकको लागि कार्यालयमा कागजात पेश गर्ने एवम् तोकिए बमोजिमको ढाँचामा आयोजनाको भौतिक तथा वित्तिय प्रतिवेदन पेश गर्ने आदि पर्दछन्।

यति हुँदा हुँदै पनि उपभोक्ता समितिलाई आम रूपमा केही आरोपहरू लाग्ने गरेको सुनिन्छ । जस्तै: बिचौलियाको काम गर्छ । सधैं ऋण मात्र देखाउँछ । श्रमदान नाम मात्रको देखाउँछ । गुणस्तरीय काम गर्न सक्दैन । राजनैतिक भागवण्डामा रमाउँछ वा कतै एकलौटी पनि गर्दछ । स्थानीय सीपको प्रयोग हुदैन आदि । निर्वाचित जनप्रतिनिधिहरू, राजनैतिक दलका पदाधिकारीहरू, सरकारी कर्मचारीहरू तथा शिक्षण पेशाका कर्मचारी (शिक्षक)हरूलाई उपभोक्ता समितिमा राख्न नपाइने व्यवस्था विपरित पनि अप्रत्यक्ष रूपमा राखेर काम गरे, गराएको पनि पाइन्छ । आज यस्ता आरोपलाई आम उपभोक्ताहरूले न्यूनिकरण गर्नु जरुरी छ ।

खास विकास चाहिएको गाउँमा नै हो । गाउँमा विकास गर्ने अगुवा भनेकै उपभोग गर्नेवाला नै हुन् । उपभोग गर्नेहरूमध्येबाटै उपभोक्ता समिति बन्दछ । यिनीहरूले सबै प्रकारका विकासका काम गर्दछन् । यस्ता विकासको वृद्दि उपभोक्ता समितिबाटै हुने देखिन्छ । सबै उपभोक्ता समितिहरूबाट भए, गरेका सम्पूर्ण कामहरूको समष्टी नै समृद्दिको सूचक हो । यस्ता सूचकमा सहयोग गर्नका लागि गाउँ गाउँमा उपभोक्ता समितिहरू बाह्रै महिना क्रियाशील रहेको पाइन्छ । यसैले उपभोक्ता समितिलाई समृद्दिका सम्वाहक भन्न खोजिएको हो । *(लेखक बगनासकाली गाउँपालिका पाल्पाका प्रमुख प्रशासकीय अधिकृत हुनुहुन्छ ।)*

बगनासकाली गाउँपालिका, पाल्पाको

# निशाना छाप(प्रतीक चिन्ह/लोगो)मा समेटिएका विषयहरू:




| सि.नं. | चिन्ह / विषय | सन्दर्भ / अर्थ |
|---|---|---|
| १ | राष्ट्रिय झण्डा | राष्ट्रको शान तथा राष्ट्रिय एकताको प्रतीक। |
| २ | क्षितिजको भाग | बगनास क्षेत्रबाट देखिने मनोरम हिमदृश्य तथा कञ्चन आकाश। |
| ३ | हरियो पहाडी क्षेत्र | गाउँपालिका नामकरणको मूख्य स्थान बगनास पर्वत (डाँडा), बगनासथोक, बनजंगल, जडिबुटी, बन्यजन्तु पाइने क्षेत्र तथा पहाडी क्षेत्रको प्रतीक। |
| ४ | धार्मिक स्थानहरू | धर्म, संस्कार, कला, संस्कृतिको महत्व रहेका स्थानहरूको संयोजन। |
| | •मन्दिर | धार्मिक,सांस्कृतिक महत्वको दर्लम महाकालीलगायत सम्पूर्ण मन्दिरहरूको प्रतीक। |
| | • गुम्बा | शान्तिमय धार्मिक महत्व रहेको बौद्ध धर्मको प्रतीक। |
| | • देवी | ऐतिहासिक धार्मिक, सांस्कृतिक आस्थाको धरोहर तथा गाउँपालिका नामकरणको मूख्य स्थान बगनासदेवीको प्रतीक। |
| | • शिवजी | सांस्कृतिक, धार्मिक विश्वासको विशेषता रहेको मूख्य स्थान शिवासनको प्रतीक। |
| ५ | नदी | प्राचीन धार्मिक, सांस्कृतिक महत्व बोकेको प्रसिद्ध कालीगण्डकी नदी (यसकै तटमा अवस्थित गाउँपालिका नामकरणको आधार)को प्रतीक। |
| ६ | पुल | प्रख्यात राम्दी पुल तथा राम्दी धाम क्षेत्रको प्रतीक। |
| ७ | फाँट | गाउँपालिकाको बढी धान उत्पादन हुने क्षेत्र र जिल्लाकै नामुद माडी, मन्द्रान, दैलातुङ्ग टारी फाँटको प्रतीक। |
| ८ | बारी/पाटा | गाउँपालिकाको नगदे बाली तथा व्यबशायिक कृषि उत्पादन हुने क्षेत्रको प्रतीक। |
| ९ | नक्सा | गाउँपालिकाको सबै क्षेत्र समेटिएको वडागत मानचित्र। |
| १० | खुर्पेटो | गाउँपालिकाको बढी जनसंख्या रहेको मगर जनजातिको प्रतीक। |
| ११ | मौरी | यस गाउँपालिकाको पकेट क्षेत्रका रूपमा गरिएको मौरी उत्पादनको प्रतीक। |

| सि.नं. | चिन्ह / विषय | सन्दर्भ / अर्थ |
|---|---|---|
| १२ | चापी | यहाँको मौलिक उत्पादन लोपोन्मुख बगनासे चापीको प्रतीक। |
| १३ | महिला पुरुषको हात | सहकार्य, समन्वय, सद्भाव, संरक्षण र सहकारीताको प्रतीक। |
| १४ | नामहरू | गाउँपालिका, जिल्ला, प्रदेश र देशको नाम। |
| १५ | मकैको नौ जोडी घुँगा | यस क्षेत्रमा बढि उत्पादन हुने मुख्य बाली तथा वडाहरूको प्रतीक। |
| १६ | धानको नौ जोडी बाला | यस क्षेत्रमा बढि उत्पादन हुने मूख्य बाली तथा वडाहरूको प्रतीक। |
| १७ | पुस्तक र दीयो | सचेतना, भरोसा, प्रगति, शान्ति र समृद्धिको प्रतीक। |
| १८ | ढाका र करुवा | पाल्पा जिल्लाकै मूख्य पहिचानको प्रतीक। |
| १९ | रङ्गहरू | • निलो - स्वतन्त्रताको प्रतीक। |
| | | • हरियो - सुरक्षा र स्वच्छ वातावरणको प्रतीक। |
| | | • पहेलो - आशा/भक्ति र उत्पादनशील क्षेत्रको प्रतीक। |
| | | • सेतो - सफा र सकारात्मक सोंचको प्रतीक। |

## बगनासकाली गाउँपालिका, पाल्पाको

# निशाना छाप(प्रतीक चिन्ह/लोगो) निर्माणको सिलसिला

| सि. नं. | मिति | विवरण / क्रियाकलापहरू |
|---|---|---|
| ०१ | २०७८।०४।२१ | कार्यालयमा अनौपचारिक छलफल। |
| ०२ | २०७८।०४।२५ | १०९ औ कार्यपालिका बैठकमा निर्णय। |
| ०३ | २०७८।०४।२७ | निर्णयानुसार १५ दिनको सूचना जारी। |
| ०४ | २०७८।०५।१० | लोगोको नमूनासहित ७ वटा निवेदन प्राप्त। |
| ०५ | २०७८।०५।१७ | ३ वटा निवेदनको संक्षिप्त सूची सार्वजनिक।<br>(दर्लम महाकाली मिडिया, फत्त सिंजाली र टौवा क्रियसन) |
| ०६ | २०७८।०६।२० | परिमार्जित लोगोहरू १११ औं कार्यपालिका बैठकमा प्रस्तुत। |
| ०७ | २०७८।०६।२२ | ३ वटामध्ये दर्लम महाकाली मिडिया छनौट। |
| ०८ | २०७८।०६।२५ देखि २०७८।०८।१३ सम्म | थप परिमार्जनका लागि पटक पटक प्रत्यक्ष अप्रत्यक्ष रूपमा छलफल, भेटघाट र परामर्श तथा सुझावहरू संकलन। |
| ०९ | २०७८।०८।१४ | ११३ औ कार्यपालिका बैठकमा अनुमोदन। |
| १० | २०७८।०८।२२ | प्रथम चौमासिक समीक्षाका अवसरबाट लोगो प्रयोग गर्न शुरु। |
| ११ | २०७८।०८।२३ देखि २०७८।०९।१७ सम्म | विभिन्न क्षेत्रका व्यक्तित्व महानुभावहरूबाट गाउँपालिकाको समग्र पहिचानका विषयमा सकारात्मक प्रतिक्रियाहरू प्राप्त। |
| १२ | २०७८।०९।२० | प्रतिक्रियालाई ग्रहण गर्दै आइटीए डिजाइनरको सहयोगमा सकारात्मक सुझावहरू समावेश गरी औपचारिक रूपमा प्रयोग गर्दै सार्वजनिक। |

# विभिन्न अवस्थाका तस्वीरहरू






















# विभिन्न गतिविधिका तस्वीरहरू























# तस्वीरमा विभिन्न योजना तथा अनुगमन





# विभिन्न स्थानका तस्वीरहरू









# विभिन्न क्षेत्रका योजनाहरू

# विभिन्न अवस्थाका तस्वीरहरू









# विभिन्न अवस्थाका तस्वीरहरु
















## प्रस्तावित बगनासकाली गाउँपालिकाको प्रशासकीय कार्यालय भवन



# सामाजिक सुरक्षा भत्ताको मासिक दर



ज्येष्ठ नागरिक
(७० बर्ष उमेर पुगेका)
रू ४०००/-



क्षेत्र तोकिएका/दलित ज्येष्ठ नागरिक
रू २६६०/-



एकल महिला
रू २६६०/-



विधवा
रू २६६०/-



पूर्ण अपाङ्गता
रू ३९९०/-



अति अशक्त अपाङ्ग
रू २१२८/-



लोपोन्मुख आदिवासी जनजाति
रू ३९९०/-



बालबालिका
(देशभरका तोकिएको क्षेत्रका तथा दलित परिवारका एउटै आमाका दुई जना ५ वर्ष मुनिका)
रू ५३२/-